# 'फर्किएर हेर्दा' कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन

चम्पादेवी खनाल

परीक्षा क्रमाङ्क : २०४०११७/२०६६

त्रि.वि. दर्ता नं. : ५८३३३-८८

क्याम्पस रोल नं. : ६४

नेपाली शिक्षाका स्नातकोत्तर उपाधिका निम्ति प्रस्तुत शोधपत्र

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय,

नेपाली शिक्षा विभाग

कनकाई बहुमुखी क्याम्पस

सुरुङ्गा, झापा

सन् २०१९/२०७५

# प्रतिबद्धता पत्र

प्रस्तुत *'फर्किएर हेर्दा' कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र मैले सम्बन्धित पक्षमा गहन अध्ययन गरी तयार पारेकी हुँ । यसमा भएका तथ्य सबै प्रामाणिक हुन् । यो मेरो मौलिक प्रस्तुति हो । अन्यथा भएमा म कानुनअनुसार दण्डित हुन तयार छु ।


शोधार्थी

चम्पादेवी खनाल

परीक्षा क्रमाङ्क : २०४०११७/२०६६

त्रि.वि. दर्ता नं. : ५८३३३-८८

त्रि.वि.बाट सम्बन्धन प्राप्त
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.
मिति :.............................

## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली शिक्षा विषयको पाठ्यांश नेपाली शिक्षा ५९८ को प्रयोजनका लागि प्रस्तुत *'फर्किएर हेर्दा' कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको यो शोधपत्र यस क्याम्पसकी शोधार्थी श्री चम्पादेवी खनालले मेरा निर्देशनमा अत्यन्त मिहिनेत र परिश्रमपूर्वक तयार पार्नुभएको हो । यस शोधकार्यसँग म पूर्ण सन्तुष्ट भएकाले शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

सन् / /२०१९
(वि.सं.२०७५/ / )

सहायक.प्रा.तेजप्रसाद खनाल
शोध निर्देशक
नेपाली शिक्षा विभाग
श्री कनकाई बहुमुखी क्याम्पस,
सुरुङ्गा, झापा

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले शिक्षा शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको शोधपत्रको प्रयोजनका निम्ति तयार पारेकी हुँ । प्रस्तुत शोधपत्रलाई यो स्वरूपमा ल्याउने क्रममा मेलै मेरा श्रद्धेय गुरुहरूको आशीर्वाद साथै धेरै सहयोगी मित्रहरूका सहयोग प्राप्त गरेकी छु ।

आफ्ना समस्याहरू बीच अति नै ब्यस्त समयमा पनि यस शोधपत्रको शीर्षक चयन, शोधप्रस्ताव लेखन तथा शोधपत्रको अन्तिम स्वरूप दिने समयसम्म आवश्यक सुझाव, प्रेरणा दिई कुशल निर्देशन दिनु हुने मेरा शोध निर्देशक आदरणीय गुरु सहायक प्राध्यापक तेजप्रसाद खनालप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । समयमै शोधप्रस्ताव स्वीकृत गरी शोध कार्य थालनी गर्न सहयोग पुऱ्याउने नेपाली शिक्षा विभागप्रति पनि आभार व्यक्त गर्दछु ।

यस शोध कार्यमा आवश्यक सल्लाह सुझावहरू दिने मेरा आदरणीय गुरुहरू सहप्राध्यापक श्री जीवनाथ सुवेदी, उपप्राध्यापक विष्णुप्रसाद कोइराला र उप प्राध्यापक सेरबहादुर बानियाँप्रति म कृतज्ञ छु । साथै फर्किएर हेर्दा कथासङ्ग्रहका सर्जक आदरणीय दाइ विनोद खनालज्यू प्रति आभार व्यक्त गर्दछु ।

मेरो यस शोधकार्यमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने मेरा भाइहरू नारायण भट्टराई र कमल भट्टराई धन्यवादको पात्र हुनुहुन्छ । शोधकार्यमा आफ्नो अमूल्य समय दिई सहयोग गर्नु हुने प्यारागन एकेडेमीका इन्चार्ज श्री गुरूप्रसाद पौडेललाई पनि धन्यवाद! दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग कनकाई बहुमुखी क्याम्पस समक्ष प्रस्तुत गर्दछु ।

चम्पादेवी खनाल

# शोधसार


शोध शीर्षक : 'फर्किएर हेर्दा' कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन'

शोधार्थी : चम्पादेवी खनाल

शोध निर्देशक : स.प्रा. तेजप्रसाद खनाल

विभाग/क्याम्पस : त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, कनकाई बहुमखी क्याम्पस, सुरुङ्गा, झापा

शैक्षिक वर्ष : २०७५

**शोधको उद्देश्य**

क कथावस्तु र पात्रका आधारमा 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये निर्धारित कथाहरूको विश्लेषण गर्नु ,

ख. चयन, विचलन तथा समानान्तरताका आधारमा उक्त कथाहरूको विश्लेषण गर्नु ।

**शोधको सीमाङ्कन**

(क) 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये चोर, प्रयत्न, श्रद्धा सुमन, फर्किएर हेर्दा, उर्लिएको तरङ्ग , सार्थक सपना र आड भरोसा गरी ७ वटा कथाहरूको मात्र कथावस्तु र चरित्रका आधारमा अध्ययनलाई केन्द्रित गरिएको छ ।

(ख) चयन, विचलन र समानान्तरताका आधारमा उक्त कथाहरूको अध्ययन, विश्लेषण गरिएको छ ।

**शोधप्रक्रिया**

'फर्किएर हेर्दा' कथासङ्ग्रह झापाली स्रष्टा कथाकार विनोद खनालद्वारा लेखिएको सामाजिक यथार्थवादी, मनोवैज्ञानिक, प्रयोगवादी कथाहरू समाविष्ट एक उत्कृष्ट कथासङ्ग्रह  हो । २२ वटा कथाहरू र पाँच लघुकथाहरू समावेश गरिएको उनको 'फर्किएर हेर्दा कथासङ्ग्रह को  शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा चोर, प्रयत्न, श्रद्धा सुमन, फर्किएर हेर्दा, उर्लिएको तरङ्ग , सार्थक सपना र आड भरोसा गरी ७ वटा कथाहरूको कथानक र पात्रका आधारमा शैलीवैज्ञानिक अध्ययन विश्लेषण

र शैलीविज्ञानका प्रमुख मान्यताहरू चयन, विचलन र समानान्तरताका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्र 'फर्किएर हेर्दा' कथासङ्गहको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा पहिलो अध्यायमा शोधको परिचय अन्तर्गत विषयप्रवेश, समस्याकथन, शोधकार्यको उद्देश्य, अध्ययनको औचित्य र महत्व अध्ययनको सीमाङ्कन तथा अध्ययनको रूपरेखा प्रस्तुत गरिएको छ । यस शोधपत्रको दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखालाई प्रस्तुत गरिएको छ ।

तेस्रो अध्याय शोधकार्यको विधि र प्रक्रिया उल्लेख गरिएको छ । यो शोधकार्य गर्दा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ भने अनुसन्धानका निम्ति प्राथमिक स्रोतका रूपमा 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूलाई लिइएको छ । अन्य विभिन्न पत्रपत्रिकामा प्रकाशित समीक्षात्मक लेख र विभिन्न शोधपत्रहरूलाई द्वितीय स्रोतका रूपमा लिइएको छ ।

शोधको चौथो अध्यायमा कथानक र  पात्रका आधारमा आधारमा 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट चोर, प्रयत्न, श्रद्धा सुमन, फर्किएर हेर्दा, उर्लिएको तरङ्ग, सार्थक सपना र आड भरोसा कथाहरूको शैलीवैज्ञानिक विश्लेषण गरिएको छ । शैलीवैज्ञानिक अध्ययनको क्रममा उपर्युक्त कथाहरूको कथानकको तथ्याङ्कलाई बुँदागत रूपमा प्रस्तुत गर्दै फेटागको कथानक विश्लेषण सिद्धान्त अनुसार विश्लेषण गर्ने प्रयास गरिएको छ । उक्त कथाहरूमा भएका पात्रहरूलाई शैलीवैज्ञानिक तालिकाद्वारा प्रष्ट पारिएको छ । यसै अध्यायमा भाषाको आधारमा शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ । सो क्रममा चयनका आधारमा तत्सम, तद्भव र आगन्तुक तीन ओटै स्रोतबाट आएका शब्दहरूको चयन गरिएको छ । शब्दवर्गको आधारमा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, विस्मयादिबोधक, निपात र संयोजकको चयन गरिएको छ । उपर्युक्त कथाहरूमा प्रयुक्त विचलन अन्तर्गत व्याकरणिक, ध्वनिप्रक्रियात्मक र अर्थतात्विक विचलनको अध्ययन विश्लेषण गरिएको छ भने समानान्तरता अन्तर्गत आन्तरिक र बाह्य समानान्तरताको पनि अध्ययन विश्लेषण गरिएको छ ।

# संक्षिप्त शब्दसूची

| संक्षिप्त रूप | पूरा रूप |
|---|---|
| क्र.स. | क्रम सङ्ख्या |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नेपा.शि. | नेपाली शिक्षा |
| नं. | नम्बर |
| ने.रा.प्र.प्र | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ.सं. | पृष्ठ सङ्ख्या |

# विषयसूची


| शीर्षक | पृ.सं. |
| --- | --- |
| अध्याय : एक | |
| विषय प्रवेश/ अध्ययनको पृष्ठभूमि | १ |
| समस्याकथन | २ |
| शोधकार्यको उद्देश्य | २ |
| अध्ययनको औचित्य/महŒ/उपादेयता | ३ |
| अध्ययनको सीमाङ्कन | ३ |
| अध्याय : दुई | |
| पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा | |
| पूर्वकार्यको समीक्षा | ४ |
| पूर्वकार्यको समीक्षाको उपयोगिता | ८ |
| सैद्धान्तिक रूपरेखा | ८ |
| शैलीको परिचय | ८ |
| शैलीविज्ञानको परिचय | १० |
| शैलीविज्ञानको पृष्ठभूमि | १२ |
| पूर्वीय पृष्ठभूमि | १२ |
| पाश्चात्य पृष्ठभूमि | १४ |
| शैलीविज्ञानको सैद्धान्तिक स्वरूप | १६ |
| शैलीवैज्ञानिक समालोचनाको तहहरू | १७ |
| कृतिविश्लेषणको शैलीवैज्ञानिक सैद्धान्तिक आधार | १८ |
| साहित्यिक संरचना | २० |
| बनोट | २० |
| बुनोट | २० |
| शैली | २० |
| सारांश | २० |

## अध्याय : तीन


| | |
|---|---|
| शोध विधि | २६ |
| अनुसन्धानात्मक ढाँचा | २६ |
| अध्ययन विधि/पद्धति | २७ |


## अध्याय : चार


| | |
|---|---|
| व्याख्या विश्लेषण | २८ |
| 'फर्किएर हेर्दा' कथासङ्ग्रहको निर्धारित कथाहरूको विश्लेषण | २८ |
| कथानक | २८ |
| कथानकको विकासक्रम | २८ |
| 'चोर' कथाको विश्लेषण | २९ |
| 'प्रयत्न' कथाको विश्लेषण | ३१ |
| 'श्रद्धा सुमन' कथाको विश्लेषण | ३३ |
| 'फर्किएर हेर्दा' कथाको विश्लेषण | ३४ |
| 'उर्लिएको तरङ्ग' कथाको विश्लेषण | ३६ |
| 'सार्थक सपना' कथाको विश्लेषण | ३८ |
| 'आड भरोसा' कथाको विश्लेषण | ४० |
| पात्रका आधारमा 'फर्किएर हेर्दा' कथासङ्ग्रहको कथाहरूको विश्लेषण | ४२ |
| चयनका आधारमा 'फर्किएर हेर्दा' कथासङ्ग्रहको विश्लेषण | ४७ |
| शब्दचयन | ४८ |
| तत्सम शब्दचयन | ४८ |
| तद्भव शब्दचयन | ५० |
| आगन्तुक शब्दचयन | ५२ |
| झर्रा तथा अनुकरणात्मक शब्दचयन | ५४ |
| नामपदको चयन | ५५ |
| सर्वनाम पदको चयन | ५६ |
| विशेषणको चयन | ५८ |
| क्रियापदको चयन | ५९ |

क्रियाविशेषणको चयन ६१
नामयोगीको चयन ६२
निपातको चयन ६४
संयोजकको चयन ६५
द्वित्व शब्दचयन ६७
विस्मयादिबोधक चिन्ह (!) को प्रयोग ६८
विचलन र समानन्तरताका आधारमा 'फर्किएर हेर्दा' कथासङ्ग्रहको विश्लेषण ७०
विचलन ७०
कोशीय विचलन ७०
व्याकरणिक विचलन ७०
ध्वनिप्रक्रियात्मक विचलन ७२
अर्थतात्त्विक विचलन ७३
समानान्तरता ७५
वाह्य समानान्तरता ७५
आन्तरिक समानान्तरता ७६
अध्याय : छ
निष्कर्ष तथा उपसंहार ७९
अध्ययनको उपयोगिता ८०
भावी अनुसन्धान पक्ष ८०
सन्दर्भग्रन्थ सूची

# तालिका सूची


| तालिका शीर्षक | पृ.सं. |
| --- | --- |
| १. शैलीविज्ञानको सैद्धान्तिक स्वरूप | १६ |
| २. शैलीविज्ञानको सैद्धान्तिक स्वरूप | १७ |
| ३. कृतिविश्लेषणको शैलीवैज्ञानिक सैद्धान्तिक आधार | १९ |
| ४.कथानकको विकासक्रम | २८ |
| ५.कथानकको विकासक्रम | २९ |
| ६.'चोर' कथाका पात्रपात्रा | ४४ |
| ७.'प्रयत्न' कथाका पात्रपात्रा | ४४ |
| ८.'श्रद्धा सुमन' कथाका पात्रपात्रा | ४५ |
| ९.'फर्किएर हेर्दा' कथाका पात्रपात्रा | ४५ |
| १०.'उर्लिएको तरङ्ग' कथाका पात्रपात्रा | ४६ |
| ११.'सार्थक सपना' कथाका पात्रपात्रा | ४६ |
| १२.'आड भरोसा' कथाका पात्रपात्रा | ४७ |
| १३. आन्तरिक समानान्तरता | ७७ |

# अध्ययनको रूपरेखा

अध्याय एक : विषय प्रवेश/ अध्ययनको पृष्ठभूमि

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : शोध विधि

अध्याय चार : व्याख्या विश्लेषण

'फर्किएर हेर्दा' कथासङ्ग्रहको निर्धारित कथाहरूको विश्लेषण

पात्रका आधारमा 'फर्किएर हेर्दा' कथासङ्ग्रहको कथाहरूको विश्लेषण

चयनका आधारमा 'फर्किएर हेर्दा' कथासङ्ग्रहको विश्लेषण

विचलन र समानन्तरताका आधारमा 'फर्किएर हेर्दा' कथासङ्ग्रहको विश्लेषण

अध्याय छ : निष्कर्ष तथा उपसंहार

# अध्याय-एक

## विषय प्रवेश/अध्ययनको पृष्ठभूमि

कुनै पनि नयाँ कुराको खोजी गर्नु वा पुरानो कुराको पुनरावलोकन तथा पुनर्व्याख्या गर्ने कार्यलाई अनुसन्धान भनिन्छ । भाषाका सम्बन्धमा नयाँ कुराको खोजी गर्न भाषाको इतिहास, प्रयोग र उपलब्धिबारे व्याख्या, विश्लेषण गरी नवीन तथ्य पहिल्याउन गरिएको शोधकार्यलाई भाषिक अनुसन्धान भनिन्छ (भट्टराई : २०६५: १) । यस अन्तर्गत भाषा, भाषिका, भाषाविज्ञान, भाषाशिक्षण, भाषिक प्रयोग, भाषाको इतिहास, भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक, शिक्षण विधि तथा प्रक्रिया, मूल्याङ्कन प्रक्रिया, त्रुटि विश्लेषण, व्यतिरेकी विश्लेषण, तुलनात्मक अध्ययन, शब्दभण्डार, व्याकरण, शब्दकोश, वर्णविन्यास, शैलीवैज्ञानिक, सङ्कथन विश्लेषण आदिजस्ता क्षेत्रसँग सम्बन्धित अध्ययन अनुसन्धान गर्न सकिन्छ ।

'शैलीको विज्ञान'बाट शैलीविज्ञान बनी समस्त शब्दको निर्माण भएको बुझिन्छ । जसको समान्य अर्थ शैलीको अध्ययन गर्ने विज्ञान हुन्छ भने विशिष्ट रूपमा शैली विज्ञानले भाषाको माध्यमबाट गरिने वस्तुनिष्ठ समालोचना प्रणालीलाई जनाउँछ, जसले साहित्यिक सौन्दर्यको खोजी गरेको हुन्छ (भण्डारी :२०६७:२३) । भाषाविज्ञानले सामान्य भाषा झैं साहित्यिक भाषालाई पनि भाषाको एक प्रकार मानेपछि साहित्यिक भाषाको विश्लेषणका लागि शैलीविज्ञानको उत्पति भएको देखिन्छ । शैलीविज्ञान भाषाविज्ञान र काव्यशास्त्रको सङ्गमस्थल मानिन्छ । अर्थात् यसलाई भाषा र कलाको समन्वित शास्त्र वा विज्ञान मानिन्छ ।

शैलीविज्ञान साहित्य समालोचनाको नवीनतम, वस्तुनिष्ठ, प्रायोगिक, भाषापरक, वैज्ञानिक र सिर्जनात्मक विधि तथा पद्धति दुवै हो । यसले वस्तुपरक दृष्टि र व्यवस्थित ढङ्गबाट साहित्यिक कृतिको भाषिक तथा यथार्थवादी मूल्याङ्कन गर्छ र त्यसमा अन्तर्निहित कलात्मक सौन्दर्यको उद्घाटन गर्छ (शर्मा, २०५९ : १९०) ।

यही शैलीवैज्ञानिक सिद्धान्तका आधारमा झापाली स्रष्टा विनोद खनालको पछिल्लो कृति 'फर्किएर हेर्दा' कथासङ्ग्रहको कथाहरूको अध्ययन विश्लेषण यस शोधपत्रमा गरिएको छ । वि.सं. २०७४ मा प्रकाशित उक्त कथासङ्ग्रह कथाकार खनालको दोस्रो कथासङ्ग्रह हो । यस कथामा छोटा र मझौला गरी २३ कथाहरू रहेका छन् । सबै कथाहरूको शैलीवैज्ञानिक अध्ययन व्यापक हुने र सूक्ष्म अध्ययन गर्न गाह्रो हुने भएकाले चोर, प्रयत्न, श्रद्धा सुमन, फर्किएर हेर्दा, उर्लिएको तरङ्ग, सार्थक सपना र आड भरोसा गरी जम्मा ७ ओटा कथाहरूको मात्र शैलीवैज्ञानिक अध्ययन विश्लेषण

गरिएको छ । तसर्थ प्रस्तुत कथासङ्ग्रहमा रहेका उक्त ७ ओटा कथाहरूमा प्रस्तुत भाषिक शैली शिल्प पक्ष नै यस अध्ययनको पृष्ठभूमि रहेको छ ।

## समस्याकथन

समस्याकथन अध्ययन अनुसन्धानको विशिष्ट कार्य हो । अनुसन्धान कार्यको सिलसिलामा 'समस्या' भन्नाले अनुसन्धेय समस्या अथवा अनुसन्धानको विषयवस्तु भन्ने बुझ्नुपर्छ (बन्धु, २०६५ : १७) । चयन गरिएको शोधशीर्षक अन्तर्गत मुख्य-मुख्य समस्या वा प्रश्नहरू र तिनका सम्भावित समाधान वा उत्तरहरू नै समस्याकथन हो (शर्मा र लुइँटेल, २०५२ : २५) । त्यसैले अनुसन्धेय विषयवस्तु नै समस्याको रूपमा रहेको हुन्छ भने समस्याको समाधान गर्नु अनुसन्धानको उद्देश्य हो । प्रस्तुत शोधको समस्या झापाली कथाकार विनोद खनालको *'फर्किएर हेर्दा' कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन* गर्नु रहेको छ । यस कथासङ्ग्रहमा समावेश गरिएका कथाहरूको लेखनशैली, भाषिक प्रयोग, वाक्यगठन, रचनाशिल्प, संरचना, विषयवस्तु आदिका आधारमा हालसम्म कुनै अध्ययन, विश्लेषण भएको छैन । अतः उक्त कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु यो अध्ययनको प्रमुख समस्या हो । विशेष गरी यो अध्ययन 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूको निम्न समस्यामा केन्द्रित रहेको छ :

क. कथावस्तु र पात्रका आधारमा 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये चोर, प्रयत्न, श्रद्धा सुमन, फर्किएर हेर्दा, उर्लिएको तरङ्ग , सार्थक सपना र आड भरोसा शीर्षक कथाहरू के-कस्ता छन् ?

ख. चयन, विचलन र समानान्तरताका आधारमा उक्त कथाहरू के-कस्ता छन् ?

## शोधकार्यको उद्देश्य

कुनै पनि कार्य निश्चित उद्देश्यमा केन्द्रित हुन्छ । उद्देश्यबिना कुनै पनि कार्य सम्पन्न गर्न सकिदैन । त्यसैले अध्ययन अनुसन्धान गर्नु अघि समस्याको पहिचान गरी उद्देश्य निर्धारण गर्नुपर्छ । प्रस्तुत *'फर्किएर हेर्दा कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन'* शीर्षकको शोध कार्यको निम्न उद्देश्यहरू रहेका छन् :

क कथावस्तु र पात्रका आधारमा 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये निर्धारित कथाहरूको विश्लेषण गर्नु ,

ख. चयन, विचलन तथा समानान्तरताका आधारमा उक्त कथाहरूको विश्लेषण गर्नु ।

## अध्ययनको औचित्य/महत्व/उपादेयता

कुनै पनि साहित्यिक कृतिको वस्तुगत र भाषिक अध्ययनका लागि शैलीवैज्ञानिक अध्ययनको आवश्यकता पर्दछ । यसले साहित्यिक कृतिको भाषिक पक्षको भाषावैज्ञानिक अध्ययन विश्लेषण गर्दछ । शैलीविज्ञानले साहित्यिक भाषाको माध्यमबाट कृतिको वस्तुगत मूल्याङ्कन गर्दछ । यो साहित्यिक कृतिको संरचना, बुनोट, बनोट आदिको विश्लेषणसँग सम्बन्धित भएकाले भाषाका माध्यमबाट कृतिमा अन्तर्निहित कला सौन्दर्य तथा साहित्यिकताको समेत उद्घाटन गर्ने काम शैलीविज्ञानले गर्दछ । शैलीविज्ञानले साहित्यकारका शैलीगत विशिष्टताको भाषातात्त्विक विश्लेषणसमेत गर्दछ । शैलीवैज्ञानिक ढङ्गले कृतिको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरेको खण्डमा बाह्य प्रभावका आधारमा मात्र रचनाको मूल्याङ्कन नगरी आन्तरिक तहसम्म पुगेर कृतिभित्रका कुराहरूलाई विश्लेषण गर्न सकिने हुनाले संगठित, व्यवस्थित र वस्तुगत अध्ययन विश्लेषणका लागि शैलीवैज्ञानिक अध्ययनको महत्त्व रहेको देखिन्छ । 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूको सम्बन्धमा सामान्य समीक्षात्मक टीका टिप्पणी भए पनि यसको विस्तृत अध्ययन, विश्लेषण भएको छैन । त्यसैले यस कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू चोर, प्रयत्न, श्रद्धा सुमन फर्किएर हेर्दा, उर्लिएको तरङ्ग, सार्थक सपना र आड भरोसा शीर्षक कथाहरूलाई वैज्ञानिक, वस्तुगत र व्यवस्थित अध्ययन, विश्लेषणका लागि यो शैलीवैज्ञानिक अध्ययन औचित्यपूर्ण हुने छ ।

## अध्ययनको सीमाङ्कन

अध्ययन अनुसन्धानको क्षेत्र व्यापक हुन्छ । अध्ययनमा सम्बद्ध विषय शीर्षकले ओगट्ने सम्पूर्ण पक्षको एकैचोटि अध्ययन गर्न गाह्रो हुने भएकाले अध्ययनलाई सूक्ष्म र विशिष्ट बनाउन निश्चित सीमामा बाँध्नुपर्ने हुन्छ । त्यसैले प्रस्तुत *फर्किएर हेर्दा* कथा सङ्ग्रहलाई निम्न सीमामा रहेर अध्ययन गरिएको छ ।

(क) 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरू मध्ये चोर, प्रयत्न, श्रद्धा सुमन, फर्किएर हेर्दा, उर्लिएको तरङ्ग , सार्थक सपना र आड भरोसा गरी ७ वटा कथाहरूको मात्र कथावस्तु र चरित्रका आधारमा अध्ययनलाई केन्द्रित गरिएको छ ।

(ख) चयन, विचलन र समानान्तरताका आधारमा उक्त कथाहरूको अध्ययन, विश्लेषण गरिएको छ ।

# अध्याय-दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## पूर्वकार्यको समीक्षा

नेपाली भाषाका विविध क्षेत्रहरूका अध्ययन सम्बन्धी शोधकार्यहरूको सुरुआत वि.सं. २०१६ मा त्रिभुवन विश्वविद्यालयको स्थापना र वि.सं. २०३९ देखि स्नातकोत्तर तहको पठनपाठनको शुभारम्भ भएपछि वर्तमान समयसम्म मानविकी तथा सामाजिक शास्त्र एवम् शिक्षाशास्त्र सङ्काय अन्तर्गत भएको पाइन्छ । मानविकी तथा सामाजिक शास्त्रतर्फ भएका भाषिक अनुसन्धानहरू बढी मात्रामा साहित्यतर्फ उन्मुख छन् भने शिक्षाशास्त्र सङ्कायतर्फ बढीजसो भाषाशिक्षण सम्बन्धी अनुसन्धानहरू भएका छन् । कृति विश्लेषण अन्तर्गत शैलीवैज्ञानिक तथा सङ्कथन विश्लेषणसँग सम्बन्धित शोधकार्यहरू बढी मात्रामा शिक्षाशास्त्र संकायमा गरिएको पाइन्छ ।

एम. एड. नेपाली प्रयोजनकै लागि कृतिपरक अध्ययनका सम्बन्धमा थुप्रै शोधहरू भएको पाइन्छ । यस अन्तर्गत हालसम्म उपन्यास, गीतिनाटक, नाटक, खण्डकाव्य, निबन्ध सङ्ग्रह तथा कथाको शैलीवैज्ञानिक अध्ययन भएको पाइन्छ । हालसम्म भएका अध्ययनहरूलाई हेर्दा सबैभन्दा बढी उपन्यासको शैलीवैज्ञानिक अध्ययन भएको पाइन्छ । उपन्यासको शैलीवैज्ञानिक अध्ययन दुर्गाप्रसाद खनाल (वि.सं.२०५८), बाट 'नरेन्द्रदाइ', नीलमणि ढुङ्गेल (वि.सं. २०६१) बाट 'शिरिषको फूल', राजेन्द्र खनाल (वि.सं. २०६१) बाट 'मुगलान', टीकानाथ पौड्याल (वि.सं. २०६२) बाट 'रूपमती', पदमप्रसाद विमली (वि.सं. २०६५) बाट 'समानान्तर आकाश' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । त्यसै गरी तीर्थकुमारी गौतम (वि.सं. २०६२) बाट 'अश्वत्थामा' गीतिनाटक , वीरेन्द्र पुडासैनी (वि.सं. २०६२) बाट 'राजेश्वरी' खण्डकाव्य, दीपिका शर्मा (वि.सं. २०६२) बाट 'भीमसेनको अन्त्य' नाटक, रोहित निरौला (वि.सं.२०६२) बाट 'नासो' कथासङ्ग्रह, रमेश कुमार लुइँटेल (वि.सं.२०६३) बाट 'जयभुँडी' निबन्ध सङ्ग्रह, नारायण भट्टराई (२०६९) बाट 'बाटुली' पत्रकाव्य, नरेन्द्रप्रकाश थापा (वि.सं.२०६९) द्वारा 'अन्तव्यथाः आजको' कथासङ्ग्रहमा समाविष्ट कथाहरू, गीता कुमारी राजवंशी (वि.सं.२०७१) द्वारा 'सङ्कल्प'मा समाविष्ट कथाहरूको शैलीवैज्ञानिक अध्ययन आदि जस्ता शैलीविज्ञानसँग सम्बन्धित अध्ययन अनुसन्धानहरू भएका पाइन्छन् ।

खनाल (२०५८) द्वारा *'नरेन्द्रदाइ' उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकमा गरिएको छ । उक्त अध्ययन नरेन्द्रदाइ उपन्यासको कथानक, पात्र, भाषिक चयन र विचलनका आधारमा विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । प्रस्तुत अध्ययन कार्यमा पुस्तकालयीय विधि अपनाइएको छ । यस

अध्ययनबाट उपन्यासमा तत्सम, तद्भव र आगन्तुक तीनै स्रोतका शब्दहरू र प्रतीकात्मक शब्दहरू प्रयोग भएको, सामान्यार्थ, विध्यर्थ र अनिश्चयार्थ तीन ओटै प्रकृतिका वाक्यको प्रयोग भएको, एक शब्दात्मक कर्ता विहीन क्रिया विहीन एवम् कर्ता र क्रिया विहीन वाक्यको पनि प्रयोग भएको, विस्मय, प्रश्न र विन्दु चिन्हको प्रयोग भएको, प्रशस्त मात्रामा पदक्रम भएको, ध्वनिप्रक्रियात्मक, कोशीय र अर्थतात्त्विक विचलनहरू पनि भएको र आन्तरिक एवम् वाह्य दुवै किसिमको समानान्तरताले उपन्यासको भाषालाई काव्यात्मक र प्रभावकारी बनाएको निष्कर्ष निकालिएको छ ।

सापकोटा (वि.सं.२०५९) द्वारा त्रि.वि. नेपाली भाषा शिक्षा विभाग अन्तर्गत *'माइतघर' उपन्यासको शैलीवैज्ञानिक विश्लेषण* गरिएको पाइन्छ । प्रस्तुत शोधकार्य उपन्यासको कथानक, चरित्र, चयन, विचलन, समानान्तरताका आधारमा विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित देखिन्छ । पुस्तकालयीय पद्धति अपनाई गरिएको अध्ययनमा संरचनात्मक शैलीविज्ञानको विश्लेषणात्मक विधि अँगालिएको पाइन्छ । यस अध्ययनमा भाषिक प्रयोग (चयन) अन्तर्गत शब्दचयन र वाक्यचयन बढी प्रभावकारी रहेको, उखान-टुक्का, निपात, अनुकरणात्मक शब्द, विम्व, प्रतीक एवम् आलङ्कारिक प्रयोगमा उत्कृष्ट र विभिन्न चिन्हहरूको समुचित प्रयोग भएको देखाइएको पाइन्छ । विचलन अन्तर्गत कोशीय, व्याकरणिक, अर्थतात्त्विक र ध्वनि प्रक्रियात्मक विचलन र समानान्तरताको प्रशस्त भएको करुण रस अङ्गी र श्रृङ्गार अङ्ग रसको रूपमा रहेको तथा शब्दालङ्कार र अर्थालङ्कारले उपन्यासलाई आकर्षक तुल्याएको निष्कर्ष निकालिएको पाइन्छ ।

रेग्मी (वि.सं.२०६०) द्वारा महेन्द्र रत्न क्याम्पस ताहाचल नेपाली शिक्षा विभाग अन्तर्गत *'शकुन्तला' गीतिनाटकको शैलीवैज्ञानिक अध्ययन विश्लेषण* गरिएको पाइन्छ । गीतिनाटक र शैलीविज्ञानको सैद्धान्तिक अवधारणा स्पष्ट पार्ने, माधवप्रसाद घिमिरेको नाट्यकारिता निर्धारण गर्ने, शकुन्तला गीतिनाटकको संरचनात्मक तथा शैलीवैज्ञानिक दृष्टिले विश्लेषण गर्ने मुख्य उद्देश्यमा केन्द्रित उक्त शोधमा पुस्तकालयीय विधिको प्रयोग गरिएको पाइन्छ । प्रस्तुत अध्ययनमा तस्सम, तद्भव, झर्रा र आगन्तुक शब्दहरूको समुचित प्रयोग भएको, रैखिक ढाँचामा प्रस्तुत गरिएको यस गीतिनाटकमा अभिधा, लक्षणा र व्यञ्जनात्मक शैलीको प्रयोग भएको निष्कर्ष निकालिएको पाइन्छ । माधवप्रसाद घिमिरेको जीवनीलाई पनि प्रस्तुत गरिएको हुनाले उक्त अध्ययन भाषावैज्ञानिक भन्दा पनि व्यक्तित्व र कृतित्वको अध्ययन जस्तो देखिन्छ ।

गौतम (वि.सं.२०६१) द्वारा *'अश्वत्थामा' गीतिनाटकको शैलीवैज्ञानिक अध्ययन विश्लेषण* गरिएको पाइन्छ । उक्त शोधकार्यमा गौतमले 'अश्वत्थामा' गीतिनाटकको संरचनात्मक र शैलीवैज्ञानिक दृष्टिले विश्लेषण गरेको पाइन्छ । मुख्य रूपमा पुस्तकालयीय विधि र आंशिक रूपमा

मौखिक वार्तालाप विधिको प्रयोग गरी तयार पारिएको यस शोधमा गीतिनाटकको सैद्धान्तिक पक्षको चर्चा गर्नुका साथै तत्त्वगत तथा शैलीवैज्ञानिक मान्यताका आधारमा विश्लेषण गरिएको पाइन्छ । शब्दचयन (तत्सम, तद्भव, आगन्तुक) नाम, सर्वनाम, विशेषण, क्रिया, निपात संयोजकको चयन र विभिन्न विराम चिन्हहरूको समेत चयनका आधारमा विवेचना गरिएको पाइन्छ । विचलनका र समानान्तरताका आधारमा सोदाहरण विश्लेषण गरिएको पाइन्छ । शिक्षा शास्त्रीय दृष्टिले यस गीतिनाटकको उपयोगिताबारे आफ्नो विचार समेत प्रस्तुत गरिएको उक्त शोधमा अश्वत्थामा गीतिनाटक शैलीवैज्ञानिक दृष्टिले उत्कृष्ट र स्तरीय देखाइएको पाइन्छ ।

पुडासैनी (वि.सं. २०६२) द्वारा *'राजेश्वरी' खण्डकाव्यको शैलीवैज्ञानिक अध्ययन* गरिएको पाइन्छ । उक्त अध्ययन शैलीविज्ञानको सैद्धान्तिक अवधारणाको चर्चा गर्ने, कथानक, पात्र, दृष्टिविन्दु, उद्देश्य, चयन, विचलन र समानान्तरताका आधारमा राजेश्वरी खण्डकाव्यको विश्लेषण गर्ने मुख्य उद्देश्यमा केन्द्रित रहेको देखिन्छ । यस शोधमा ऐतिहासिक विषयवस्तु रहेको राजेश्वरी खण्डकाव्यको कथानक आदि, मध्य र अन्त्यको श्रृङ्खलामा राम्ररी मिलेको, कथानक कारुणिक रहेको, तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको निष्कर्ष निकालिएको पाइन्छ । चयन अन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रिया, नामयोगी, क्रियायोगी, अनुकरणात्मक शब्द, निपात आदि विभिन्न शब्दहरूको उपयुक्त एवम् सार्थक चयन भएको, विचलन अन्तर्गत पदक्रम, ध्वनि प्रक्रियात्मक, अर्थतात्त्विक विचलन प्रमुख रूपमा देखाइएको पाइन्छ । आन्तरिक तथा बाह्य समानान्तरताको प्रयोग प्रशस्त देखाइएको उक्त शोधमा उपमा, रूपक, अलङ्कार र प्रतीकहरूको चर्चा गरिएको भए पनि छन्दको बारेमा उल्लेख गरिएको पाइँदैन ।

विमली (वि.स. २०६५) द्वारा *'समानान्तर आकाश' उपन्यासको शैलीवैज्ञानिक अध्ययन* भएको पाइन्छ । उक्त शोध त्रि.वि. शिक्षा शास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनको लागि तयार पारिएको हो । प्रस्तुत अध्ययन कार्य 'समानान्तर आकाश' उपन्यासको कथावस्तु, पात्र, चयन, विचलन र समानन्तरताका आधारमा उपन्यासको विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । यसमा पुस्तकालयीय विधि अँगालिएको छ । यस अध्ययनबाट उपन्यासमा तत्सम, तद्भव र आगन्तुक शब्द, विशिष्ट भाषिक प्रयोग वा प्रतीकात्मक शब्द, झर्रा शब्द, अनुकरणात्मक शब्द, नाम, सर्वनाम, विशेषण, निपात आदि शब्दहरूको उपयुक्त ढङ्गले चयन गरिएको र व्याकरणिक, कोशीय, अर्थतात्त्विक, ध्वनिप्रक्रियात्मक विचलनको प्रयोग भएको निष्कर्ष निकालिएको छ ।

भट्टराई (२०६९) द्वारा *'बाटुली' पत्रकाव्यको शैलीवैज्ञानिक अध्ययन* गरिएको छ । तत्त्व, शैलीगत मान्यता तथा शैलीगत विशिष्टताका आधारमा विश्लेषण गरी केलाउने प्रयास गरिएको छ । विशिष्ट पङ्तिहरूमा रहेका स्वनिमहरूको आवृत्ति गणना गरी प्राणत्व तथा घोषत्वका आधारमा समेत स्वनिमहरूको विश्लेषण गरी काव्यका भावहरू सघन रूपमा अभिव्यञ्जित भएको निष्कर्ष निकालिएको छ ।

थापा (२०७२) द्वारा *'अन्तर्व्यथा' आजको कथा सङ्ग्रहमा समाविष्ट कथाहरूको शैलीवैज्ञानिक अध्ययन* गरिएको पाइन्छ । उक्त अनुसन्धानमा कथाहरूको लेखन शैली, भाषिक प्रयोग, रचनाशिल्प, संरचना आदिका आधारमा अध्ययन गरिएको पाइन्छ । कथावस्तु र पात्र, चयन, विचलन र समानान्तरताका उक्त कथाहरूको कथाहरूको विश्लेषण गरिएको पाइन्छ ।

भट्टराईद्वारा जन आन्दोलन साप्ताहिक (वर्ष २०, अंक १६, वि.सं. २०७५ साउन २२ गते मंगलबार) मा *फर्किएर हेर्दा कथासङ्ग्रहभित्र छिर्दा* शीर्षकमा प्रस्तुत कथासङ्ग्रहको विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा सामाजिक विषयवस्तुको प्रधानता पाइए तापनि बालमनोविज्ञानको अलि बढी प्रयोग र राजनीतिक, सांस्कृतिक लगायत अरु मानवेत्तर पक्षले भरिएको निकै उन्नत कथासङ्ग्रहको रूपमा चिनाइएको पाइन्छ । यस अध्ययनको सीमामा परेका कथाहरूलाई हेर्दा चोर कथामा गरिवीको पीडाले सताइएका मानवीय चरित्रहरू गाउँको परिवेशमा अन्नपात नगदेबाली, आफ्नो पेटका लागि चोर्ने र ठूला अधिकारवाला तथा सत्तामा हालीमुहाली गर्नेहरू पनि पेटलाई नै आधार बनाई स्वाभिमान र इज्जतको लागि ज्याला मजदुरी गर्नेमाथि शोषण गर्छन् भन्ने तथ्यलाई उजागर गरिएको छ । त्यसै गरी प्रयत्न कथालाई द्वयर्थक समाज मनोविज्ञान उन्मुख कथाको रूपमा चिनाइएको छ । श्रद्धासुमन कथालाई जिउँदोमा नदिएको सम्मान र पुरस्कार मरेपछि दिने नेपाली समाजको गलत परम्परालाई उदाङ्गो पारिएको आदर्शोन्मुख सामाजिक कथा तथा फर्किएर हेर्दा कथा सामाजिक विकृति विसङ्गतिप्रति थोरै सामाजिक आर्थिक पाटोको समाजविज्ञानको प्रस्तुति तथा सम्पत्तिले विवेक, ज्ञान, विद्वता, संस्कार, तत्वज्ञान आदि किन्न पाइदैन भन्ने सन्देशयुक्त कथा तथा उर्लिएको तरङ्ग कथा आर्थिक समस्याबाट गुज्रिएको वर्गीय स्वार्थ शोषणको यथार्थ चित्र उतारिएको सामाजिक कथाको रूपमा चिनाइएको छ । त्यस्तै सार्थक सपना र आड भरोसा कथालाई लीला लेखन वा विनिर्माणवादमा आधारित रहेको तथ्यलाई उजागर गरिएको पाइन्छ ।

यसरी कृति विश्लेषण अन्तर्गत थुप्रै कृतिहरूको शैलीवैज्ञानिक अध्ययनहरू भएका पाइन्छन् । त्यसमा पनि उपन्यासको बढी र अन्य विधाहरूको शैलीवैज्ञानिक अध्ययन कम भएको देखिन्छ । भएका अध्ययनहरू सबैमा शैलीवैज्ञानिक मान्यताको अधारमा सूक्ष्म विश्लेषण र मूल्याङ्कन भएको पाइँदैन । शैलीवैज्ञानिक अध्ययन कृति विशेषको अध्ययन भएकाले कृतिको विशिष्टता खोजी गरी त्यसलाई निश्चित मान्यताका आधारमा सूक्ष्म विश्लेषण तथा मूल्याङ्कन गर्नु यस अध्ययनको चुनौतीपूर्ण कार्य हो, साथै पूर्वेली कथाकार विनोद खनालको फर्किएर हेर्दा कथासङ्ग्रहको सामान्य समालोचनात्मक टिप्पणीहरू भए

पनि हालसम्म शोधप्रबन्ध तयार नगरिएकाले यस फर्किएर हेर्दा कथासङ्ग्रहको  शैलीवैज्ञानिक विश्लेषण तथा मूल्याङ्कन गरिने यो पहिलो र महत्त्वपूर्ण अध्ययन हुनेछ ।

## पूर्वकार्यको समीक्षाको उपयोगिता

अध्ययन अनुसन्धान कार्यमा पूर्वकार्यको समीक्षाको महत्वपूर्ण स्थान रहेको हुन्छ । अनुसन्धेय विषयसँग सम्बन्धित गरिएका अध्ययन अवलोकनको समीक्षाबाट अब गरिने अनुसन्धान कार्यलाई मौलिक, नवीन तथा प्रभावकारी ढङ्गले अध्ययन अनुसन्धान गर्ने मार्गदर्शन प्रदान गर्ने हुँदा पूर्वकार्यको समीक्षालाई नकार्न सकिँदैन । कृति विश्लेषण अन्तर्गत थुप्रै कृतिहरूको शैलीवैज्ञानिक अध्ययनहरू भएका पाइन्छन्  । भएका अध्ययनहरू सबैमा शैलीवैज्ञानिक मान्यताको अधारमा सूक्ष्म विश्लेषण र मूल्याङ्कन भएको पाइँदैन । शैलीवैज्ञानिक अध्ययन कृति विशेषको अध्ययन भएकाले कृतिको विशिष्टता खोजी गरी त्यसलाई निश्चित मान्यताका आधारमा सूक्ष्म विश्लेषण तथा मूल्याङ्कन गर्नु यस अध्ययनको चुनौतीपूर्ण कार्य हो । यस 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूको सम्बन्धमा सामान्य समीक्षात्मक टीका टिप्पणी भए पनि हालसम्म यसको भाषिक पक्षको वस्तुपरक अध्ययन भएको पाइँदैन । अतः यस अध्ययनले शैलीवैज्ञानिक मान्यताका आधारमा 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूको भाषिक विश्लेषण गरी वस्तुपरक निष्कर्ष निकाल्ने छ ।

## सैद्धान्तिक रूपरेखा

### शैलीको परिचय

शैली शब्द तत्सम शब्द हो । 'शी' धातुमा लक प्रत्यय लागेर शील शब्द बनेको हो । संस्कृतमा शील शब्दका विभिन्न अर्थ छन् । जस्तै :- सम्पन्न गर्नु, सेवा गर्नु, अभ्यास गर्नु, भलो सोच्नु आदि । यसका अतिरिक्त माध्यान्दिनी संहितामा यसको अर्थ अञ्जान विद्याका देवताका अर्थमा र प्रदीप टीकामा स्वभावका अर्थमा प्रयोग गरिएको पाइन्छ । यही शील शब्दमा ई प्रत्ययको संयोजन भई शैली शब्द व्युत्पन्न भएको पाइन्छ ।

शैली शब्दको समानार्थी अङ्ग्रेजी शब्द Style हो । यो शब्द ल्याटिन भाषाको Stilus शब्दबाट बनेको हो । पश्चिममा ल्याटिन शब्द Stilus को अर्थ मैनमाथि लेख्न र मेट्न बनाइएको हाड वा फलामको कलम भन्ने थियो । यसको एकातिरको छेउ मठारिएको भागले मैन जमेका फिताहरूलाई चिल्लो पार्न (अक्षर मेट्न) र अर्कातिरको चुच्चो परेको भागले अक्षर लेख्न प्रयोग

गरिन्थ्यो । (ढकाल, २०६७: २८) पछि यही अर्थ विकसित भई यसले लेखनविधि, लेखनकला, अभिव्यक्तिको एक प्रकार जस्ता अर्थ बहन गरेको पाइन्छ ।

शैलीका विषयमा यसका विश्लेषकहरू बिच मतैक्य पाइँदैन । यसलाई फरक-फरक ढङ्गले परिभाषित गरिएको पाइन्छ । सामान्यतया शैलीका परिभाषाहरू लेखकीय, लेखककेन्द्री, रचनाकेन्द्री, श्रोताकेन्द्री वा पाठककेन्द्री रहेका पाइन्छन् । आधुनिक समयमा परिभाषित शैली प्राचीन ग्रिसेली शैलीशास्त्रले निर्दिष्ट गरेको शैली  होइन र पूर्वीय साहित्यशास्त्रले विवेचना गरेको शैली पनि होइन । यो भाषाविज्ञानको जगमा अडेको शैली हो । आधुनिक दृष्टिमा शैली साहित्यको अपरिहार्य तŒव हो । (भण्डारी र नेपाल, २०६७ :२३)

शैलीका विविध परिभाषाहरू छन् । जुन वर्ण्यविषय, रचनाविधान र रचयिताका दृष्टिबाट गरिएका छन् । शैली सम्बन्धी आधुनिक मतहरू निम्नानुसार रहेका छन् :-

रेमन्ड च्यापमेनका अनुसार शैली भाषाको वैविध्य हो (शर्मा, २०५९ : २८) ।

निल्स एरिक एङ्कस्टिका अनुसार शैली सन्दर्भमा आबद्ध भाषा हो । यो भाषाको सन्दर्भबद्ध विविधता पनि हो र मानक  एवम् विभिन्नताहरूको समुच्चय पनि हो (शर्मा, २०५९ : २८) ।

भर्नर विन्टरका अनुसार शैली सामाजिक भाषिकाको विशिष्ट प्रकार हो (शर्मा, २०५९ : २८)।

ज्याफ्री एन लिचका अनुसार शैली पाठसँग सम्बद्ध भाषिक अभिलक्षणहरूको कुल योग हो ( शर्मा, २०५९ : २८) ।

मिस माइल्सका अनुसार शैलीले चयनलाई अपरिहार्य तुल्याउँछ । यसले कथ्य र अभिव्यक्तिका स्तरमा सामग्री छान्ने र त्यसको संयोजन गर्ने कार्य गर्छ । (शर्मा, २०५९ : २८) ।

डि. लिखासेभका अनुसार शैली यथार्थको प्रत्यक्ष र त्यस कलात्मक पद्धतिको संयोजन हो जसले चयन सर्जकले गर्छ (शर्मा, २०५९ : २८) ।

एक.एल. लुकासका अनुसार शैली एउटा त्यस्तो साधन हो, जसद्वारा व्यक्ति अरुसित सम्पर्कमा आउँछ, यो शब्द आवरणभित्रकै व्यक्तित्व हो, बोलीमा पूर्णता भएको चरित्र हो (ढकाल २०६७ : २९) ।

नेपाली बृहत शब्दकोशका अनुसार :- शैली- ना (सं)

१) विशेष किसिमले कुनै काम गर्ने प्रणाली वा पद्धति, काम गराइको ढाँचा, परिपाटी, छनोट, छन्द।

२) असल शील स्वभाव भएका व्यक्तबाट हुने कुरो ।

३) कुनै सिद्धान्तजस्तै भएर आएको रीति वा चलन ।

४) साहित्यिक रचनामा लेखकको व्यक्तित्व विशेषको छाप दिने वा विषयवस्तु अनुकूल भाव अभिव्यक्त हुने खास ढाँचा (सरल, तार्किक, आलङ्कारिक, शैली आदि) ।

मोहनराज शर्माका अनुसार शैलीविज्ञानले कुनै रचनाकारको विशिष्ट रचनाप्रकार अथवा अभिव्यक्तिलाई शैली मान्दछ । (ढकाल, २०६७ : २९) ।

शैली भनेको ढङ्ग हो । हिडाइको ढङ्ग, बसाइको ढङ्ग जस्तै बोलाइको पनि आ-आफ्नो ढङ्ग हुन्छ । शैलीलाई तरिका वा रीति पनि भनिन्छ । यसरी शैली कुनै विषयलाई प्रस्तुत गर्ने तौरतरिका हो । शैलीको भाषामा अभिव्यक्तिका विविध ढङ्गलाई जनाएको हुन्छ । विषय, व्यक्ति, प्रयोजन, परिवेश आदिले गर्दा शैलीमा विविधता आउँछ । तसर्थ साहित्यको सन्दर्भमा यसको अध्ययन बढी फस्टाएको पाइन्छ (अधिकारी, २०६२ : १६१) ।

समग्रमा शैली कुनै पाठ वा सन्दर्भमा आबद्ध भाषा हो । साहित्य वा भाषिक सिर्जनामा शैली एकभन्दा बढी भाषिक एकाइहरूको सौन्दर्यबोधक समुच्चय हो । यस्तै रचयिता आधारमा शैली कुनै रचनाकारको कुनै विशिष्ट प्रकार पनि हो । यो पाठ वा सन्दर्भमा प्रयोग हुने कलात्मक प्रस्तुतिका साथै स्रष्टा वा वक्ताले प्रयोग गर्ने भाषाको चयन पनि हो । यो कथ्य र अभिव्यक्ति दुवै क्षेत्रमा प्रयोग हुन्छ र यसलाई स्रष्टाले चयन मात्र नगरेर संयोजन पनि गर्छ । यसरी हेर्दा रचनामा स्रष्टाको व्यक्तित्व विशेषताको छाप दिने वा विषयवस्तु अनुकूल भाव अभिव्यक्त गर्ने ढाँचा वा पद्धति नै वास्तवमा शैली हो ।

## शैलीविज्ञानको परिचय

शैलीविज्ञान शैली र विज्ञान शब्दको योगबाट निर्मित शब्द हो । यसको सामान्य अर्थ शैलीको अध्ययन गर्ने विज्ञान भन्ने हुन्छ भने विशिष्ट अर्थ भाषाका माध्यमबाट गरिने वस्तुनिष्ठ आलोचना प्रणाली भन्ने हुन्छ । शैलीविज्ञान विभिन्न उपकरणका साथ भाषावैज्ञानिक व्यवस्थाहरूलाई अँगाल्दै साहित्य सम्बन्धी समालोचना गर्ने नवीन विधा हो । समालोचनाको क्षेत्रमा यो भाषावादी सिद्धान्त वा पद्धतिका रूपमा रहेको देखिन्छ । भाषाविज्ञानले सामान्य भाषा झैं साहित्यिक भाषालाई पनि भाषाको एक प्रकार मानेपछि साहित्यिक भाषाको विश्लेषणका लागि शैलीविज्ञानको उत्पति भएको देखिन्छ । शैलीविज्ञान भाषाविज्ञान र काव्यशास्त्रको सङ्गमस्थल मानिन्छ । अर्थात् यसलाई भाषा र कलाको समन्वित शास्त्र वा विज्ञान मानिन्छ ।

शैलीविज्ञान साहित्य समालोचनाको नवीनतम, वस्तुनिष्ठ, प्रायोगिक, भाषापरक, वैज्ञानिक र सिर्जनात्मक विधि तथा पद्धति दुवै हो । यसले वस्तुपरक दृष्टि र व्यवस्थित ढङ्गबाट साहित्यिक

कृतिको भाषिक तथा यथार्थवादी मूल्याङ्कन गर्छ र त्यसमा अन्तर्निहित कलात्मक सौन्दर्यको उद्घाटन गर्छ (शर्मा, २०५९ : १९०) ।

शैलीविज्ञानका सन्दर्भमा तलका परिभाषाहरू विचारणीय छन् :-

चार्ल्स बालीकाअनुसार शैलीविज्ञानका पाठले ती प्रभावपरक तत्त्वहरूलाई जाँच्नुपर्छ, ती साधनहरूको अध्ययन गर्नुपर्दछ, जसद्वारा भाषाले त्यसको र त्यससँग  पारस्परिक सम्बन्धको अध्ययन गर्दछ र सम्पूर्ण अभिव्यक्ति अवस्थाको विश्लेषण गर्दछ, जसका ती अङ्गहरू हुन् (ढुङ्गेल र दाहाल,२०५९ : १२९) ।

जी. एन. लिचका अनुसार शैलीविज्ञान साहित्यिक शैलीको मात्र अध्ययन हो । अझ स्पष्ट शब्दमा भन्दा सहित्यमा भाषा प्रयोगसम्बन्धी अध्ययनलाई शैलीविज्ञान भनिन्छ (ढुङ्गेल र दाहाल, २०५९ : १२९) ।

'एच. जी. विडोसन'का अनुसार शैलीविज्ञानले साहित्यिक सङ्कथनलाई भाषावैज्ञानिक तरिकाले गरिने अध्ययनलाई बुझाउँछ (ढुङ्गेल र दुर्गाप्रसाद, २०५९ : १२९) ।

रेन वेलेकका अनुसार शैलीविज्ञानले सबै प्रकारका भाषिक ज्ञापनहरूमा शैलीको अध्ययन र कल्पनात्मक साहित्यिक कृतिहरूमा शैली अध्ययन गर्दछ  (ढुङ्गेल र दाहाल, २०५९ : १२९) ।

रुकैया हसनका अनुसार शैलीविज्ञान साहित्यको भाषाको अध्ययनसँग सम्बद्ध ज्ञानानुशासन हो (ढुङ्गेल र दाहाल, २०५९ : १२९) ।

लङ्म्यान डिक्सनरी अफ लिङ्ग्विस्टिक्सका अनुसार शैलीविज्ञानले भाषा प्रयोगको विविधताको अध्ययन गर्दछ, जुन परिस्थितिमा आधारित हुन्छ र लेखक वा वक्ताले पाठक वा श्रोतामा कस्तो प्रभाव उत्पन्न गर्न खोजेको हो, त्यसमा आधारित हुन्छ । शैलीविज्ञानले कहिलेकाहीँ बोलीचालीको भाषामाथि अध्ययन वा अनुसन्धान गरे पनि सामान्यतः यो लेख्य भाषा वा साहित्यिक पाठहरूसँग सम्बन्धित हुन्छ । शैलीविज्ञानले के अध्ययन गर्दछ भने वक्ता वा श्रोताले छनोट गर्दाखेरि अन्य छनोट नगरेर खास अभिव्यक्तिहरू नै किन छनोट गरेका हुन्छन् (ढुङ्गेल र दाहाल, २०५९ : १३०) ।

रवीन्द्रनाथ श्रीवास्तवका अनुसार शैलीविज्ञान साहित्यिक आलोचनाको सिद्धान्त पनि हो र प्रणाली पनि । सिद्धान्तको रूपमा यसको दृष्टि भाषावादी हुन्छ । भाषावादी सिद्धान्तको रूपमा यसको प्रमुख मान्यता साहित्य 'शाब्दिक कला' हो र कृतिको रूपमा साहित्यिक रचना, भाषाको आफ्नो सीमामा बाँधिएको एक स्वनिष्ठ एकाइ हो भन्ने रहेको छ (ढुङ्गेल र दाहाल,२०५९ : १३०) ।

इन्साइक्लोपेडिक डिक्सनरी अफ लिङ्ग्विस्टिक्स :- शैलीविज्ञान एउटा सामान्य पद हो, जसअन्तर्गत कुनै व्यक्ति वा सामाजिक समूहले कुन आधारमा भाषासम्बन्धी छनोट गर्दछ र ती कारकहरूको अध्ययन गरिन्छ (ढुङ्गेल र दाहाल, २०५९ : १३०) ।

मोहनराज शर्माका अनुसार शैलीविज्ञानले साहित्यिक कृतिको संरचना, बनोट आदिलाई खोतल्छ र विश्लेषणद्वारा त्यसमा अन्तर्निहित कला, सौन्दर्य र साहित्यिकताको उद्घाटन गर्छ (शर्मा, २०५९ : ३०) ।

यसरी उपर्युक्त विभिन्न विद्वान्हरूले दिएका परिभाषाहरूलाई अध्ययन गर्दा भाषिक अभिव्यक्तिलाई एवम् सङ्कथनमा पाइने शैलीगत विविधता सम्बन्धी भाषावैज्ञानिक अध्ययन गर्ने विज्ञानलाई शैलीविज्ञान भनिन्छ । यसले साहित्यिक कृतिको भाषावैज्ञानिक अध्ययन गर्नुका साथै त्यसको संरचना, बनोट आदिको विश्लेषणद्वारा कृतिमा अन्तर्निहित कला, सौन्दर्य र साहित्यिकताको समेत उद्घाटन गर्दछ ।

## शैलीविज्ञानको पृष्ठभूमि

### क) पूर्वीय पृष्ठभूमि

शैलीविज्ञानको पूर्वीय परम्परामा प्राचीन संस्कृत काव्य परम्पराको महत्त्वपूर्ण प्रभाव परेको पाइन्छ । पूर्वीय अध्ययन परम्परामा ऋग्वेदले रचनाकार, हृदय वा कृतिको संरचना तीनवटै कुरालाई प्रमुख मानेर शैलीको चर्चा गरेको पाइन्छ  (भण्डारी र नेपाल, २०६७ : २५)। ऋग्वेदमा गीतको रचनाशैलीका बारेमा वर्णन गरिएको पाइन्छ । पूर्वीय साहित्यमा भरतमुनिदेखि भामह, दण्डी, वामन, रुद्रट, आनन्दवर्धन, क्षेमेन्द्र, विश्वनाथ आदिसम्मका काव्यशास्त्रीहरूका चिन्तनमा काव्यको भाषिक पक्ष र शैलीका बारेमा चर्चा गरिएको पाइन्छ । उपर्युक्त काव्यशास्त्रीहरूले अलङ्कार, रीति, गुण, ध्वनि, बक्रोक्ति, औचित्य आदि जस्ता काव्य सिद्धान्तहरू प्रतिपादन गरेका छन् ।

पूर्वीय साहित्यमा भरतमुनिको ‘नाट्यशास्त्र’ कृति केन्द्रित समालोचनाको आधारभूत ग्रन्थ मानिन्छ । यसबाट काव्य भाषाको शिल्प संरचनाको अवधारणाको प्रारम्भ भयो । इस्वीको छैटौं शताव्दीका अलङ्कारवादी आचार्य भामहले ‘काव्यालङ्कार’ मा सामान्य भाषा र काव्य भाषाको अन्तरलाई स्पष्ट पार्ने कार्य गरेका छन् । यिनले शव्द र अर्थको सहभावलाई काव्य मान्दै शब्दार्थको बक्रोक्तिलाई अलङ्कार रूपमा स्थापित गरेका छन् । यस्तै यिनले शब्दालङ्कार, अर्थालङ्कारका साथै काव्यका गुण, दोष आदिका बारेमा पनि चर्चा गरेका छन् ।

भामहपछि दण्डीले भामहको गुण, दोष, अलङ्कार-विवेचनालाई व्यवस्थित तथा समृद्ध पारे । उनले 'काव्यादर्श' को प्रतिपादन गरे । उनले कवि मार्गलाई 'वैदर्भी' र 'गौडी' गरी दुई प्रकारका बताएका छन् । ती कविमार्गको प्राणतŒ दश गुणहरू हुन् भनेर घोषित गरेका छन्- जुन भाषाको संरचनासँग सम्बन्धित मानेका छन् । उनले भाषा सौन्दर्यको सर्जकको रूपमा अलङ्कारको चर्चा गरेका छन् (ढुङ्गेल र दाहाल, २०५९ : १३१)।

आठौं शताव्दीका रीतिवादका प्रवर्तक वामनले 'काव्यालङ्कारसूत्रवृत्ति' भन्ने कृतिको रचना गरे । यो कृति पूर्वीय  शैलीवैज्ञानिक विवेचनाको आधारभूत ग्रन्थ मानिन्छ । यिनले विशिष्ट किसिमको पदरचनालाई रीति मान्दै रीतिलाई काव्यको आत्मा माने ।

यसै परम्परामा ध्वनिबादी आचार्य आन्नदवर्धनको पनि महŒपूर्ण योगदान रहेको छ । यिनको 'ध्वन्यालोक' भन्ने कृति भाषावैज्ञानिक पद्धतिमा आधारित छ । यिनले व्यङ्ग्यार्थ अर्थात् व्यञ्जना शक्तिले दिने अर्थलाई ध्वनिका रूपमा विवेचना गरेका छन् । शब्दको ध्वनिगत अर्थका लागि विभिन्न किसिमका प्रत्यय, वचन, कारक, संज्ञा, विषेशण, क्रियापद, समास, आदि जस्ता भाषिक संरचनाहरूको वैज्ञानिक विश्लेषण गरेर शैलीविज्ञानका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । साहित्यशास्त्री मम्मटले काव्यको प्रयोजनको सन्दर्भमा शैलीलाई प्रभुसम्मित  शैली, मित्रसम्मित शैली र कान्तासम्मित शैली गरी तीन किसिमले विभाजन गरेका छन्।

वक्रोक्तिवादी चिन्तक आचार्य कुन्तकले 'वैदग्ध्य भङ्गिभणिति' भन्दै चमत्कारपूर्ण कविको कथन वा उक्तिको चर्चा गरेका छन् । काव्यमा विचित्रता तथा अह्लादकता थप्न वक्रोक्ति उपयोग सिद्ध हुन्छ भन्दै शैली उन्मुख कुरा उल्लेख गरिएको छ । साहित्यमा वर्णको तहदेखि सङ्कथन तहसम्मका विभिन्न तहहरूमा वक्रता रहने कुरा उल्लेख गर्दै कुन्तकले वक्रताका एकाइहरू पनि छुट्याएका छन् । जस्तैः वर्णविन्यासगत वक्रता, पदपूर्वार्द्ध वक्रता, पदपरार्द्ध वक्रता, वाक्य वक्रता, प्रकरण वक्रता र प्रबन्ध (सङ्कथन) वक्रता (भण्डारी र नेपाल, २०६७ : २७)।

यस्तै एघारौं शताब्दीका आचार्य क्षेमेन्द्रले औचित्यवादको स्थापना गरी पूर्वीय शैलीविज्ञानका क्षेत्रमा सहयोग पऱ्याएका छन् । यिनले औचित्यवादको विश्लेषण भाषिक संरचनाका कै आधारमा गरेका छन् । यिनले लिङ्ग, वचन, कारक, क्रिया, काल, वाक्य, अलङ्कार, गुण आदिका आधारमा काव्यको व्याख्या विश्लेषण गरेका छन् । यस्तै चौधौं शाताब्दीका आचार्य विश्वनाथको 'साहित्यदर्पण' मा साहित्यका गुण, दोष, रीति, अलङ्कार, रस आदिजस्ता तŒहरूको विशद् चर्चा गरिएको छ । यिनको व्याख्या विश्लेषण पनि काव्यभाषासँग सम्वन्धित देखिन्छ ।

पूर्वीय काव्यशास्त्रमा चर्चा गरिएको शब्दशक्तिले पनि शैलीविज्ञानका क्षेत्रमा महŒ राख्दछ । शब्दशक्ति भन्नाले भाषा वा साहित्यमा प्रयुक्त शब्दले अर्थबोध गर्ने शक्ति भन्ने बुझिन्छ । शब्दशक्ति अभिधा, लक्षणा र व्यञ्जना गरी तीन किसिमको  हुन्छ ।

यस्तै पूर्वीय साहित्यमा रहेको छन्द परम्पराले पनि शैलीविज्ञानको क्षेत्रमा उल्लेखनीय भूमिका खेलेको छ । छन्दका वार्णिक, मात्रिक, तथा वर्णमात्रिक भेद उपभेदहरूको सम्बन्धमा छन्दशास्त्रहरूमा व्यापक चर्चा भएको पाइन्छ । वास्तवमा छन्द शैलीगत विशिष्टताको अध्ययनसँग सम्बन्धित रहेको छ ।

यसरी पूर्वीय संस्कृत काव्य परम्परामा विभिन्न काव्यशास्त्रीहरूले काव्यभाषाको भाषावैज्ञानिक पद्धतिबाट अध्ययन विश्लेषण गरेर शैलीविज्ञानको आफ्नै पद्धतिको विकास गरेका छन् । यसरी काव्यभाषा तथा काव्य रचनाशैलीका बारेमा भएका अहिले अध्ययन विश्लेषण नै पूर्वीय शैलीवैज्ञानिक अध्ययन अन्तर्गत पर्दछ ।

**ख) पाश्चात्य पृष्ठभूमि**

शैलीविज्ञानको पाश्चात्य परम्पराको सुरुआत प्राचीन ग्रिसेली, रोमेली शैलीगत अध्ययनबाट भएको देखिन्छ । यसका प्रमुख स्रोत साहित्यशास्त्र, भाषणशास्त्र र व्याकरण थिए । शैलीगत अध्ययनको भाषिक आधार चाहीँ ग्रिसेली र रोमेली व्याकरण थिए । प्राचीन ग्रिस र रोमका भाषा तथा शैली सम्बन्धी विश्लेषकहरूमा प्लेटो, अरस्तु, सिसरो,  होरेस आदि मुख्य मानिन्छन् ।

पाश्चात्य साहित्यशास्त्रमा शैलीको सम्बन्धमा सामान्य चर्चा त अरस्तुपूर्वका साहित्यशास्त्रीहरूले पनि गरेका थिए । तर शैलीको सर्वप्रथम व्यापक विवेचना अरस्तुले नै गरेका हुन् । अरस्तुको शैली-विश्लेषणको प्रक्रियाले पनि भाषा एवं भाषेतर काव्यशिल्पहरूको वस्तुगत विश्लेषण गर्ने प्रक्रियालाई समेट्न सकेको छैन (ढुङ्गेल र दाहाल, २०५९ : १३३) । यिनले साहित्यलाई भाषाका माध्यमबाट प्रकृतिको अनुकरण गर्ने कलाको रूपमा लिएका छन् । उनका कृतिमा कथा, चरित्र, कार्यशैली आदि काव्यतŒहरूको संरचनाको विश्लेषण गरिएको छ । यिनका काव्यशास्त्र, भाषणशास्त्र जस्ता ग्रन्थमा शैली सम्बन्धी विवेचना भएको पाइन्छ । यिनले शब्दका व्युत्पतिपरक सरल  र यौगिक दुई भेद देखाई अर्थका दृष्टिले शब्दलाई प्रचलित र लाक्षणिक गरी दुई वर्गमा बाँडेका छन् । यस्तै भाषाका वर्ण, मात्रा, संयोजक, संज्ञा, क्रिया, कारक, विभक्ति आदि अङ्गहरूका बारेमा पनि चर्चा गरेका छन् । यस्तै यिनले ‘रिटोरिक्स’ भन्ने ग्रन्थमा मौखिक वा कथ्य शैली तथा व्याकरणात्मक रूप सम्बन्धी चर्चा समेत गरेका छन् ।

यसै गरी डायनोसियसले वर्णको सङ्गीतात्मकताको अन्वेषण गर्दै भाषाका सम्पूर्ण तहहरूमा शैलीलाई खोजे । 'अन स्टाइल' शीर्षकको पुस्तकमा डेभिट्रियसले शब्दप्रयोग, शब्दविन्यास र विषयवस्तुको विवेचना प्रस्तुत गरे । क्विन्लियनले 'वक्ताको शिक्षा' पुस्तकमा भाषाको विवेचना गर्दै शैलीलाई नियाले (भण्डारी र नेपाल, २०६७ : २८) । त्यस्तै रोमेली विद्वान् होरेसले आर्ष पोइटिका भन्ने ग्रन्थमा चयन, औचित्य, सामञ्जस्य, क्रम, अन्विति जस्ता संरचनात्मक शैलीगत गुणहरूका बारेमा चर्चा गरे भने अर्का विद्वान् लन्जाइनसले ग्रिसेली, रोमेली आदि शैलीको प्रादेशिक अध्ययन प्रस्तुत गरेका थिए । यिनले शैलीलाई त्यस्तो साहित्यिक शैली ठाने जसले भाषालाई साधारण धरातलबाट माथि उठाई सिर्जनात्मक उदात्त सामार्थ्य प्रदान गर्दछ । यसरी हेर्दा प्राचीन ग्रिस र रोमको शैलीगत अध्ययनको परम्परा अरस्तुपूर्वबाट सुरु भई लन्जाइनससम्म आइपुग्दा शैलीगत अवधारणाको रूपरेखा तयार भएको पाइन्छ ।

आधुनिक शैलीविज्ञानको अभ्युदयपूर्व शैली सम्बन्धी अवधारणाहरू देखा परेका थिए । सन् १७२१ तिर अङ्ग्रेजी व्यङ्ग्यकार जोनाथन स्विफ्टले शैलीका सम्बन्धमा उपयुक्त ठाउँमा उपयुक्त शब्द भन्ने अवधारणा प्रस्तुत गरे । यस्तै फ्रान्सेली विद्वान् बफुनले शैली भनेको मानिस आफैं हो भन्ने प्रख्यात कथनद्वारा शैलीलाई लेखकको निजत्वको चिन्ह ठहराए । त्यसै गरी जर्मन विद्वान् स्टइन्थालले व्याकरण, तर्कशास्त्र र मनोविज्ञानलाई संयोजित गरी भाषा सम्बन्धी नवीन दृष्टिकोणको सूत्रपात गरे । त्यसपछि टि.एस.इलियटले 'नयाँ समीक्षा' को नामबाट पाश्चात्य साहित्यमा वस्तुगत समीक्षाको बिकास गरे । त्यस्तै आई.ए. रिचर्डस्ले 'व्यवहारिक समीक्षा'को नामबाट कृतिको भाषा-विश्लेषणलाई प्रोत्साहन गरे भने हर्बट रिड, जोन मिल्टन मरे, एफ. एल. लुकास आदिले शैलीका साथै त्यसको भाषा विश्लेषणात्मक प्रक्रियाको समेत प्रवर्तन गरे ।

बीसौं शताब्दीमा आएर शैली-विवेचनाको प्रक्रियामा वस्तुनिष्ठ दृष्टिबाट ठोस र वैज्ञानिक आधार प्राप्त भएको पाइन्छ । यस क्रममा फर्डियान्ड डी. ससुरले भाषाको समकालिक रूपको अध्ययन गर्ने पद्धतिको सङ्केत गरेपछि भाषावैज्ञानिकहरूले भाषाको बोलचालमा प्रयोग हुने संरचनाको अध्ययन गरे । अध्ययनको सिलसिलामा भाषावैज्ञानिकहरूको एक वर्गले साहित्य भाषाको विशिष्ट रूप भएकाले साहित्यको भाषाको पनि भाषावैज्ञानिक विश्लेषण गर्न सकिन्छ भन्ने धारणा राखे । त्यसपछि साहित्यिक भाषाको भाषावैज्ञानिक विश्लेषण 'शैलीविज्ञान'का नामले चिनिन थाल्यो । यसरी विकसित भएको शैलीवैज्ञानिक पद्धतिमा ससुर, बाली, ह्यालिडे, थोर्न, ओमान, कर्टिज हैज, मुकारोवस्की, रोजर फाउलर, एक्विस्ट आदिले नयाँ-नयाँ प्रक्रियाको विकास गरेका छन् ।


## शैलीविज्ञानको सैद्धान्तिक स्वरूप

शैलीवैज्ञानिक सिद्धान्तको निर्माण भाषाविज्ञान र साहित्यशास्त्रको समन्वयबाट भएको पाइन्छ । यसले भाषाविज्ञानले जस्तै साहित्यिक कृतिका भाषिक पक्षको अध्ययन गर्दछ । यसबाट कृतिमा अन्तर्निहित सौन्दर्य पक्षको समेत उजागर हुने हुँदा सौन्दर्यशास्त्र वा साहित्यशास्त्रलाई आफ्ना क्षेत्रभित्र समेटेको हुनाले यसको मूल प्रकृति चाहिँ भाषावैज्ञानिक हुनुका साथै प्रतीकविज्ञान र चिह्नविज्ञानबाट पनि शैलीविज्ञानले निकै सहायता लिएको पाइन्छ ।

शैलीविज्ञानले साहित्यलाई भाषिक कला मान्दछ । भाषिक कला अन्तर्गत यसले हरेक कृतिलाई एउटा भाषिक प्रतीक मान्दछ । प्रतीकभैँ मानिएको साहित्यिक कृतिका अभिव्यक्ति र कथ्य गरी दुई पक्ष छन् । कृतिको बाह्य पक्ष रूपसँग र आन्तरिक पक्ष अर्थ तथा सन्दर्भसँग सम्बद्ध भएर शैलीविज्ञानले अभिव्यक्ति वा रूपात्मक अवयवबाट कथ्य वा प्रसङ्गात्मक अवयवमा प्रवेश गर्छ । यसले कृतिको सन्देशलाई पक्रेर र कृतिमा अन्तर्निहित सौन्दर्यको उद्घाटन गर्दै मर्मबोध गराउने प्रयास गर्छ ।

शैलीविज्ञानले कृतिको बाह्यतलबाट गहनतलमा ओर्लिने प्रक्रिया अँगाल्छ । प्रत्येक साहित्यिक कृतिको अमूर्त आकार हुन्छ । त्यसलाई कृतिको गहनतल भनिन्छ । त्यस्तै प्रत्येक साहित्यिक कृतिको एउटा मूर्त आकार पनि हुन्छ । त्यसलाई रचनाको बाह्यतल भनिन्छ । शैलीविज्ञानले कृतिको अमूर्त आकारलाई मूर्त आकारका माध्यमबाट बुझ्ने सामर्थ्य दिन्छ । मूर्त आकारबाट अमूर्त आकार कसरी प्राप्त गर्ने र प्राप्त अमूर्त आकारको तालमेल मूर्त आकारसँग कसरी बनाउने भन्ने कुरा शैलीविज्ञानले बताउँछ । त्यस कुरालाई निम्नलिखित तालिकाद्वारा पनि व्यक्त गर्न सकिन्छ (शर्मा, २०५९ : ५) ।

तालिका सङ्ख्या १





स्रोतः- शर्मा, २०५९ : ५

उक्त तालिकाले साहित्यलाई हेर्ने नयाँ दृष्टि नै शैलीविज्ञान हो भन्ने देखाउँछ । वर्णनात्मक, संरचनात्मक, प्रजनक-रूपान्तरणात्मक भाषा सिद्धान्तका पद्धतिहरूबाट साहित्यको विश्लेषण गर्न

सकिन्छ भने शैलीविज्ञानमा उपलब्ध उपकरणका सहयोगबाट कृतिमा रहेको शैलीको विश्लेषण गरिन्छ ।

शैलीविज्ञानमा भाषा र कलाको संयोजन कसरी गरिएको हुन्छ भन्ने कुरालाई भाषावैज्ञानिक श्रीवास्तवको निम्न आरेखबाट हेर्न सकिन्छ ।

तालिका सङ्ख्या २




(स्रोत : गौतम, २०६१:२९)

यी सबै पृष्ठभूमिलाई हेर्दा आधुनिक युगमा भाषाविज्ञानले साहित्यशास्त्र र काव्यशास्त्रको अध्ययन गर्न थालेपछि शैलीविज्ञानले गति लिन थालेको पाइन्छ । भाषाविज्ञान र साहित्यशास्त्रको संयोजनबाट नै शैलीविज्ञानको सैद्धान्तिक आधार तयार भएको पाइन्छ । त्यसैले शैलीविज्ञानले साहित्यिक वा साहित्येत्तर रचनाको भाषापरक अध्ययन गर्दछ ।

## शैलीवैज्ञानिक समालोचनाको तहहरू

शैलीविज्ञानले खास तहमा आधारित भएर साहित्यिक कृतिको व्याख्या विश्लेषण गर्दछ । यसले प्रत्येक सिङ्गो पाठलाई कला प्रतीकका रूपमा हेर्दछ । यसरी साहित्यिक पाठलाई कलाप्रतीकका रूपमा राखेर विश्लेषण गर्नका निम्ति त्यसभन्दा पहिले शैलीविज्ञान अध्ययन विश्लेषणका  अरु केही स्तरहरू हुँदै अघि बढेको हुन्छ । अतः साहित्यिक कृतिको शैलीवैज्ञानिक अध्ययन एकाधिक तहमा हुन्छ र ती विभिन्न तहको क्रमिक प्रस्तुतीकरण र समायोजनमा नै शैलीवैज्ञानिक अध्ययनको पूर्णता निहित छ (भण्डारी र नेपाल २०६७ : २८) । त्यसलाई  पूर्णता दिने निम्न तीन तहहरू छन् :-

**क) आधार सामाग्रीको तह :**

साहित्यिक कृतिमा प्रयोग गरिएको भाषा यस तह अन्तर्गत पर्दछ । यस तहको अध्ययन विश्लेषणमा कुनै कृतिमा प्रयुक्त ध्वनि, रूप, शब्द, पदावली उपवाक्य र वाक्य आउँछन् । वाक्य चाहिँ

रचनाको विश्लेषण गर्ने उत्तम एकाइ मानिन्छ । यो तह शैलीविज्ञानको प्रारम्भिक तह भएकाले यसमा उक्त भाषिक एकाइहरूको संरचनात्मक तथा व्याकरणिक स्थिति बारे विश्लेषण गरिन्छ र यसले अन्य तहको लागि आधार प्रदान गर्दछ ।

**ख) कला माध्यमको तह :**

यस अन्तर्गत वाक्यभन्दा माथिल्ला भाषिक एकाइको अध्ययन विश्लेषण गरिन्छ । यसभित्र छन्द, अलङ्कार अर्थ, लय, विम्व, प्रतीक, कथानक, चरित्र आदिलाई पनि विश्लेषण गरिन्छ । कलानुभूतिका विविध सामग्रीका माध्ययमबाट अध्ययन विश्लेणद्वारा कृतिको साहित्यिकताको अध्ययन गरिन्छ । यो साहित्यिक छविका रूपमा रहेको हुन्छ । यसमा वाक्य वा सोभन्दा माथिका भाषिक एकाइहरू समेटिन्छन् । यसलाई साहित्यिक शैलीविज्ञानका रूपमा पनि चिनिन्छ ।

**ग) भाषिक प्रतीकको तह :**

विश्लेषण गर्ने सिङ्गो संरचना नै भाषिक प्रतीक भएकाले यस तहमा कृतिको संरचनागत बनोट, बुनोट आदिको अध्ययन विश्लेषण गरिन्छ । साहित्यिक कृतिको संरचनाको अध्ययन गरिने भएकाले यसमा संरचनाभन्दा माथिल्लो एकाइ हुँदैन । त्यसैले कृतिको संरचना नै स्वायत्त एकाइको रूपमा रहन्छ । संरचना अन्तर्गत कृतिको विविध घटकहरूको समावेश भएको हुन्छन र संरचक घटकहरूको कूल योगभन्दा जे जति बढी हुन्छ । त्यसको अध्ययन पनि यसैमा गरिन्छ । निष्कर्षमा भन्दा शैलीविज्ञानको यस तहले कृतिमा रहेको सौन्दर्य उद्घाटन गर्दछ । यसलाई संरचात्मक शैलीविज्ञान पनि भनिन्छ । यसरी हेर्दा कृतिको साङ्गोपाङ्ग अध्ययन विश्लेषण गर्दा उपर्युक्त तीनओटै तह उपयोगी मानिन्छ ।

## कृतिविश्लेषणको शैलीवैज्ञानिक सैद्धान्तिक आधार

कुनै पनि कृतिको शैलीवैज्ञानिक विश्लेषण व्यवस्थित, क्रमबद्ध र वस्तुपरक हुनपर्दछ । यसका लागि सैद्धान्तिक र प्राविधिक आधारहरू सुनिश्चित हुनुपर्दछ । शैलीवैज्ञानिकहरूले पनि कृतिविश्लेषणका निम्ति नवीन प्रक्रिया र पद्धतिको विकास गरेका छन् । शैलीविज्ञानले भाषाविज्ञानमा उपलब्ध उपकरणहरूको मद्दत लिएर कुनै कृतिमा अन्तर्निहित शैलीको वैज्ञानिक विश्लेषण गर्दछ । कृतिको प्रकृति (विधागत, भाषागत, शैलीगत, आकारगत) र स्रष्टाको क्षमता एवम् आवश्यकताले पनि कृतिविश्लेषणको प्रारूप निर्धारणमा महŒवपूर्ण भूमिका खेल्दछ । कृति विश्लेषणको शैलीवैज्ञानिक आधारलाई गहन ढङ्गले अध्ययन नगरी कुनैपनि कृतिको वैज्ञानिक र वस्तुगत रूपमा शैलीवैज्ञानिक अध्ययन तथा विश्लेषण सम्भव हुँदैन । यसका लागि विश्लेषकले ध्यान दिनुपर्ने प्रमुख

पक्षहरू पनि छन् । त्यस्ता पक्षहरूलाई कृतिविश्लेषणको सैद्धान्तिक आधार मानिन्छ । ती निम्न छन् :-

क) विश्लेष्य कृतिको प्रकृति के कस्तो छ ?

ख) विश्लेषकको आफ्नो ज्ञान के कति छ ?

ग) उसको आफ्नो क्षमता के कति छ ?


घ) उसको शक्ति र सीमा के हो ?

(शर्मा, २०५४ : १९७)

कुनै पनि कृतिको विश्लेषणका लागि विश्लेषकमा उपर्युक्त कुराहरूको पर्याप्त ज्ञान हुनु जरुरी छ । कृतिको प्रकृतिमा पनि विश्लेषक स्पष्ट हुनुपर्दछ । यस सन्दर्भमा कृतिको अन्तर्घटना, परिवेश, मूलभाव, सन्देश आदि विषयहरूमा पनि विश्लेषक केन्द्रित हुनुपर्दछ । अध्येताले शैलीविज्ञानको सैद्धान्तिक पक्ष, कृतिको संरचना, भाषाविज्ञानको प्रकृति र सम्बन्धित भाषा व्याकरणको बारेमा राम्रो जानकारी प्राप्त गरेको हुनुपर्दछ ।

कुनै पनि कृतिको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्दा निम्न प्रक्रियाहरू अवलम्वन गर्नुपर्दछ :-

तालिका सङ्ख्या ३




**(स्रोत : शर्मा २०५९ : ६)**

## साहित्यिक संरचना

कुनै पनि साहित्यिक कृति आफ्नै संरचनामा अडेको हुन्छ । कृतिमा पाइने साहित्यिक घटकहरूको कुल योग नै साहित्यिक संरचना हो । यस अन्तर्गत निम्न संरचक घटकहरू पर्दछन् :

### क) बनोट

बनोट साहित्यिक कृतिमा रहेका ससाना घटकहरूको समग्र स्वरूप हो । यो कृतिमा भएका अङ्क, भाग, दृश्य, संवाद, परिच्छेद, प्रसङ्ग, घटना आदिजस्ता साहित्यिक कृतिगत घटकहरूको समष्टि रूप हो । शैलीविज्ञानले यस्ता खालका घटकहरूको वर्णन-विश्लेषण गर्दै कृतिको अमूर्त बनोटलाई मूर्त रूपमा प्रस्तुत गर्दछ ।

बनोटमा वस्तुको आन्तरिक र अन्तः सम्बन्धित नियम, विज्ञान वा व्यवस्थाको समुच्चय रहेको हुन्छ । शैलीविज्ञानले यस उपकरणको प्रयोग गरेर कृतिको पूर्णता, घटकहरूको प्रकार्य र कृतिको स्वायत्तताका बारेमा जानकारी गराएको हुन्छ (भण्डारी र नेपाल, २०६७ : ३३) ।

### ख) बुनोट

साहित्यिक कृतिको दृश्य, मूर्त वा पठनीय रूप नै बुनोट हो । यसमा कृतिको लघु घटकहरू जस्तै :- छन्द, अलङ्कार, बिम्ब, प्रतीक, अर्थ, कथानक, चरित्र, आदि पर्दछन् । यस्ता लघु घटकहरू स्थानिक हुन्छन् । शैली विज्ञानले यस्ता घटकहरूको छानबिन गरी कृतिको समग्र प्रभावको विश्लेषण गर्दछ । यो संरचनाको विपरीत रूपगत र मूर्त हुन्छ ।

## शैली

शैलीको माध्यमबाट कृतिको विश्लेषण र व्याख्या गर्न शैलीवैज्ञानिक प्रारूप एवं ढाँचा चाहिन्छ । प्रारूप भन्नाले सिद्धान्तगत र प्रविधिगत ढाँचा हो । यिनै आधारमा कुनै कृतिको क्रमिक वस्तुनिष्ठ र व्यवस्थित विश्लेषण गर्न सकिन्छ । शैलीविज्ञानले भने विज्ञानमा उपलब्ध प्रविधि र उपकरणका आधारमा कुनै कृति विश्लेषणको प्रारूप प्रदान गर्दछ । भाषा संरचनाको उपर्युक्त क्रमश्रेणी रूपान्तरित भएर साहित्यिक संरचनाको क्रमश्रेणी बन्न पुग्दछ । यस रूपान्तरलाई विशिष्ट तर अमूर्त मानिन्छ । यो प्रक्रिया यस्तो मध्यवर्ती स्थिति हो जसको सम्बन्ध एकातिर भाषारूपी

कच्चापदार्थसँग हुन्छ भने अर्कातिर कृतिरूपी तयारी मालसँग पनि हुन्छ । यो सम्बन्ध एकैसाथ हुन्छ र एकैसाथ हुने सम्बन्धलाई शैली भनिन्छ (शर्मा, २०५९ : ७) ।

शैलीविज्ञानले पहिचान गर्ने सूत्रगत पक्षहरूलाई मुख्य रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**१) चयन**

साहित्यिक कृतिको सिर्जना विभिन्न विकल्पहरूबाट हुने चयनमा आधारित हन्छ । विकल्पहरू शैलीका सर्जक मानिन्छन् । विविध विकल्पहरूमध्ये उपयुक्त र आवश्यक विकल्प छनोट गरेर साहित्यिक रचना गर्ने कार्य विकल्पन र चयन अन्तर्गत पर्दछ । कृतिकारले उपलब्ध विकल्पहरूमध्ये उपयुक्त विकल्पको चयन वा छनोट गर्दछ । यस्तो चयनको पछाडि खास कारण रहेको हुन्छ । विनाकारण चयन गरिँदैन । विकल्पहरू मध्येबाट कुनै खास एकाइको चयन गरियो भन्ने प्रश्नले शैलीविश्लेषणमा महत्त्वपूर्ण भूमिका खेल्दछ । यहाँ एकाइ भन्नाले भाषिक एकाइ वर्ण, रूप, शब्द, पदावली, वाक्य, शैली आदिलाई बुझिन्छ । चयनमा लेखकले किन कुनै खास वर्ण, शब्द, वाक्य, सङ्कथन आदिको प्रयोग गऱ्यो भन्ने कुराको विश्लेषण गरिन्छ । शब्द आदि भाषिक एकाइको तार्किक वा सुविचारित चयनले शैली विश्लेषणमा महŒ राख्दछ ।

वास्तवमा चयन तीन प्रकारका हुन्छन् भनी एङ्कविस्टले बताएका छन् : व्याकरणात्मक, शैलीगत, र शैली-इतर चयन । व्याकरणिक चयन भन्नाले त्यस्तो चयन भन्ने बुझिन्छ जो व्याकरणका नियम र मान्यताका दृष्टिले शुद्ध अथवा अशुद्ध मानिन्छ । शैलीपरक चयन र शैली-इतर चयन दुवै व्याकरणिक सीमाभित्र बसेर गरिने चयन हुन् । दुवैमा विभिन्न व्याकरणसम्मत भाषिक विकल्पबाट छानेर प्रयोक्ताको विवेकले ठीक ठहऱ्याएको चाहिँ प्रयोग गरिन्छ । शैलीपरक चयन त्यस्तो भाषिक चयन हो जसमा  हरदर एउटै तात्पर्य बोध गराउने विभिन्न एकाइहरूबाट रोजेर कुनै एउटा विशेषको प्रयोग गरिन्छ । तर शैली-इतर चयनमा अर्थका दृष्टिले भिन्नाभिन्नै संरचनाहरू मध्येबाट एउटालाई रोज्ने काम हुन्छ (भण्डारी र नेपाल, २०६७ : ३४) । कतिपय अवस्थामा विकल्पहरू उपलब्ध नहुन सक्छ । यस्तो अवस्थामा चयनले अर्थगत भूमिका नराख्न सक्छ ।

**२) अग्रभूमि निर्माण**

शैलीवैज्ञानक अध्ययनअनुसार साहित्यिक कृतिमा परम्परागत, रुढ र यान्त्रिक नभएर नवीन, सौन्दर्यपूर्ण भाषिक प्रयोग गर्नु नै अग्रभूमि निर्माण गर्नु हो । “रचनाको कुनै अंशलाई विशिष्ट

तुल्याउन सो अंशमा विशेष बल दिनु नै अग्रभूमिको निर्माण हो" (शर्मा, २०५९ : ८)। साहित्यिक कृतिमा कृतिकारले परम्परागत रुढ प्रयोग वा पश्चभूमिलाई हटाएर विशिष्ट किसिमको प्रयोगका लागि अग्रभूमिको निर्माण गरेको हुन्छ । रचनाकारले अग्रभूमिको निर्माण गर्नुको उद्देश्य अभिव्यक्तिलाई तिख्खर बनाउनु हो । अग्रभूमिले साहित्यिक भाषाको सिर्जनामा विशेष भूमिका खेल्दछ । अभिव्यक्तिका लागि भाषिक एकाइका ध्वनि, शब्द, पदावली, वाक्य अदिमा विशेष बल दिई तिनलाई अगाडि सार्ने काम गरिन्छ । शैलीविज्ञानका क्षेत्रमा अग्रभूमिको निर्माण सम्बन्धी धारणाको प्रतिपादनको श्रेय सन् १९३० मा जे. मुकारोभ्स्कीलाई प्राप्त छ ।

अग्रभूमिमा नवीनता, असामान्यता, अद्वितीयता, अप्रायिकता, अनपेक्षितता जस्ता विशेषता भेटिन्छन् । यसका साथै प्रचलित प्रयोगभन्दा बढी स्मरणीय हुनु, प्रभावशाली हुनु, महŒपूर्ण हुनु, अनौठोपन वा वक्रताले गर्दा चर्चित वा व्याख्येय बन्न सक्नु, अग्रभूमिलाई पहिचान गर्ने आधार मानिन्छन् (अधिकारी, २०६२ : २७५) । अग्रभूमि निर्माण मूलतः दुई तरिकाले गरिन्छ ।

**क) विचलन**

विचलन भन्नाले प्रचलित मान्यता वा नियमको उल्लङ्घन भन्ने बुझिन्छ । "सामान्य नियम वा प्रचलित संरचनाको अतिक्रमणलाई विचलन भनिन्छ (अधिकारी,२०६२ : २७५) ।" कुनै विशिष्ट वा साहित्यिक अभिव्यक्तिमा मानक भाषिक वा व्याकरणिक प्रयोग अक्षम भएको अवस्थामा लेखकले मानकको उल्लङ्घन गरी विचलन ल्याउँछन् । परम्परागत मान्यताबाट आशय व्यक्त हुन नसक्दा विचलनको प्रयोग गरिन्छ । त्यस्तो विचलन सार्थक वा उद्देश्यपूर्ण भने हुनुपर्दछ । विचलनका निम्न प्रकारहरू छन् :

**अ) कोशीय विचलन**

सामान्य भाषिक प्रयोगमा नआएका वा शब्दकोशमा प्रविष्ट नभएका शब्दहरू स्रष्टाले आफैं निर्माण गरेका वा परम्परामा रहेका शब्दलाई नयाँपनका साथ प्रयोग गर्नु कोशीय विचलन हो । जस्तैः महाकवि देवकोटाले प्रयोग गर्ने फुलारू, मान्द्रिलो, गोब्रिलो, गुन्द्रिलो आदि ।

**आ) व्याकरणिक विचलन**

प्रत्येक भाषाको आफ्नै स्वरूप र संरचना अनुसारको निश्चित व्याकरणिक व्यवस्था हुन्छ । यही व्यवस्थामा रहेर स्रष्टाले आफ्ना भावाव्यक्ति प्रकट गरेको हुन्छ । तर कतिपय अवस्थामा स्रष्टाले विशिष्ट भाषिक अभिव्यक्ति प्रकट गर्ने क्रममा व्याकरणिक विधानले बाधा पुऱ्याउने गर्दछ । त्यस्तो अवस्थामा स्रष्टाले व्याकरणिक विधानलाई तोडमोड गरी भावानुकूल भाषाको प्रयोग गर्दा व्याकरणिक

विचलन हुन जान्छ । यस्तो विचलन लिङ्ग, वचन, परुष, काल, भाव, पक्ष, वाच्य, आदिजस्ता व्याकरणात्मक कोटि तथा व्याकरणिक एकाइहरू रूपिम, शब्द, पदसमूह, उपवाक्य, वाक्य आदिको व्यवस्थित अनुक्रममा हुने गर्दछ । व्याकरणिक विचलनका विविध आयामहरूमध्ये पदक्रममा हुने विचलन शैलीगत विशिष्टताको दृष्टिले अत्यन्त प्रभावकारी देखिन्छ । जस्तै : म त खाँदिन कुवाको पानी ............... (पदक्रम विचलन )

**इ) ध्वनिप्रक्रियात्मक विचलन**

भाषिक उच्चारणको मानक रूपमा देखिने विचलनलाई ध्वनिप्रक्रियात्मक विचलन भनिन्छ । यस्तो विचलन स्रष्टाले आफ्ना भावाव्यक्तिमा जनजिब्रोको भाषा प्रयोग गर्दा, लय वा छन्द मिलाउँदा देखापर्छ । जस्तै : गयुम् (गयौं), खायुम् (खायौं) ।

ई) अर्थतार्Œिक विचलन

भाषिक प्रयोगका कारणले अर्थ सम्प्रेषणमा देखिने विचलनलाई अर्थतार्Œिक विचलन भनिन्छ । यो भाषाको अन्तरङ्ग पक्षसँग सम्बन्धित छ । भाषाको व्याकरणिक सीमाभित्र संरचित कुनै पनि शब्दको कोशीय अर्थलाई मानक अर्थ भनिन्छ । तर अभिव्यक्तिका कतिपय सन्दर्भमा प्रयुक्त शब्दहरूले लक्षणात्मक, व्यञ्जनात्मक, बिम्बात्मक, प्रतीकात्मक आदि अर्थ व्यक्त गरेका हुन्छन् । यसरी साहित्यमा आलङ्कारिक वा ध्वन्यात्मक अर्थ प्रतिपादनका लागि मानक अर्थको अतिक्रमण हुनु नै अर्थतार्Œिक विचलन हो । जस्तै :

के हो ठूलो जगतमा पसिना विवेक
उद्देश्य के लिनु उडी छुनु चन्द्र एक ।

-'प्रश्नोत्तर' महाकवि देवकोटा

**उ) भाषिका विचलन**

स्तरीय भाषाका बिचबिचमा अन्य भाषिकाका विशेषताहरू थपिई हुने भाषिक विचलनलाई भाषिकागत विचलन भनिन्छ । सर्जकले आफ्नो सिर्जनालाई विशिष्ट तथा आकर्षक बनाउन भाषिका तथा उपभाषिकाका शब्दहरू समावेश गरेको हुन्छ । स्थानीय घटना तथा परिवेशलाई चित्रणमा सहज तुल्याउँछ । जस्तै :

ऊ सुपोमा चामल केलाउँछ । (नाङ्लो)

### ऊ) लेख्यप्रक्रियात्मक विचलन

शब्द लेखनमा देखापर्ने विचलनलाई लेख्यप्रक्रियात्मक विचलन भनिन्छ । स्रष्टाले आफ्ना सिर्जनालाई विशिष्ट ढङ्गबाट प्रस्तुत गर्न शब्दबाट मात्र सम्भव नदेखी विशेष प्रकारका चिन्हहरूको प्रयोग अथवा मानक लेखाइभन्दा भिन्न तरिकाले लेखेका हुन्छन् । त्यसैलाई नै लेख्यप्रक्रियात्मक विचलन भनिन्छ । जस्तै : दे ला मा ग

श ई या र ।

### ए) प्रयुक्ति विचलन

एउटा परिस्थिति वा प्रसङ्गको भाषालाई अर्को परिस्थिति वा प्रसङ्गमा प्रयोग गर्दा प्रयुक्ति विचलन हुन्छ । जस्तै :

प्रत्येक रात मलाई लामखुट्टेहरूले कानमा आएर सशस्त्र युद्धको घोषणा गर्छन् ।

यसरी विचलन अन्तर्गत कोशीय, व्याकरणिक, ध्वनिप्रक्रियात्मक, अर्थतािŒक, भाषिका र प्रयुक्ति विचलन गरी प्रमुख सात प्रकारका विचलनलाई आधार मानी शैलीविज्ञानले कृतिको विश्लेषण गर्दछ ।

### ख) समानान्तरता

समानान्तरताले समान तत्त्वहरूको पुनरावृत्तिलाई जनाउँछ (अधिकारी,२०६२ : २७८) ।

भाषा प्रयोगमा नियमित पुनरावृत्तिलाई समानान्तरता भन्दछन् (२०५९ : ८) ।

समानान्तरतालाई पनि भाषाका विभिन्न एकाइ र तहभित्र प्रकटित भएको देख्न सकिन्छ । तसर्थ वर्ण, लय, रूप, शब्द, पदावली, उपवाक्य अदिमा हुने सादृश्यले साहित्यिक अभिव्यक्तिमा विशिष्टता झल्काउन मद्दत गरेको हुन्छ । समानान्तरताले भाषाको प्रयोगमा अझ नियमितता सिर्जना गरेर आकर्षण बढाउँछ । बाह्य समानान्तरता शाब्दिक तहमा र आन्तरिक समानान्तरता आर्थी तहमा निहित भएको हुन्छ ।

### ग) विविधता

विषय र प्रयोगकर्ताका अनुसार एउटा भाषाका विभिन्न भेदहरू देखा पर्छन् र यिनै भेदहरूलाई विविधता भनिन्छ । साहित्यिक कृतिहरूमा यस्तो अनेक प्रकारका विविधताहरू देख्न पाइन्छ । शैलीविज्ञानले प्रयुक्तिका आधारमा कृतिमा प्रयुक्त विविधताको विश्लेषण गर्छ (शर्मा, २०५९ : ८) ।

कुनै कृतिमा विषय र प्रसङ्गअनुसार फरकफरक भाषाको प्रयोग हुन्छ भने त्यस्ता विषयमा नवीनता आई भिन्नता पाइन्छ । त्यसैले वैयक्तिक भिन्नता र विषयगत भिन्नता देखिने भाषिक भेदलाई नै विविधता भनिन्छ । कृतिको परिवेश र प्रभाव क्षेत्रलाई दृष्टिगत गरी रचनाकारले प्रभावकारी र आकर्षक बनाउन विभिन्न प्रकारका उपकरणहरूको प्रयोग गर्दछ । तसर्थ शैलीविज्ञानले विश्लेषमा विविधताको विश्लेषण गर्ने गर्दछ ।

## सारांश

तत्सम शब्द 'शील'बाट नेपालीमा शैली शब्दको निर्माण भएको हो । यो ल्याटिन भाषाको Stilus बाट अङ्ग्रेजी भाषामा Style र नेपालीमा शैलीको रूपमा रूपान्तरित भएको हो । कृति रचनाका क्रममा स्रष्टाले चयन, विचलन, संयोजन तथा वितरण गर्ने कौशलका रूपमा शैलीलाई अर्थ्याइएको छ ।

शैलीविज्ञानको इतिहास त्यति पुरानो छैन । उन्नाइसौं शताब्दीको सुरुमा जर्मनमा Stylistik शब्दको प्रयोग भएको पाइन्छ । त्यसपछि अङ्ग्रेजीमा Stylistic, फ्रेन्चमा Stylistique को रूपमा प्रयोग प्रयोग भएको पाइन्छ । शैलीविज्ञान साहित्यिक समालोचनाको क्षेत्रमा भाषावादी दृष्टिबाट गरिने समालोचना हो ।

शैलीविज्ञानको प्रयोग पूर्वीय तथा पाश्चात्य दुवैतर्फ भएको पाइन्छ । पूर्वमा सोझै शैली शब्दको प्रयोग गरेर चर्चा नगरे पनि भामह, आनन्दवर्धन, कुन्तक, भरतमुनि आदिले अलङ्कार, रीति, बक्रोक्ति आदिका रूपमा शैलीको चर्चा गरेका छन् । पश्चिममा अरस्तुबाट शैली सम्बन्धी सर्वप्रथम विवेचना पोयटिक्स ग्रन्थमा भएको पाइन्छ । डायनोसियस, इलियट, लुकास आदि विद्वान्हरूबाट क्रमशः अगाडि बढेको शैलीविज्ञानले प्रसिद्ध भाषाशास्त्री फर्डियान्ड डी. सस्युरको आगमनपश्चात् पूर्णता प्राप्त गरेको पाइन्छ । भाषाको सूक्ष्म तथा विशिष्ट अध्ययन विश्लेषण गर्ने यस अध्ययनले कृतिको अध्ययन विश्लेषणका क्रममा चयन, विचलन, समानान्तरताका जस्ता उपकरणलाई अपनाउँछ ।

शैलीविज्ञानको सैद्धान्तिक आधार र कृतिविश्लेषणको सैद्धान्तिक आधारलाई समेत हेर्दा शैलीविज्ञान साहित्यलाई हेर्ने एउटा नयाँ दृष्टिकोण हो भन्ने कुरा प्रस्ट हुन्छ । यसले भाषाविज्ञानमा उपलब्ध उपकरणका मद्दतले कृतिमा प्रयुक्त शैलीको विश्लेषण गर्छ । यसै सैद्धान्तिक आधारको पृष्ठभूमिमा रहेर प्रस्तुत कृति 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा सङ्ग्रहित निर्धारित कथाहरूको विश्लेषण गरी निष्कर्ष निकालिएको

## अध्याय-तीन

## शोध विधि

अध्ययन विधि शोधकार्यको अभिन्न अङ्ग हो । उद्देश्य प्राप्ति अध्ययन विधिको उपयुक्तता व्यवस्थितताामा भर पर्ने हुनाले यो महत्त्वपूर्ण हुन्छ । प्रस्तुत *'फर्किएर हेर्दा' कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूको शैलीवैज्ञानिक अध्ययन*मा निम्न विधिको प्रयोग गरिएको छ :

### अनुसन्धनात्मक ढाँचा

प्रस्तुत फर्किएर हेर्दा कथासङ्ग्रहमा समाविष्ट कथाहरूको शैलीवैज्ञानिक अध्ययनलाई पुस्तकालयीय विधिको माध्यमबाट अध्ययन अनुसन्धान गरिएको छ । अध्ययनीय विषयसँग सम्बन्धित विभिन्न पुस्तकको अध्ययनका आधारमा कथाकार विनोद खनालज्यूको २०७५ सालमा प्रकाशित फर्किएर हेर्दा कथासङ्ग्रहमा समावेश गरिएका चोर, प्रयत्न, श्रद्धा सुमन, फर्किएर हेर्दा, उर्लिएको तरङ्ग , सार्थक सपना र आड भरोसा गरी ७ वटा कथाहरूको कथानक, पात्र, चयन, विचलन र समानान्तरताका आधारमा शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### तथ्याङ्क सङ्कलन विधि

यस शोधकार्यमा सामाग्री सङ्कलनका निम्ति पुस्तकालयीय पद्धतिलाई मूल आधार मानिएको छ । जसका लागि निम्न स्रोतबाट सामग्री सङ्कलन गरिएको छ :

### प्राथमिक स्रोत

अध्ययनको प्राथमिक स्रोतको रूपमा 'फर्किएर हेर्दा' कथासङ्ग्रहलाई लिइएको छ । त्यसैका आधारमा चोर, प्रयत्न, श्रद्धा सुमन, फर्किएर हेर्दा, उर्लिएको तरङ्ग , सार्थक सपना र आड भरोसा गरी ७ वटा कथाहरूको विश्लेषण गरिएको छ । साथै यसमाा कथाकारका विचारहरूलाई समेत मनन गएिको छ ।

### द्वितीय स्रोत

अध्ययनको द्वितीय स्रोत अन्तर्गत यस फर्किएर हेर्दा कथासङ्ग्रहका सम्बन्धमा पत्रपत्रिकामा प्रकाशित लेख, समीक्षा, टिकाटिप्पणी तथा शैलीविज्ञानसँग सम्बन्धित र अन्य पुस्तकहरू, प्रकाशित तथा अप्रकाशित शोधप्रबन्धहरू रहेका छन् ।

## अध्ययन विधि/पद्धति

प्रस्तुत अध्ययनमा सामग्री सङ्कलन गरिसकेपछि सङ्कलित सामग्रीहरूलाई भाषिक एवम् रचनात्मक शैलीविज्ञानको विश्लेषणात्मक पद्धति अपनाएर अध्ययन-विश्लेषण गरिएको छ । अनुसन्धानलाई अर्थपूर्ण निष्कर्षमा पुऱ्याउन सैद्धान्तिक आधार तयार पार्ने क्रममा विभिन्न पाठ्यपुस्तक, शब्दकोश, प्रकाशित तथा अप्रकाशित शोधपत्रहरूका साथै कथासङ्ग्रह र त्यससँग सम्बन्धित अन्य टिपोटहरू पनि समावेश गरी सामग्री ग्रहण गरिको छ । कथा संगहमा संग्रहित चोर, प्रयत्न, श्रद्धा सुमन, फर्किएर हेर्दा, उर्लिएको तरङ्ग , सार्थक सपना र आड भरोसा गरी ७ वटा कथाहरूको कथावस्तु पात्र, चयन, विचलन, समानान्तरताका आधारमा भाषापरक अध्ययन गरिएको छ । आवश्यकतानुसार विभिन्न विद्वानहरूको सल्लाह सुझावहरूलाई समेत मनन गरी शोधपत्र तयार पारिएको छ ।

# अध्याय : चार

# व्याख्या विश्लेषण

## 'फर्किएर हेर्दा' कथासङ्ग्रहको  निर्धारित कथाहरूको विश्लेषण


### कथानक

कथामा कार्यकारण सम्बन्धद्वारा कसिएका व्यवस्थित घटनाहरूलाई कथानक भनिन्छ । कथानक कथाको आधारवस्तु हो । कथानकबिना कथाले पूर्णता नपाउने भएकाले कथाको अनिवार्य तत्वका रूपमा कथानक वा कथावस्तुलाई लिइन्छ । कथानक कथामा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । यसमा आउने घटनाहरू कार्यकारण सम्बन्धबाट कसिएका हुन्छन् ।

### कथानकको विकासक्रम


। कथानकले कथालाई एउटा घटनाक्रमको शृङ्खलामा मिलाएर कृतिलाई पूर्णता दिएको हुन्छ । यस्ता कथानकहरू आदि, मध्य र अन्त्यको अवस्थामा विकसित भएको हुन्छ । जसलाई निम्न तालिकाद्वारा प्रष्ट पार्न सकिन्छ  :

तालिका नं. ४



कथानकको विकासक्रमलाई जर्मनेली समालोचक गुस्ताभ फ्लुवर्ट फ्रेटागले आफ्नो पुस्तक 'टेक्निक अफ द ड्रामा' (१८६३) मा पिरामिड आकारमा निम्नानुसार देखाएका छन् ।

तालिका नं ५




**'चोर' कथाको विश्लेषण**

चोर कथा कथाकार विनोद खनालद्वारा रचित फर्किएर हेर्दा कथासङ्ग्रहको एक सामाजिक यथार्थवादी कथा हो । नेपाली समाजमा निम्न वर्गीय मानिसहरूले आफ्नो जीविका चलाउन चोरी गर्न बाध्य हुनुपरेको घटनालाई कथाले कथानकको रूपमा लिएको छ । आर्थिक रूपमा कमजोर वर्गका मानिसहरू अर्काको हली बसेर बनी गरेर जीवन गुजारा गरिरहेका हुन्छन् तर त्यतिले पनि जीविका नचलेपछि पेटकै कारण चोरी गर्न बाध्य भई चोर बन्नु परेको यथार्थता कथामा प्रस्तुत भएको छ । यसका साथै नेपालको न्यायलयमा हुने गरेको बेथिति र विसङ्गतिलाई प्रस्तुत गर्न कथा सफल बनेको छ । नेपालमा गरिब र निमुखा वर्गलाई मात्रै कानुन लाग्ने गरेको तर ठूलाठूला अपराधीहरू राजनैतिक आडका कारण उन्मुक्ति पाई ठाडो शिर पारेर हिँड्ने गरेको यथार्थता कथामा प्रस्तुत भएको छ । न्यायलयका न्यायधीशहरू कानुन र आफ्नो विवेकले भन्दा पनि ठूला हाकिम र नेताबाट परिचालित हुने गर्दछन् । कानुनले हुनेसम्म सकेको छैन । कथामा पेट भर्नका लागि जाबो पाँच के.जी. अदुवा चोर्दा जेल जानुपरेको छ भने काठ चोर र मूर्तिचोर राजनीतिक आडमा छुटकारा पाएका छन् । न्यायधीशहरू पनि विवेकी नभएको कुरा कथामा प्रस्तुत गरिएको छ । ठूला

अपराधीलाई दोषी सावित गर्न सक्दैनन् तर गरिब र निमुखा जनताले भने सानो गल्ती गरे पनि आफ्नो बढुवा हुने भएकाले दोषी सावित गरी जेलमा पठाउने गरेका छन् ।

यसरी कथामा गरिबका कारण चोर हुनुपरेको र न्यायलयमा हुने गरेको विसङ्गतिलाई यथार्थ ढङ्गले प्रस्तुत गर्न सफल बनेको छ ।

फ्रेटागका अनुसार चोर कथाको कथानकको तथ्याङ्कलाई निम्नाअनुसार देखाइएको छ :

आरम्भ/चिनारी

क) बाली चोरेको निहुँमा चोरलाई मानिसहरूले घेर्नु,

ख) मानिसहरूले चोरलाई लबटा, थप्पड र लात्तीले कुट्दै करेला, खसी, मकै अनि फर्सी पनि चोरेको आरोप लगाउनु,

ग) भीडमा पुलिस आइपुग्नु,

सङ्घर्ष विकास

क) अदुवा चोरेको दशी प्रमाण फेला परेकाले पुलिसले पनि उसलाई दुई डन्डा लगाउनु,

ख) चोरलाई पुलिसले ठानामा लगी इलाका कार्यालयमा चलान गर्नु,

ग) उसलाई न्यायधीश कहाँ लगिनु र न्यायधीशले बयान लिनु,

चरम उत्कर्ष

क) न्यायधीशले चोरको पारिवारिक अवस्थाको बारेमा जानकारी लिनु,

ख) आफूले हलो जोत्ने काम गरको बनी गरी जीवन धान्न प्रयास गरेको, त्यसले पनि नभएर गुजारा गर्नकै निम्ति चोर्न बाध्य बन्नु परेको यर्थार्थता न्यायधीश सामु चोरले राख्नु,

ग) चोरको सबै अवस्था बुझ्दा उसलाई छोड्नु पर्ने मनस्थिति न्यायधीशको बने पनि दशी प्रमाणका कारण उसलाई छोड्न नमिल्नु,

सङ्घर्ष ह्रास

क) न्यायधीशले यो चोरको केससँग मिल्दो अन्य दुईवटा चोरकै केसको तुलना गर्नु,

ख) काठ चोरलाई गाडीसहित समात्दा वनमन्त्रीको टेलिफोन आएपछि छोडेको सम्झनु,

ग) त्यस्तै हिजो मूर्ति चोरलाई पनि नछोडे न्यायधीशलाई नै पदमुक्त गर्ने धम्की आएपछि छोड्नु परको सम्झनु,

घ) तर यो चोर जाबो पाँच के.जी. अदुवा चोर्दा निर्घात कुटाइ खानु परको र उसलाई जोगाउन कसैले फोन पनि नगरेको,

उपसंहार

क) खरिदारले रिपोर्ट तयार पार्नु,

ख) तयार पारिएको रिपोर्टको पुछारमा न्यायधीशले सही गरिदिनु,

ग) सवुत प्रमाणका कारण चोर जेल जानु,

घ) न्यायधीशको बढुवा हुने पक्का हुनु,

## 'प्रयत्न' कथाको विश्लेषण

प्रयत्न कथा फर्किएर हेर्दा कथासङ्ग्रहको अर्को सामाजिक यथार्थवादी कथा हो । यस कथामा आधुनिकताका नाममा भित्रिएका व्यवहारले परिवार नै सङ्कटमा परेको घटनालाई प्रस्तुत गरिएको छ । घरका अभिभावकको व्यवहार नै विसङ्गति भएमा आफ्ना सन्तान पनि कुबाटोतिर लाग्ने गरेको यथार्थता कथामा प्रस्तुत गरिएको छ । कथाको पात्र उदयको रक्सी खाने, छोरी र स्वास्नीलाई पनि खान लगाउने जस्ता व्यवहारले उसका छोराछोरीहरू कुबाटोमा लागेका छन् । खराब आचरण र असन्तुलित खानपानकै कारण उसको असमायिक निधन भएको छ भने अवस्था दयनीय बनेको छ । छोरो प्रवीणको व्यवहार पनि बाबुको भन्दा फरक छैन । घरका पुरुषहरूको गैरजिम्मेवारी व्यवहारले नारीहरू प्रताडित बन्न पुगेको अवस्था कथामा देखाइएको छ । विवाह पश्चात पनि प्रवीणको व्यवहार सुध्रन नसक्दा उसकी श्रीमती लक्ष्मीले अत्यन्तै ठूलो दुः ख भोगकी छ । सासु र बुहारीको दण्डनीतिको कारण अन्त्यमा प्रवीण सुध्रिएकोले नारीमाथिको अत्यचारलाई नारीले सहन गरेर बस्नु नहुने कुरा कथामा प्रूस्तुत गरिएको छ । निरन्तर प्रयास गरेमा नारीहरूले पनि पुरुषबादी हैकमलाई तोड्न सक्षम हुन्छन् भन्ने आशयका कथामा देखिन्छ । अत : प्रस्तुत कथाले पुरुष सत्ताबाट नारी वर्गमाथि भइरहने अत्यचारलाई नारीकै दृढता साहस र मिलेमतोबाट परास्त गर्न सकिदो रहेछ भन्ने उदाहरण नेपाली समाजमा प्रस्तुत गरिएको छ ।

### 'प्रयत्न' कथाको कथानकको तथ्याङ्क

फ्रेटागका अनुसार 'प्रयत्न' कथाको कथानकको तथ्याङ्कलाई निम्नाअनुसार देखाइएको छ :

आरम्भ/चिनारी

क) धनी बाबुको एक्लो छोरो प्रवीण सानैदेखि पुल्पुलिएको हुनु,

ख) चारओटा छोरीपछि जन्मिएको छोरो भएकाले उदयले छोरालाई चाहिनेभन्दा बढी स्वतन्त्रता दिएका,

ग) प्रवीण पढ्न भन्दा बढी खेल्न र फिल्म हेर्न चाख रहनु,

घ) होस्टलमा हुँदा बिजुली बत्तीहरू फुटाउने, गमला तोड्ने आदिजस्ता खराब कामहरू प्रवीणले गर्नु,

ङ) प्रवीणकै कारण उदयले छोरालाई विभिन्न स्कुलमा पुऱ्याए पनि पढाइमा प्रगति गर्न नसक्नु,

सङ्घर्ष विकास

क) प्रवीणका बाबु उदय आफू पनि आदर्श व्यक्ति नभएका,

ख) उसकै कारण छोराछोरी खराब बाटोमा लाग्नु,

ग) खराब आचरणका कारण उदयको असामयिक निधन हुनु,

घ) छोरीहरूले आफू-आफू केटो रोज्दै विवाह गर्नु,

ङ) छोरीहरूको विवाहपछि उदयकी श्रीमती लक्ष्मी एक्लै हुनु,

च) छोरो प्रवीण हुनु र नुहुनुको अर्थ नहुनु,

छ) छोरोको अवस्था देखेर लक्ष्मी दुःखी हुनु,

ज) छोराको विवाह गरिदिने लक्ष्मीले सोच्नु तर उसको व्यवहार देखेर कसैले छोरी दिने परिस्थिति नबन्नु,

झ) निक्कै प्रयासपछि प्रवीणको विवाहको कुरा छिन्नु,

ञ) प्रवीणको विवाह धुमधामसित हुनु,

चरम उत्कर्ष

क) विवाहपछि लोग्नेको व्यवहार देखेर प्रवीणको पत्नी सुशीला निक्कै दुःखी हुनु,

ख) लोग्नेको व्यवहारले छोडेर जाने सोच बनाए पनि माइतीको इज्जत र पेटको बच्चाका कारण त्यो सम्भव नहुनु,

ग) पतिलाई सुधार्ने प्रयत्नमा सुशीला लाग्नु,

घ) सुरुसुरुमा सम्झाउनु, सुधारगृहमा लगेर राख्नु तर प्रवीणमा सुधार नआउनु,

ङ) प्रवीणमा सुधार नआउनु,

च) प्रवीणले श्रीमतीलाई कुट्न थाल्नु,

छ) सुशीलाले आत्महत्या गर्ने योजना बनाए पनि आँट नआउनु,

ज) सासू बुहारी दुवै लागेर प्रवीणलाई सही बाटोमा ल्याउने प्रयासमा लाग्नु

झ) सासू बुहारी दुवैले अनेक प्रयास गर्दा पनि प्रवीणमा सुधार नआउनु,

ञ) सम्झाउँदा, बाचा गराउँदा पनि नभएपछि दण्डनीति नै अपनाउने निष्कर्षमा सासू बुहारी पुग्नु,

सङ्घर्ष ह्रास

क) उनीहरूले प्रवीणलाइ बाँधेर कोठामा थुन्नु,

ख) प्रवीणले विद्रोह गर्ने प्रयास गर्नु तर सफल नहुनु,

ग) चार दिनसम्म थुनेपछि प्रवीणले आमा र श्रीमतीसँग माफी माग्नु,

घ) आइन्दा यस्तो नगर्ने बाचा गर्नु,

उपसंहार

क) त्यस दिनदेखि प्रवीणले कहिले रक्सी पिएर आमा र श्रीमतीलाई दुःख नदिनु,

ख) समाजमा लक्ष्मी र सुशीला प्रशंसाको पात्र बन्नु,

## 'श्रद्धा सुमन' कथाको विश्लेषण

विनोद खनालद्वारा रचिएको श्रद्धा सुमन कथा साहित्यकारको जीवनीमा आधारित कथा हो । साहित्यकारहरूको साहित्यिक जीवन सुन्दर भए पनि उनीहरूको व्यवहारिक जीवन भने ज्यादै दुःखद र कष्टका हुने गरको यथार्थतालाई कथाले कलात्मक ढङ्गले प्रस्तुत गरेको छ । पंकज क्षितिज एक कुशल सर्जक भए पनि उसको पारिवारिक स्थिति भने कमजोर रहेको छ । परिवारको सहयोग नभए पनि उनका सिर्जना कमजोर छैनन् । सर्जकको स्वच्छन्द र सहयोगीपनको उदाहरण पंकज बनेका छन् । लेखक कलाकारको जीवनको दुरुस्त प्रस्तुति कथामा पाउन सकिन्छ । हाम्रो समाजमा बाँचुन्जेल उसको प्रतिभालाई चिन्न नसक्ने तर मरेपछि भने उसको महत्व र महिमा गाउने चलनलाई कथाले व्यङ्ग्य गरेको छ ।

'श्रद्धा सुमन' कथाको कथानकको तथ्याङ्क

फ्रेटागका अनुसार 'श्रद्धा सुमन' कथाको कथानकको तथ्याङ्कलाई निम्नाअनुसार देखाइएको छ :

आरम्भ/चिनारी

क) कविजी कविता लेख्दै गर्नु,

ख) श्रीमतीले घरमा चामल नभएको गुनासो कविजीलाई राख्नु,

ग) कविजी -धनपति) को जीवन न सुखी न दुःखीको रहेको,

घ) प्राथमिक विद्यालयका शिक्षक धनपतिले एक कठ्ठा जमिन र एउटा सामान्य घर रहेको,

ङ) पहाडको जमिन पहिराले बगापछि उनी मधेस नै बसेका,

च) लक्ष्मीसँग विवाह गरी जीवनयापन गर्दै आएका

सङ्घर्ष विकास

क) धनपतिको साहित्यिक नाम पंकज क्षितिज रहेको,

ख) उनी विभिन्न जिल्लाका साहित्यिक कार्यक्रममा रचना सुनाउन जाने गरको,

ग) उक्त कार्य लक्ष्मीलाई राम्रो नलाग्ने गरेको,

घ) श्रीमान्‌ले व्यर्थै समय बिताएको र पैसा नकमाएकोमा श्रीमती रिसाउने गर्नु,

ङ) धनपतिलाई कसैले केही सहयोग गर्दैनथे बरु उल्टै उनीबाट मानिसहरूले सहयोग लिने गरेका,

च) शिक्षकको जागिर संघर्षमय रहेको,

छ) घरमा आवश्यक दैनिक उपभोग्य सामान ल्याउने पैसा नहुने गरेको,

ज) यही विषयमा श्रीमान् श्रीमतीको झगडा भइरहने गरेको,

चरम उत्कर्ष

क) श्रीमती, छोराछोरीको कचकचका कारण उनी अशान्त भई बाँचिरहेका,

ख) पिरालो र गरिबीका कारण उनी रोगी बन्दै गएका र उपचार खर्च नहुँदा उनले संसार छाडेका,

सङ्घर्ष ह्रास

क) उनको दाहसंस्कार र काजक्रिया पछि लक्ष्मीको जीवन शून्यता छाएको,

ख) आयस्रोतको बाटो बन्द भई लक्ष्मी धनहीन बन्न पुगेकी,

ग) धेरै समयपछि पंकज क्षितिजको मृत्यु भएको खबर जिल्लामा पुगेपछि साहित्यिक संस्थाले उनले साहित्यमा गरेको योगदानको कदर गर्दै मरणोपरान्त पुरस्कार प्रदान गर्ने निर्णय गर्नु,

उपसंहार

क) एक कार्यक्रमका बीच लक्ष्मीलाई पुरस्कार प्रदान गरी कविज्यूप्रति श्रद्धा सुमन अर्पण गर्नु,

ख) लक्ष्मीले बाँचुन्जेल पतिलाई राम्रो नदेखे पनि उक्त कार्यक्रममा पतिको प्रशंसा गर्दै श्रद्धा अर्पण गर्नु,

## 'फर्किएर हेर्दा' कथाको विश्लेषण

'फर्किएर हेर्दा' कथा प्रस्तुत कथासङ्ग्रहको शीर्ष कथा हो वृत्तकारीय शैलीमा लेखिएको प्रस्तुत कथा एउटी नारीको जीवनमा आधारित रहेको । पूर्व स्मृतिका रूपमा लेखिएको कथाकी प्रमुख पात्र उनीको जीवनका आरोह अवरोहलाई कथामा प्रस्तुत गरिएको छ । उमेर रहुञ्जेल मोजमस्ती र रमझममा रमाउनेहरूले बुढेसकालमा आफ्नो गल्तीको महसुस हुने कुरालाई कथाले व्यक्त गरेको छ । मानिसको जीवनको विसङ्गत पक्षलाई कथाले देखाएको छ । मानिसले जीवनको महत्वलाई नबुझ्दा दुःख भोग्नुपर्छ । क्षणिक रमझम र मोजमज्जामा रमेर व्यवहारिक जीवनलाई तिरस्कार गर्ने हो भने जीवनको अन्तिम समयमा पछुताउनु मात्र पर्नेछ । धनसम्पत्तिले मात्रै मानिसलाई सन्तुष्टि प्रदान गर्न सक्दैन । जसरी पनि सम्पत्ति कमाउनुपर्छ भन्ने मानसिकताले गलत बाटो अपनाइए पछुताउनु सिवाय केही नुहने भाव कथामा प्रस्तुत भएको छ ।

कथामा प्रमुख पात्र उनी रहेकी छिन् । उनले जीवनमा मोजमज्जालाई मात्रै उद्देश्य ठान्न पुगिन् । पैसा कमाउन यौन व्यवसायलाई अँगाल्न पुगिन् । जवानी रहुन्जेल उनको जीवन राम्रै भयो तर बुढेसकालमा अर्को सहारा कोही भएन । विवाह र बच्चा जन्माउनुलाई घिनलाग्दो पक्ष उनले ठानेकाले हाल उनी एक्लो र बेसाहरा बनेकी छिन् । साथीहरूको नातिनातिना देख्दा उनको मन गह्रौ लागेको छ  र उनी अहिले आफ्नो जीवनलाई फर्किएर हेर्न बाध्य भइन् तर उनले आफ्नो जीवनमा शून्यताभन्दा केही पाउन सकिनन् ।

'फर्किएर हेर्दा' कथाको कथानकको तथ्याङ्क

फ्रेटागका अनुसार 'फर्किएर हेर्दा' कथाको कथानकको तथ्याङ्कलाई निम्नाअनुसार देखाइएको छ :

आरम्भ/चिनारी

क) उनी करिब ६५ वर्ष अघि गाउँमा जन्मिएकी,

ख) गाउँकै पहाडमा बालसखाहरूसँग खेल्दै हुर्किएकी,

ग) उनी धनी परिवारकी भएकीले अरु साथीहरू घाँस दाउरा जाँदा स्कुल जाने गर्नु,

घ) गाउँमा सात कक्षाको पढाइ सिध्याएपछि उनलाई अभिभावकले माध्यमिक शिक्षा लिने व्यवस्था मिलाउनु,

सङ्घर्ष विकास

क) उनी पढ्नका लागि सहर पस्नु,

ख) उनले पढाइ भन्दा फेसन सोलाई बढी महत्व दिनु,

ग) सहरका रमझम र फेसनको प्रभावले उनी सेन्ट अप परीक्षामा दुई पटक फेल हुनु,

घ) अभिभावकले भारतबाट सर्टिफिकेट किनेर ल्याई क्याम्पस पढ्न लगाउनु,

ङ) उनी पढाइ भन्दा पनि सहरी रमझममै समय बिताउन थाल्नु,

चरम उत्कर्ष

क) लुगा फेरी फेरी लगाउनु र फेरी फेरी ब्वाइफ्रेन्डसँग हिड्नु नै उनको दिनचर्या हुनु,

ख) समय बित्दै जाँदा उनका साथीहरूले विवाह गरी छोराछोरी जन्माए पनि उनले भने विवाह गर्नु र बच्चा जन्माउनुलाई घिनलाग्दो दृष्टिले हेर्नु,

ग) अब उनी ठूला ठूला होटलमा रात बिताउन थाल्नु,

घ) नेता, मन्त्री, अभिनेता आदिसँग उनी रात बिताउन थाल्नु,

सङ्घर्ष ह्रास

क) यस व्यवसायबाट उनले प्रशस्त सम्पत्ति कमाउनु,

ख) अहिले उनको भव्य महल हुनु,

ग) उनी बिरामी भई थला पर्नु,

उपसंहार

क) साथीहरूले नातिनातिना लिएर उनलाई हर्न आउँदा उनलाई दुःख लाग्नु,

ख) उनको दिमागमा विगतका स्मृति आउनु तर जीवन फर्किएर हेर्दा शून्यताभन्दा बढ्ता केही नपाउनु,

## 'उर्लिएको तरङ्ग' कथाको विश्लेषण

'उर्लिएको तरङ्ग' कथा सामाजिक आर्थिक पृष्ठभूमिमा यौन मनोविश्लेषणमा आधारित कथा हो । वृत्तकारीय शैलीमा रचिएको प्रस्तुत कथामा एउटी नारीको जीवनमा घटेको घटनालाई प्रस्तुत गरिएको छ । आर्थिक अभावले ग्रसित परिवार आर्थिक सङ्कटबाट बच्न छोरीचेलीलाई आफूभन्दा हजुरबुबा समान उमेरको वृद्धसँग विवाह गरिदिएको घटना र त्यस पछिको परिणामलाई कथामा देखाइएको छ । वृद्ध श्रीमान् भएपछि श्रीमतीले अरुबाट यौनतृप्ति लिनुपर्ने घटनामा नै यस कथाको कथावस्तु केन्द्रित छ ।

सुन्तली हरिप्रसादकी श्रीमती हो । व्यवहारले श्रीमान् भए पनि उसले श्रीमानबाट पाउने शारीरिक सुख प्राप्त गरेकी छैन । आफ्नो जैविक आवश्यकता पूरा नहुँदा उसले आफ्नो भोक सन्तुष्ट पार्न आफ्नो नाता सम्बन्धलाई बिर्सन पुगेकी छे । आफ्नै बाबुसमानको सौतेलो छोरोबाट आंशिक सन्तुष्टि प्राप्त गरेकी सुन्तलीले आफू उमेर समानको तर सम्बन्धले नातिसँग पूर्ण यौन प्यास मेटाएकी छे । यसरी हेर्दा फ्रायडेली यौन मनोविज्ञानमा आधारित यस कथामा काम बासनाको पूर्णताका लागि सामाजिक तथा पारिवारिक मर्यादालाई सुन्तलीले तोड्न पुगेकी छे । अतः प्रस्तुत कथा यौन मनोविज्ञानमा आधारित रहेको पाइन्छ ।

'उर्लिएको तरङ्ग' कथाको कथानकको तथ्याङ्क

फ्रेटागका अनुसार 'उर्लिएको तरङ्ग' कथाको कथानकको तथ्याङ्कलाई निम्नाअनुसार देखाइएको छ :

आरम्भ/चिनारी

क) बाबु रामप्रसाद, आमा पूर्णिमा, सुन्तली र गणेश गरी चार जनाको परिवार हुनु,

ख) उनीहरूको परिवार गरिब भएकाले मालिकको जग्गामा बसी मालिककै जग्गा कमाउने गर्नु,

ग) मालिकको रामप्रसादको परिवार एकै परिवारजस्तै मिलेर बस्नु,

सङ्घर्ष विकास

क) रामप्रसादको घरमा बज्र परी रामप्रसादको मृत्यु हुनु,

ख) जसोतसो रामप्रसादको काजक्रिया हुनु,

ग) मालिक्नी खेतमा खाजा पुऱ्याई फर्कदा सर्पले डसेर उनको पनि मृत्यु हुनु,

घ) हरिप्रसाद एक्लो भएको महसुस गर्नु,

ङ) स्वास्नीको बर्खान्तमा सबै आफन्तले उनलाई पुनः विवाह गर्न सल्लाह दिनु,

च) रामप्रसादको मृत्युपछि पूर्णिमाको जिउमा आँखा लगाउने धेरै हुनु,

छ) हरिप्रसाद र पूर्णिमाको घनिष्टता बढेको गाउँमा हल्ला चल्नु,

चरम उत्कर्ष

क) एक दिन हरिप्रसाद पूर्णिमाको घर गई आफूलाई छोरी सुन्तली दिन पूर्णिमा समक्ष प्रस्ताव राख्नु,

ख) छोरी दिए ऋण मिनाह गर्ने र ५ कठ्ठा जग्गासमेत गणेशको नाममा पास गरिदिने प्रस्ताव राख्नु,

ग) सुरुमा पूर्णिमालाई रिस उठे पनि मालिकको प्रस्ताव उसलाई ठिक लाग्न थाल्नु,

घ) सुन्तलीले पनि उक्त कुरा थाहा पाउनु र सुन्तली तयार हुनु,

ङ) दुई चार दिनपछि मन्दिर गएर हरिप्रसाद र सुन्तली विवाह गर्नु,

सङ्घर्ष विकास

क) मालिकको जेठो छोरो राजधानीमा र कान्छो छोरो अमेरिकामा भएकाले श्यामप्रसाद बेलाबखत खेतीमा आउने गर्नु,

ख) मालिकसँग विवाह गरेपछि सुन्तलीको अवस्था पुरै फेरिनु,

ग) द्वन्द्वकालमा जग्गा र बाली हडप्ने डरले श्यामप्रसाद बाक्लै खेतीतिर आउन थाल्नु,

घ) श्यामप्रसादको खाजाको व्यवस्था सुन्तलीले गर्नु,

ङ) श्यामप्रसाद र सुन्तली नजिकिदै जानु,

च) एक दिन हजुरबुबा समानका पतिबाट पाउन नसकेको यौन तृप्ति केही हदसम्म बाबुसमानका श्यामप्रसादबाट पाउनु,

चरम अवस्था

क) श्यामप्रसादको छोरो सञ्जीव एक महिनाका लागि बाबुको अधिकार लिएर गाउँ आउनु,

ख) सुन्तली र सञ्जीव समकालीन साथी रहे पनि सञ्जीवले आफ्नी हजुरआमा बनेर आएकी महिला सुन्तली नै हो भनेर चिन्न निकै समय लाग्नु,

ग) सुन्तली सञ्जीवलाई बालककालको धेरै कुरा सुनाएर जिस्काउने गर्नु,

घ) एक दिन हरिप्रसादले नाति सञ्जीव र श्रीमती सुन्तलीलाई पारि गाउँमा ऋण उठाउन पठाउनु,

ङ) गाउँबाट फर्कदा साँझ झपक्क परिसक्नु,

च) खोला तर्ने क्रममा सुन्तलीले ढुङ्गामा ठोकिएको भान गर्दै सञ्जीवलाई च्याप्प अँगालोमा कस्नु,

छ) चन्द्रमाको किरणमा देखिएको प्राकृतिक सुन्दरतामा सुन्तली र सञ्जीव अलमलिनु,

ज) सुन्तली र सञ्जीवभित्र प्रेमका रोमान्स तरङ्गहरू उर्लनु, सुन्तलीले आफ्नो सर्वाङ्ग सञ्जीवलाई सुम्पन पुग्नु,

उपसंहार

क) उनीहरू यौन तृप्ति, आनन्द सुखद अनुभूति लिएर फर्कनु,

ख) आज यी सब कुरा सुन्तलीले सम्झिनु र मालिकको एउटा छोरो लिएर विधवा जीवन बिताउनु ।

## 'सार्थक सपना' कथाको विश्लेषण

'सार्थक सपना' कथा सामाजिक विषयवस्तुमा रचना गरिएको छ । रैखिक ढाँचामा रचित यस कथाको कथानक कथाको प्रमुख पात्र नरेशको जीवनमा प्राप्त सफलताको घटनाद्वारा निर्मित छ । सानो छँदा जर्मन गई पढ्ने र जर्मनीहरूलाई साथी बनाउने उद्देश्य राखेको नरेश अत्यन्तै मेधावी र मिहिनेती रहेको छ । उसको मिहिनेतका कारण उसले हरेक परीक्षामा सफलता प्राप्त गर्दै म्याक्ट्रिक परीक्षामा राज्य प्रथम भई आइ.एस्सी अध्ययन गर्न थाल्छ । आइ.एस्सी उत्तीर्ण गरी एम.बी.बी. एस. अध्ययन गरी डाक्टरी पेशा २ वर्षसम्म गरी एम.डी. अध्ययन गर्न राजदुताबासको छात्रवृत्ति कोटामा परी ऊ अध्ययन गर्न जर्मन जान्छ ।

कथामा सरल भाषाशैलीका माध्यमबाट नरेशले बाल्यकालमा देखेको सपना पूरा गरेको देखाइएको छ । थौरै पात्र संयोजन गरिएको कथा प्रमुख पात्र नरेशमा केन्द्रित रहेको छ । मिहिनेत र परिश्रम गरे सफलता प्राप्त गर्न सकिन्छ भन्ने सन्देश कथाले प्रवाहित गरेको छ । सानैदेखि एक मात्र लक्ष्य बोकी मिहिनेत गरे आफ्नो सपना पूरा गर्न सकिन्छ र देखेको सपना सार्थक बन्न सक्छ भन्ने आशय कथामा प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथा प्रसिद्ध कथाकार देवकुमारी थापाको उत्कृष्ट बालमनोवैज्ञानिक कथा 'भविष्य निर्माण'को प्रभाव परेको देखिन्छ । भविष्य निर्माणको कथामा रहेका तीन जना पात्र कृष्णबहादुर, पार्वती र नरेश तिनै पात्र यस कथाकमा देखिनु, एउटै गाउँ तुङसुङ वस्तीका वर्णन हुनु, संयोग मात्र हुन सक्दैन । भविष्य निर्माण कथामा घरमा बाबु कृष्णबहादुरसँग छोरो नरेशले बाबुको पाखुरामा गोली लागेको खत देखी कुराकानीकै क्रममा म पछि ठूलो भएपछि जर्मन गई जर्मनीलाई मार्छु भन्ने नरेशको विचारलाई पार्वतीले परिवर्तन गराई ठूलो भएर जर्मन गई जर्मनीलाई साथी बनाउनु भन्ने

सोचाइ नरेशले बनाएको हुन्छ भने यस सार्थक सपना कथामा सोही सन्दर्भ उल्लेख हुनु र नरेशले जर्मन जाने सपना पूरा गरेको वर्णन भएकाले यो कथा भविष्यनिर्माण कथाकै प्रभावमा आएको र उक्त कथाकै उत्तरार्ध भाग मान्न सकिने आधार देखिएको छ ।

'सार्थक सपना ' कथाको  कथानकको तथ्याङ्कलाई निम्नाअनुसार देखाइएको छ :

आरम्भ/चिनारी

क) छोरो नरेश, बाबु कृष्णबहादुर र आमा पार्वतीको सानो परिवार हुनु,

ख) नरेश सानैदेखि मेधावी विद्यार्थी भएकाले प्राइमरी स्कुलबाट अठासी प्रतिशत अङ्क ल्याई कक्षा ६ देखि पढ्न सेन्ट जोसेफ हाइस्कुलमा जानु,

ग) भारत र नेपालका विभिन्न ठाउँबाट पढ्न आउने उक्त विद्यालयमा इन्ट्रान्समा ९० प्रतिशत अङ्क ल्याई नरेशले आफ्नो क्षमताको परिचय दिनु,

घ) नरेशले म्याट्रिक परीक्षामा अठासी प्रतिशत अङ्क ल्याई राज्य प्रथम हुनु,

सङ्घर्ष विकास

क) नरेश सेन्ट जोसेफ कलेजमा आई. एस्सी. पढ्न थाल्नु,

ख) उसले छात्रवृत्तिमा नै पढ्ने अवसर पाउनु,

ग) नरेशले बायलोजी विषयमा पचासी प्रतिशत अङ्क ल्याई उत्तीर्ण गर्नु,

घ) बाबु आमाले नरेशलाई मेडिकल साइन्स पढाउने विचार गर्नु,

ङ) नर्थ बङ्गाल विश्वविद्यालय अन्तर्गत मेडिकल साइन्सको इन्ट्रान्समा पाँचौ नम्बरमा नाम निकाल्दै नरेश मेडिकल साइन्स पढ्न थान्नु,

च) बाबु आमाले आवश्यक पर्ने रकम जुटाइदिएर नरेशलाई पढ्न वातावरण बनाइदिनु,

छ) लगनशीन र मिहिनेतका कारण उसले एम.बी.बी.एस्.मा बयासी प्रतिशत अङ्क ल्याई उत्तीर्ण हुनु,

ज) उसको सफलताले दार्जिलिङको तुङसुङ बस्तीमा खुसियाली छाउनु,

झ) कृष्णबहादुर, पार्वती र नरेशलाई नेपाली भाषी नागरिकहरूले समारोहको आयोजना गरी सम्मान गर्नु,

ञ) सरकारको नियमअनुसार नरेशको पश्चिम बङ्गाल राज्य अन्तर्गत नक्सलबारी ग्रामीण हस्टिपलमा दुई वर्षका लागि नियुक्ति पाई काम गर्न थाल्नु,

ट) बढी नेपाली भाषीको सम्पर्क हुने हुनाले ऊ नेपालीभाषी विरामीका लागि बढी रोजाइमा पर्नु,

ठ) घर आएको बखत नरेशको विवाहको कुरा उठ्नु तर कुनै विषयमा निपूर्णता हासिल नगरी विवाह नगर्ने विचार व्यक्त गर्नु,

चरम अवस्था

क) दुई वर्ष पूर  भएपछि एम.डी. गर्ने साचाइ नरेशमा आउनु,

ख) जर्मनीको बर्लिन युनिभर्सिटी अन्तर्गतको मेडिकल कलेजमा छात्रवृत्तिमा एम.डी. गर्ने अवसर आउनु सूचना पाएर नरशले फारम भर्नु,

ग) दुई महिनापछि दशैंको टीका लगाएर ऊ जर्मन लाग्ने तयारी गर्नु,

घ) सानामा जर्मनीहरूलाई मार्ने प्रतिशोध लिँदा आमाले सम्भ्फाई बुभाई गरेपछि म जर्मनी गएर पढ्छु र जर्मनीलाई साथी बनाउँछु भनेको कुरा आज सार्थक हुनु,

उपसंहार

क) पार्वती र कृष्णबहादुरले बागडोगरा हवाइफिल्डमा नेरेशलाई विदाई गर्नु,

ख) पार्वतीले भने आफूले छोरालाई सानैदेखि हिंसाको बाटो त्याग्न लगाएर अहिंसाको बाटो रोज्न लगाएर अत्यन्तै हर्षित र गौरवान्वित बन्नु ।

## 'आड भरोसा' कथाको विश्लेषण

'आड भरोसा' कथा 'फर्किएर हेर्दा' कथासङ्ग्रहको एक सामाजिक यथार्थवादी कथा हो पुरुषप्रधान नेपाली समाजमा पुरुषवादी हैकमका कारण प्रताडित बनेकी नारी पात्र गौरीको पीडादायी जीवनलाई कथाले प्रस्तुत गर्दै युवावस्थामा भन्दा बुढेसकालमा श्रीमान् श्रीमती एकअर्कालाई साहाराको जरुरत पर्ने कुरालाई कथाले प्रस्ट्याएको छ । गरिब रहुन्जेल दुःख गरेर श्रीमती साथ पाएर कमाउनु पर्ने र धनी भएपछि सौता हाल्ने पुरुषहरूद्वारा सोझासाझा नेपाली नारीहरूले भोग्नु परेको पीडालाई कथाले दुरुस्त चित्र उतारेको छ । मन्दिर जस्तो पवित्र स्थल पनि अवला नारीका लागि असुरक्षित रहेको छ । समाजमा धर्मका साक्षी बोकेका महाराजहरूको यथार्थमा असली रूप अर्कै हुने गरेको छ । बाहिरी रूपमा साक्षात परमात्माको रूप धारण गरेकाहरू भित्री रूपमा नरपशुझैं बनेका हुन्छन् भन्दै धार्मिक आवरणमा हुने गरेको विसङ्गतिलाई कथाले प्रस्तुत गरेको छ ।

समाजमा आधुनिकता छाएको छ । जीवनको व्यस्तताका कारण परिवारमा छोरा बुहारीहरू आफ्ना आमाबाबुसँग भलाकुसारी गरी बस्ने अवस्था छैन । जीवनका उत्तरार्धमा दिग्दार र विरक्तिएको जीवन बिताउनु परेको छ । छोराछोरी बाबुआमाको साहारा बन्न नसक्दा बूढेसकालमा एक्लो जीवन बिताउन मुस्किल हुने गर्दछ । जीवनको उत्तरार्धमा मानिसहरूले आडभरोसा खोज्ने गर्दछ । बूढेसकालमा मानिसलाई स्थायीत्वको आवश्यकता हुने गर्दछ । जवानीको दाम्पत्य जीवन

प्रेम, बढी भावुकता र बढी रोमान्टिकतामा रमेको हुन्छ । बुढेसकालमा दाम्पत्य जीवन टुट्न गए वियोगको ठूलो असर पर्ने गर्दछ । त्यसैले बुढ्याइको दाम्पत्य जीवनमा पारस्परिक सहयोग र स्थायी प्रेम लुकेको हुन्छ । जुन बाँकी जीवन बिताउन आडभरोसा हुने गर्दछ । त्यसैले बुढेसकालमा मानिसलाई धन सम्पत्ति भन्दा साहाराको आवश्यकता पर्ने गर्दछ भन्ने आशय कथाका व्यक्त भएको छ ।

'आडभरोसा' कथाको कथानकको तथ्याङ्कलाई निम्नाअनुसार देखाइएको छ :

आरम्भ/चिनारी

क) गाउँमा इमान्दार व्यक्तिका रूपमा परिचित काइँला पण्डितका तीन छोरी र एक छोरा हुनु,

ख) छोरो टीकाराम दुई वर्षको नहुँदै काइँला पण्डितको मृत्यु हुनु,

ग) पण्डितको मृत्युपछि पण्डित्नीले गाउँमा बनिबुतो गरेर व्यवहार चलाउनु,

घ) सोह्र वर्ष पुग्नसाथ पण्डितनीले सत्यनारायणको पूजा लगाएर छोरीहरूलाई कुटुम्बको जिम्मा लगाउनु,

ङ) छोरो १४ वर्ष उमेर भएपछि पण्डितनीले १२ वर्षकी केटी खोजेर विवाह गरिदिनु,

च) टीकारामको विवाह भएको वर्ष दिन पनि नबित्दै पण्डित्नीको मृत्यु हुनु,

छ) बुहारीलाई सासू टोकुई भन्ने आरोप लाग्नु,

ज) टीकारामले सानोतिनो व्यापार गरी निक्कै पैसा कमाएर मधेसमा दुई बिघा जमिन किन्नु,

झ) गौरी २० वर्षकी हुँदा अर्को छोराको जन्म दिनु,

सङ्घर्ष विकास

क) टीकारामले मीना नाम गरेकी केटीसँग विवाह गरी गौरीलाई सौता हाल्नु,

ख) दुईवटी श्रीमती भएपछि घरमा झगडा हुन थाल्नु,

ग) घर झगडाको प्रभाव छोराहरूमा परी छोराहरूले पढाइ छाड्नु,

घ) मीनाबाट दुई छारी र एक छोराको जन्म हुनु,

ङ) आयस्रोत घट्दै गएकाले टीकारामको व्यवहार चौपट्टै हुनु,

च) टीकारामले गाउँको जग्गा बेची कान्छी श्रीमती लिएर सहर पस्नु,

छ) केही समयपछि जेठी श्रीमतीलाई फकाएर जग्गा बेची श्रीमती सहरमा ल्याउनु,

ज) दुई श्रीमतीको फेरि झगडा सुर हुनु,

झ) जीवनदेखि बिरक्तिएर गौरी मन्दिरमा जोगिनी भएर बस्नु,

ञ) उसलाई मन्दिरको बुढो पालेको बलत्कारको प्रयास गर्नु,

ट) केही दिनपछि मन्दिरका दीनदयाल महाराजबाट नै बलत्कारको प्रयास भएपछि उनी मन्दिर छोडी हिँड्नु,

ठ) गौरी एउटा गाउँमा गई धनी मानिसको घरमा काम गर्ने सर्तमा बस्नु,

चरम अवस्था

क) पार्वतीको मृत्युपछि कृष्णबहादुरले एक्लो महसुस गर्नु,

ख) एक्लो भएपछि उनी नेपालका आफन्त कहाँ भेटघाटका लागि आउनु,

ग) माइजूलाई उनले जोडी खोजिदिन आग्रह गर्नु,

घ) सो कुरा माइजूकी भान्से बाहुनीले थाहा पाउनु र उनी कृष्णबहादुरप्रति झुकाव राख्न थाल्नु,

ङ) दुई दिन मावल बसेर कृष्णबहादुरको बारेमा गंगादेवीसँग सोध्नु र उनको खाडल भर्ने आशय व्यक्त गर्नु,

च) दुई दिन पछि फेरि मावल आएका कृष्णबहादुर लिम्बुवानको अनिश्चितकालीन बन्द कारणले केही दिन त्यही बस्नु,

क) एक दिन बाहुनी फूलबारीमा फूल गोड्दै गरेको ठाउँमा कृष्णबहादुर गई भलाकुसारी गर्नु,

ख) दुवै जनाले बुढेसकालमा एक अर्काको आडभरोसा हुने ठानेर सँगै बस्ने आशय राख्नु,

ग) माइजूले दुवैको आशय बुझी सकरात्मक सल्लाह दिनु,

घ) बन्द खुलेको दोस्रो दिन कृष्णबहादुर र गौरी बजार सिरानबाट दार्जिलिङतर्फ लाग्नु,

## पात्रका आधारमा 'फर्किएर हेर्दा' कथासङ्ग्रहको  कथाहरूको विश्लेषण

कथावस्तुसित सम्बद्ध विविध कथानक तथा तन्तुहरूलाई गति दिने माध्यमलाई चरित्र भनिन्छ। आख्यानमा पाइने व्यक्ति नै पात्र हो भने पात्रको प्रवृत्ति चाहिँ उसको चरित्र हो। कतिपय पात्रहरू नैतिक र अभिवृत्तीय गुणहरूले युक्त हुन्छन् भने कतिपय पात्रहरू अनैतिक र खल हुन्छन्। यस्ता पात्रलाई निम्नअनुसार वर्गीकरण गरिएको पाइन्छ।

लिङ्गका आधारमा

प्राकृतिक रूपमा पात्रहरूको जात छुट्याउने आधार नै लिङ्ग हो। यस आधारमा पात्रलाई पुलिङ्ग र स्त्रीलिङ्ग गरेर दुई प्रकारमा विभाजन गरिन्छ। नायक, नायिका, सहनायक सहनायिका, खलनायक आदि तौर तरिकाबाट पनि लिङ्ग छुट्याउन सकिन्छ। पात्रको बाह्य वर्णन तथा शरीर, नामाकरण र तिनका स्वभाव एवम् प्रयुक्त क्रियापदबाट लिङ्ग छुट्याउन सकिन्छ (बराल र एटम, २०६६:२२)

कार्यका आधारमा

कथानकमा प्रमुख भूमिका निर्वाह गर्ने मुख्य पात्रका रूपमा, प्रमुख पात्रभन्दा कम भूमिका निर्वाह गर्ने सहायक र त्यो भन्दा पनि कम अर्थात् कथानकबाट हटाउँदा पनि त्यति क्षति नपुग्ने गौण पात्र हुन्छन् ।

प्रवृत्तिका आधारमा

यस आधारमा पात्र अनुकूल र प्रतिकूल गरी दुई वर्गका हुन्छन् । उपन्यासका पात्रहरूले सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल हुन्छ भने नकारात्मक भूमिका निर्वाह गर्ने पात्रलाई प्रतिकूल पात्र भनिन्छ ।

स्वभावका आधारमा

स्वभावका आधारमा पात्र गतिशील र स्थिर गरी दुई प्रकारका हुन्छन् । देश, काल, परिस्थितिअनुसार आफ्नो स्वभाव, सिद्धान्त र जीवनधारालाई परिवर्तन गर्न सक्ने पात्र गतिशील पात्र हुन् भने देश, काल र परिस्थिति भए पनि स्वभाव परिवर्तन नगर्ने पात्रलाई स्थिर पात्र भनिन्छ ।

जीवनचेतनाका आधारमा

यस आधारमा पात्रलाई वर्गीय र व्यक्तिगत गरी दुई प्रकारमा वर्गीकरण गरिएको छ । समाजमा प्रचलित सामाजिक मूल्य र मान्यताअनुसार निश्चित वर्गका निम्ति भूमिका निर्वाह गर्नॆ पात्र वर्गीय पात्र हो भने आफ्नो निजी स्वभाव, वैशिष्ट र वैयक्तिकताको भूमिका निर्वाह गर्ने पात्र व्यक्तिगत पात्र हो ।

आसन्नताको आधारमा

यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । कथानकमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिता वा अन्य पात्रले नामोच्चरण गरेको पात्र नेपथ्य हुन्छ । मञ्चीय पात्र वर्तमान विन्दुमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन्   (बराल र एटम, २०६६:३०)

आबद्धताको आधारमा

पात्रको कथानकसँगको सम्बन्धलाई आबद्धता भनिन्छ । यस आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्ध पात्रलाई झिक्दा कथानकको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकले

त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकलाई खासै हलचल उत्पन्न हुँदैन (बराल र एटम, २०६६:३०)

यस आधारमा 'फर्किएर हेर्दा' कथासङ्ग्रहको निर्धारित कथाहरूको पात्रपात्रलाई निम्न तालिकाबाट चिनाइएको छ ।

**'चोर' कथाका पात्रपात्रा**

तालिका नं. ६

| क्र.स | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्र | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | स्थिर | गतिशील | वर्गगत | व्यक्तिगत | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १. | चोर | + | - | + | - | - | - | + | + | - | + | - | + | - | + | - |
| २. | न्यायधीश | + | - | - | + | - | - | + | + | - | - | + | + | - | + | - |
| ३ | प्रहरी | + | - | - | - | + | - | + | + | - | + | - | + | - | - | + |

**'प्रयत्न' कथाका पात्रपात्रा**

तालिका नं. ७

| क्र.स | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्र | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | स्थिर | गतिशील | वर्गगत | व्यक्तिगत | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १. | प्रवीण | + | - | + | - | - | - | + | - | + | - | + | + | - | + | - |
| २. | उदय | + | - | - | + | - | - | + | + | - | - | + | + | - | + | - |
| ३. | लक्ष्मी | - | + | - | + | - | + | - | + | - | + | - | + | - | + | - |
| ४. | सुशील | - | + | - | + | - | + | - | + | - | + | - | + | - | + | - |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५. | छोरीहरू | - | + | - | + | - | - | + | + | - | - | + | - | + | - | + |

## 'श्रद्धा सुमन' कथाका पात्रपात्रा

तालिका नं. ८

| क्र.स | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्र | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | स्थिर | गतिशील | वर्गगत | व्यक्तिगत | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १. | पंकज (कवि) | + | - | + | - | - | + | - | + | - | + | - | + | - | + | - |
| २. | लक्ष्मी | - | + | - | + | - | - | + | - | + | - | + | + | - | + | - |

## 'फर्किएर हेर्दा' कथाका पात्रपात्रा

तालिका नं. ९

| क्र.स | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्र | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | स्थिर | गतिशील | वर्गगत | व्यक्तिगत | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १. | उनी | - | + | + | - | - | - | + | - | + | - | + | + | - | + | - |
| २. | साथीहरू | - | + | - | + | - | + | - | + | - | - | + | - | + | - | + |

**'उर्लिएको तरङ्ग' कथाका पात्रपात्रा**

तालिका नं. १०

| क.स | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्र | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | स्थिर | गतिशील | वर्गगत | व्यक्तिगत | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १. | सुन्तली | + | - | + | - | - | - | + | + | - | - | + | + | - | + | - |
| २. | हरिप्रसाद | - | + | + | + | - | + | - | + | - | + | - | + | - | + | - |
| ३. | श्यामप्रसाद | - | + | - | + | - | - | + | + | - | - | + | + | - | + | - |
| ४ | सञ्जीव | - | + | - | + | - | - | + | + | - | - | + | + | - | + | - |
| ५. | पूर्णिमा | + | - | - | + | - | + | - | - | + | + | - | + | - | + | - |

**'सार्थक सपना' कथाका पात्रपात्रा**

तालिका नं. ११

| क.स | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्र | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | स्थिर | गतिशील | वर्गगत | व्यक्तिगत | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १. | नरेश | + | - | + | - | - | + | - | + | - | - | + | + | - | + | - |
| २. | कृष्णबहादुर | + | - | - | + | - | + | - | + | - | - | + | + | - | + | - |
| ३. | पार्वती | - | + | - | + | - | + | - | + | - | - | + | + | - | + | - |

**'आड भरोसा' कथाका पात्रपात्रा**

तालिका नं. १२

| क्र.स | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्र | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | स्थिर | गतिशील | वर्गगत | व्यक्तिगत | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १. | गौरी | - | + | + | - | - | + | - | + | - | + | - | + | - | + | - |
| २. | टीकाराम | + | - | - | + | - | - | + | + | - | + | - | + | - | + | - |
| ३. | कृष्णबहादुर | + | - | - | + | - | + | - | | - | - | + | + | - | + | - |
| ४. | मीना | - | + | - | + | - | - | + | | - | - | + | + | - | + | - |
| ५. | माइजू | - | + | - | + | - | + | - | | - | - | + | + | - | - | + |
| ६. | पण्डित | + | - | - | + | - | + | - | | - | - | + | + | - | - | + |
| ७. | पण्डितनी | - | + | - | + | - | + | - | | - | - | + | + | - | - | + |

## चयनका आधारमा 'फर्किएर हेर्दा' कथासङ्ग्रहको विश्लेषण

भावाव्यक्तिको सशक्त माध्यम भाषा हो । त्यसैले सर्जकले आफ्नो अभिव्यक्तिको माध्यम भाषालाई बनाएको हुन्छ । कृतिमा भाषिक अभिव्यक्तिलाई प्रभावकारी बनाउनका लागि विशिष्ट र उपयुक्त भाषिक चयन गर्नुपर्दछ । साहित्यिक अभिव्यक्तिको विविधताका लागि भाषाका विकल्पहरूको महŒपूर्ण भूमिका रहेको हुन्छ । त्यसैले यसका लागि विभिन्न विकल्पहरू मध्ये उपयुक्त मर्मस्पर्शी र सार्थक शब्दहरूको छनोट गर्नु चाहिँ चयन हो ।

शब्द आदि भाषिक एकाइको सुविचारित छनोटलाई चयन भनिन्छ (शर्मा, २०५९ : १०) । भाषामा विभिन्न समानान्तर शब्दहरू हुन्छन् । तिन मध्ये कुनै एकको चयन गर्नु नै चयन हो । रचनाकारले भाषिक प्रयोग गर्ने सम्बन्धमा उपयुक्त र प्रभावकारी भाषिक एकाइहरूको छनोट गर्दछ । समानान्तर विकल्पनको सापेक्षतामा मात्र उपयुक्त चयनको प्रयोग हुन सक्छ । भाषिक एकाइहरूको समान तहमा मात्र नभएर उच्च तहमा पनि विकल्पनहरू हुन सक्छन् ।

प्रस्तुत 'फर्किएर हेर्दा' कथा सङ्ग्रहको निर्धारित कथाहरूको भाषिक चयन (शब्द, वाक्य, चिन्ह प्रयोग, लोकोक्ति, सूक्ति तथा उखान टुक्काको प्रयोग)का आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

## शब्दचयन

भाषाको न्यूनतम सार्थक एकाइ (रूप) देखि माथिल्लो स्वतन्त्र एकाइ शब्द हो । एक वा अनेक रूपहरू मिली बनेको शब्द भाषिक अभिव्यक्तिका लागि अति आवश्यक तत्त्व मानिन्छ । साहित्य सिर्जनामा यसको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । साहित्य सर्जकले आफ्नो सिर्जनालाई उपयुक्त र प्रभावकारी बनाउन एउटै अर्थलाई जनाउने विभिन्न शब्दहरूको विकल्पबाट रुचिअनुसारको एउटाको छनोट गरेको हुन्छ । त्यसैले शब्दचयन प्रक्रिया व्यक्ति विशेषमा निर्भर गर्दछ । कथाकार विनोद खनालद्वारा 'फर्किएर हेर्दा' कथासङ्ग्रहको निर्धारित कथाहरूमा प्रयोग गरिएका शब्दहरूको चयनलाई आधार मानी अध्ययन, विश्लेषण गरिएको छ । यसमा तत्सम शब्द, तद्भव शब्द, आगन्तुक शब्द, भर्रा तथा अनुकरणात्मक शब्द, प्रतीकात्मक शब्द, विशिष्ट नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, विस्मयादिबोधक, संयोजक, निपात, द्वित्व, द्वन्द्वसमस्त शब्द आदिको चयनका उदाहरणहरूलाई निम्नानुसार हेर्न सकिन्छ ।

## तत्सम शब्दचयन

नेपाली भाषाको जननी संस्कृत भाषा हो । त्यसैले नेपाली भाषामा प्रयोग हुने अधिकांश शब्दहरू संस्कृतका छन् । संस्कृतबाट जस्ताको तस्तै अर्थात् रूप नबदलिकन नेपाली भाषामा प्रयोग भएका शब्दहरूलाई तत्सम शब्द भनिन्छ । यस कथासङ्ग्रहका निर्धारित कथाहरूमा भएका तत्सम शब्दप्रयोगका केही उदाहरणहरूलाई यसरी देखाउन सकिन्छ :-

चोर कथा

क) कुटाई खाँदाखाँदा जीर्ण भएको शरीर उठ्न सकेन पृ.१

ख) एउटा गरिब परिवारको कारुणिक दृश्य उनका आँखा अगाडि फनफनी घुम्यो । पृ.२

ग) मलाई जागिरबाटै पदमुक्त गरिदिने धम्की आयो । पृ.३

प्रयत्न कथा

क) उदय आफू पनि आदर्श व्यक्ति थिएनन् । पृ.६

ख) उनलाई यसप्रति कुनै ग्लानि र पश्चताप थिएन । पृ.६

ग) खराब आचरण र असन्तुलित खानपानका कारण उदयको असामयिक निधन भयो ।      पृ.६

घ) केही समय सुधारगृहमा पनि लगेर राख्ने व्यवस्था मिलाइन् । पृ.७

श्रद्धा सुमन कथा

क) लक्ष्मी र पंकजको जीवन सुखी भनौँ भने के सुखी भन्नु दुःखी नै भनी हाल्न पनि नमिल्ने किसिमको थियो ।      पृ.१४

ख) टाढा लगेर औषधी गराउने परिवारको सामर्थ्य थिएन ।  पृ.१५

ग) उनको लाशलाई घाटसम्म लगेर दाहसंस्कार गरे र परिवार काजक्रियामा बसे ।  पृ.१५

फर्किएर हेर्दा कथा

क) सबै कुराहरू आज स्मृतिपटलमा नआए पनि आफ्ना जीवनका भोगाइ र अनुभूतिका क्षणहरू उनी समक्ष ताजा भएर नाचिरहेका छन् ।      पृ.२४

ख) सहरबाट सभ्यता मात्र होइन विकृति र विसङ्गतिहरू पनि सुरु हुन्छन् ।पृ.२५

ग) कुपुत्रो जायते क्वचिदपि कुमाता नभवति भनेझैँ आमाको माया आफ्नो सन्तानबाट कहिले पो भरेको हुन्छ र ?      पृ. २६

उर्लिएको तरङ्ग कथा

क) शरद ऋतुको टहटह जून पोखिएको बरन्डामा बसेर आफ्नो जीवनको आरोह अवरोह सोच्दै छिन् ।  पृ.२७

ख) सुतेकै ठाउँमा रामप्रसादको मृत्यु भयो ।     पृ.२७

ग) उसले आफ्ना हजुरबुबा समानका पतिबाट पाउन नसकेको यौन तृप्ति केही अंश आफ्ना बाबुसमानका श्यामप्रसादबाट प्राप्त गरी ।  पृ. ३१

घ) त्यो अनुपम सौन्दर्यले हराएको ठाउँमा उनीहरू पुगे । पृ. ३३

सार्थक सपना कथा

क) नरेश सानैदेखि पढ्न मेधावी थियो ।      पृ.१०२

ख) नरेशले बायालोजी विषय लिएर आई.एस्सीमा ८५ प्रतिशत नम्बर ल्याएर उत्तीर्ण गऱ्यो । पृ.१०३

ग) आमाबाबु मातृस्नेहले पग्लिएर भावविभोर भयो ।   पृ. १०५

घ) त्यसैकारण नै भनिएको हो, “घर नै बालकको प्रथम पाठशाला हो र आमाबाबु नै प्रथम गुरु हुन् भनेर ।” पृ. १०९

आड भरोसा कथा

क) जीवनक्रम बित्दै गयो गौरीले फेरि बीस वर्षको उमेरमा अर्को छोरालाई जन्म दिइन् । पृ.११५

ख) माहात्माहरूको प्रवचन पनि सुन्न पाइने । पृ.११७

ग) उनको गन्तव्य निश्चित थिएन । पृ. ११८

माथि रेखाङ्कन गरिएका शब्दहरू ‘फर्किएर हेर्दा’ कथासङ्ग्रहमा संग्रहित निर्धारित कथाहरूमा प्रयुक्त तत्सम शब्दका केही उदाहरणहरू हुन् । यस्ता शब्दहरू कथामा सार्थक रूपमा प्रयोग भएका छन् । कथाकारद्वारा यस कथाममा प्रशस्त मात्रामा तत्सम शब्दको स्वतन्त्र चयन गरी प्रयोग गरिएको छ । यस्तो विभिन्न विकल्पनहरू मध्येबाट गरिएको तत्सम शब्दको चयनले कथाको भावाभिव्यक्तिलाई अर्थपूर्ण तथा तिख्खर बनाउनुका साथै कथाको भाषालाई प्रभावकारी र शैलीलाई विशिष्ट बनाएको पाइन्छ ।

## तद्भव शब्दचयन

पुर्ख्यौली भाषा संस्कृतबाट प्राकृत, अपभ्रंश हँदै रूप परिवर्तन गरी आएका (‘तत्’ संस्कृत भाषा र ‘भव’ त्यसबाट परिवर्तित हुँदै आएका) शब्दलाई तद्भव शब्द भनिन्छ (लम्साल, २०६८ : १०३) । यस कथासङ्ग्रहका निर्धारित कथाहरूमा भएका तद्भव शब्दप्रयोगका केही उदाहरणहरूलाई यसरी देखाउन सकिन्छ :-

चोर कथा

क) यत्रा तिघ्रा हुनेलाई चोर्न लाज नुहने हातखुट्टा भाँच्नुपर्ने । पृ.१

ख) उसकी विरामी स्वास्नी लड्न आँटेको फुसको घरमा घ्यारघ्यार गरिरहेकी होली छोराछोरीहरू आगो निभेका अँगेना वरिपरि नाङ्गा टक्र्याटुक्रुक बसेका होलान् । पृ.२

ग) उनको बढुवा हुने भयो । पृ.३

प्रयत्न कथा

क) लक्ष्मीले जग्गा बेचेर भए पनि छोराको बिहे सजधजका साथ गरिन् । पृ.६

ख) छोरीहरू पनि घरमा नभएपछि लक्ष्मी एक्ली भईन् । पृ.६

ग) गाउँलेहरू कुरा गर्थे । पृ.७

श्रद्धा सुमन कथा

क) उनलाई कसैले टोपीसम्म पनि दिएन उपहारका नाममा ।  पृ.१५

ख) स्वास्नीको कचकच, छोराछोरी बीचको रोड्याइँ साथीभाइहरूको बीचको खिसिट्युरी लिएर बाँचेका थिए पंकज क्षितिज । पृ.१५

ग) लक्ष्मीले पुरस्कार ग्रहण गर्दै आँखाबाट आँसु झार्दै भनिन् । पृ.१६

फर्किएर हेर्दा कथा

क) तल पटाङ्गिनीमा एक/दुईओटा काग कम्पाउन्ड तलमाथि बसेर एक तमाससँग कराइरहेका छन् । पृ.२४

ख) आमाको ममताले मानेन । पृ.२६

ग) आमाको माया आफ्ना सन्तानबाट कहिले पो मरेको हुन्छ र ? पृ. २६

उर्लिएको तरङ्ग कथा

क) रामप्रसादको काजक्रिया सिध्याउञ्जेल पूर्णिमाको जिउ सिद्रा भइसकेको थियो । पृ.२७

ख) बिचरी नामअनुसारको काम भएकी धर्मकुमारीको मृत्युले गाउँलाई नै शोकाकुल बनायो । । पृ.२७

ग) फेरि सुन्तलीलाई मालिकको जिम्मा लगाएर त्यत्रो सम्पत्तिमाथि ढलिमली गर्न पाउनु भाग्यलाई मैले कसरी तगारो हाल्ने ? पृ. २९

सार्थक सपना कथा

क) विभिन्न छापा र सञ्चार माध्यमहरूमा उसको आमाबाबुको नाम प्रकाशित भयो । पृ.१०२

ख) उसको व्यवहारले नरेशप्रति विरामीहरू अत्यन्तै आकर्षित हुन्थे । पृ.१०४

ग) पार्वतीले मासु पसलबाट मासु ल्याइन् र पकाइन् । पृ. १०५

आड भरोसा कथा

क) काँइला पण्डितका छोरा टीकाराम निकै चल्तापूर्जा व्यक्ति मानिन्थे । पृ.११४

ख) मदेशमा दुई विघा खेत पनि किन्यो । पृ.११५

ग) केही समयपछि उसले फेरि गाउँमा गएर जेठी बुढी बसेको अलिकति जग्गा पनि बेचेर ल्याउने विचार गर्‍यो । पृ. ११७

माथि रेखाङ्कन गरिएका शब्दहरू हस्त = हात, पाउ खुट्टा, अग्नि आगो, पुत्र छोरा विवाह बिहे गृह घर, मित्र साथी, नेत्र आँखा, अश्रु आँसु, सुवासिनी स्वास्नी, माता आमा सन्तति सन्तान, कर्म काम , मांस मासु, पुत्री छोरी, क्षेत्र खेत ग्राम गाउँ भई नेपाली भाषामा तद्भव शब्दका रूपमा प्रयोग भएका छन् । तद्भव शब्दको चयनले कथा सरल, सहज, प्रभावपूर्ण बन्नुका साथै बोधगम्य बन्न पुगेको छ ।

## आगन्तुक शब्दचयन

संस्कृत भाषाबाहेक अन्य भाषाबाट नेपाली भाषामा पाहुना वा सापटीका रूपमा आएका शब्दहरूलाई आगन्तुक शब्द भनिन्छ । नेपाली भाषामा देशभित्रैका विभिन्न भाषा तथा भाषिकाबाट र विदेशी भाषाबाट अगन्तुक शब्दहरू आएका छन् । यस्ता शब्दहरू कुनै परिवर्तित भएर त कुनै जस्ताको तस्तै नेपाली भाषामा प्रयोग भएका छन् ।

यस कथासङ्ग्रहमा सङ्ग्रहित निर्धारित कथाहरूमा पनि आगन्तुक शब्दहरू प्रयोग भएका पाइन्छन् । यस्ता शब्दहरूका केही उदाहरणहरूलाई निम्नानुसार देखाउन सकिन्छ :-

चोर कथा

क) पुलिस पनि हातमा काँडेलठ्ठी लिएर आइपुग्यो । पृ.१

ख) उनलाई बेलुका वनमन्त्रीको टेलिफोन आएको थियो । पृ.३

ग) खरिदारले रिपोर्ट लिएर आए । पृ.३

प्रयत्न कथा

क) सानैदेखि होस्टलको कडा अनुशासनमा बसेको उसलाई दुई चार दिन घर जान पाउँदा ऊ फुकेको बँधुवा गाईझैं हुन्थ्यो । पृ.६

ख) उदयले छोरालाई कहिले यता र कहिले उता गर्दै स्कुल परिवर्तन गराए तर छोराले पढाइप्रति कुनै गति लिएन । पृ.६

ग) उनीहरूले पनि आइन्दादेखि फेरि त्यस्तो काम दोहोऱ्याएमा यो भन्दा कडा सजाय दिने भन्दै बन्धनबाट फुकाइदिए । पृ.८

श्रद्धा सुमन कथा

क) पढाउने शिक्षक धनपति सरको आफ्नो एककठ्ठा जमिन र एउटा सामान्य घरभन्दा बढी सम्पत्ति केही थिएन । पृ.१४

ख) जागिरका रूपमा सजिलै पाइने त्यसबेला मास्टरी पेशालाई नै अपनाए ।पृ.१४

ग) उनी भन्थिन् खाइ न पाइ छालाको टोपी लाई, खर्च बड्ता गर्नुहुन्छ, कमाउने बाटोतिर लाग्नुहुन्न । पृ.१४

फर्किएर हेर्दा कथा

क) भव्य महलको तीनतला माथिबाट उनले चिहाइन् । पृ. २४

ख) सधैं ब्याग झुण्डिाएर क्याम्पस जाने नाममा हिँडेकी केटीको ब्यागभित्र के के छन् । भनेर कसको चियो गर्ने । पृ.२५

ग) कहिले धनी साहुसँग विदेशका होटलमा मासुको रवाफ र बियरको चुस्की लिँदै रात बिताएका कैयौं घटनाहरू । पृ. २५

उर्लिएको तरङ्ग कथा

क) धर्मकुमारीको मृत्युपछि उनलाई स्वास्नी अभावको महसुस खड्किएको थियो । पृ.२८

ख) उसलाई भित्रभित्रै रोमान्स भयो । पृ.३१

ग) ठूलो बाबुको कलेज पढ्न थालेको जति वर्ष भयो त्यति नै वर्षकी भई मेरी छोरी पनि । पृ. ३१

सार्थक सपना कथा

क) आफ्नो पेन्सनबाट आएको रकम र व्यापारबाट कमाएको रकमलाई पनि आफ्नो सामान्य घरखर्च लगाएर अरु रकम उनले छोराको पढाइमा नै लगाएका थिए । पृ.१०२

ख) क्रिस्चियन मिसले पढाएको स्कुल बिना इन्ट्रान्स भर्ना लिइदैनथ्यो । पृ.१०२

ग) नर्थ बंगाल मेडिकल कलेजमा उसले आफू कुनै न कुनै रूपले डोमिनेट भएको महसुस गऱ्यो । पृ. १०३

आड भरोसा कथा

क) पछि मुखियाका घरमा वसन्त मास्टर आएर पढाउन थालेपछि ठूलो वर्णमाला केही महिनासम्म पढ्यो र त्यसैबाट नेपाली गणित र सामान्य अङ्ग्रेजी शब्दहरू सिक्यो । पृ.११४

ख) उसले पनि चार क्लासभन्दा बढी पढ्न सकेन । पृ.११६

ग) आखिर जहाँ गए पनि उस्तै हो । पृ. ११९

माथि रेखाङ्कन गरिएका शब्दहरू पुलिस (अङ्ग्रेजी), टेलिफोन (अङ्ग्रेजी), रिपोर्ट (अङ्ग्रेजी), होस्टल (अङ्ग्रेजी), स्कुल (ल्याटिन), सजाय (फारसी), सर (फ्रान्सेली), जमिन ( फारसी ), जागिर (फारसी), मास्टर ( फ्रान्सेली ), खर्च (फारसी), महल (अरबी), ब्याग (अङ्ग्रेजी), महसुस (अरबी), होटल (अङ्ग्रेजी), रोमान्स (अङ्ग्रेजी), कलेज (अङ्ग्रेजी), पेन्सन (अङ्ग्रेजी), रकम (अरबी), इन्ट्रास (

अङ्ग्रेजी), डोमिनेट (अङ्ग्रेजी), क्लास (अङ्ग्रेजी), आखिर (फारसी आदि भाषाबाट नेपाली भाषामा आई 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा प्रयोग भएका छन् । कथाको परिवेश र विषयवस्तुलाई प्रभावकारी बनाउन आगन्तुक शब्दहरूका चयनले महत्त्वपूर्ण भूमिका खेलेको पाइएको छ ।

## झर्रा तथा अनुकरणात्मक शब्दचयन

कुनै अन्य स्रोतबाट नआई नेपाली भाषामा आफैं उत्पन्न भएका तथा नेपाली परिवेशसँग मेल खाने शब्दहरू नै झर्रा नेपाली शब्द हुन् । त्यस्तै कुनै वस्तुको आवाज, दृश्य, स्वाद, स्पर्श, अवस्था तथा काम गराइको नक्कल, प्राकृतिक अवस्था आदिबाट उत्पन्न ध्वनिलाई नक्कल गरी व्यक्त गर्ने शब्दलाई अनुकरणात्मक शब्द भनिन्छ । यस्ता शब्दहरूले नेपाली भाषाको गरिमालाई महिमायुक्त तुल्याएका छन् ।

'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा झर्रा तथा अनुकरणात्मक शब्दहरूको प्रभावकारी र उपयुक्त संयोजन गरिएको छ । जसका केही उदाहरणहरूलाई निम्नानुसार हेर्न सकिन्छ :-

चोर कथा

क) उसकी विरामी स्वास्नी लड्न आँटेको फुसको घरमा घ्यारघ्यार गरिरहेकी होली । पृ.१

ख) कोटका गोजीबाट विस्तारै कलम निकाले, निकैबेर कलम खेलाएर अनुहारतिर पुलुक्क हेरे, रिपोर्ट एकपटक सरसर्ती हेरे ।। पृ.३

प्रयत्न कथा

क) उनी अरुलाई पाखे र गवाँर सम्झन्थे । पृ.६

ख) चारदिन सम्म चौखुऱ्याएर कोठामा थुनेपछि उसको केही सीप लागेन । पृ.८

श्रद्धा सुमन कथा

क) स्वास्नीको कचकच, छोराछोरी बीचको रोडयाँई, साथीभाइहरू बीचको खिसिट्युरी लिएर बाँचेका थिए पंकज क्षितिज । पृ.१५

फर्किएर हेर्दा कथा

क) सडकमा मोटरबाइक, कार र भेनहरूको प्वाँप्वाँ र पुँपुँ आवाज सुनिरहेको छ । पृ. २४

ख) उसका दिमागमा स्मृतिहरू फिनिनिनी घुमे । पृ.२६

उर्लिएको तरङ्ग कथा

क) हिजोसम्म धुलो मैलो, च्यातिएका बेरिएकी सुन्तलीको भाग्य चम्केको देखेर उसका साथीहरू गौथली, रुकी र पुष्पी भुतुक्क हुन्थे । पृ.२८

ख) चुइयँ... ढोका उघ्रियो । पृ.३१

सार्थक सपना कथा

क) यस्तै केके सोच्दै सोच्दै उनी फुस्सै निदाइन् पृ.१०९

आड भरोसा कथा

क) गाउँमा एक्लै बस्नु हुँदैन, गाउँमा भन्दा सहरमै सुख हुन्छ, उतै जानुपर्छ भनेर फस्याङफुस्लुङ पाऱ्यो । पृ.११७

ख) घुप्लुक्क ओछ्यानमा घोप्टिएर निकैबेर आँसु झारेर केहीबेरपछि समालिएर उठे । पृ.१२१

माथि रेखाङ्कन गरिएका शब्दहरू 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा प्रयोग गरिएका झर्रा तथा अनुकरणात्मक शब्दका केही उदाहरणहरू मात्र हुन् । झर्रा तथा अनुकरणात्मक शब्दको समुचित प्रयोगले गर्दा कथाहरूको भाषाले जीवन्तता पाएको छ ।

## नामपदको चयन

परम्परागत व्याकरणमा कुनै पनि व्यक्ति, वस्तु वा धारणा बुझाउँने शब्दलाई नाम भनिएको छ । व्याकरणात्मक कार्यका आधारमा भन्दा वाक्यमा कर्ता, कर्म र पूरक भई आउने शब्द नै नाम हो । नामलाई संज्ञा पनि भनिन्छ । रूपात्मक आधारमा रूपायन व्यहोर्ने लिङ्ग, वचन र कारकको अभिव्यक्ति दिने शब्द नै नाम हो । नाम सामान्यका अतिरिक्त आलङ्कारिक तथा विशिष्ट प्रकारका हुन्छन् । कतिपय नाम शब्दले अत्यन्तै व्यापक स्वरूप प्रस्तुत गरेको पाइन्छ ।

'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा प्रयोग भएका नामपदका केही उदाहरणहरू निम्नानुसार छन् :-

चोर कथा

क) मानिसहरूको कुडुलाले एउटा मान्छेलाई घेरेको थियो । पृ.१

ख) भीड छिचोल्दै पुलिस भित्र पस्यो । पृ.१

प्रयत्न कथा

क) चारवटी छोरीहरूपछि जन्मिएको छोरो भएको हुनाले उदयले छोरालाई स्वतन्त्रता दिएका थिए । पृ.६

ख) उनले सोचिन् समाज र जीवनबाट पलायन भएर भाग्नुभन्दा संघर्ष गरेर समाजमा बाँच्नु बस्नु नै जीवन हो ।     पृ.७

श्रद्धा सुमन कथा

क) उनलाई कसैले टोपीसम्म पनि दिएनन् उपहारका नाममा ।     पृ.१४

ख) मनमा उनलाई कहिल्यै शान्ति थिएन । पृ.१५

फर्किएर हेर्दा कथा

क) घर आएका बेला उनका उनका बालसखीहरू भेट्न आउँदा छोराछोरीहरू लिएर आउँथे । पृ. २५

ख) सधैं ब्याग झुण्ड्याएर क्याम्पस जाने नाममा हिँडेकी केटीको ब्यागभित्र केके छन् भनेर कसले चियो गर्ने ? ।     पृ.२५

उर्लिएको तरङ्ग कथा

क) उनको सचोइ कहिले घर उत्तरलाई देखिने अग्लो डाँडोझैं अग्लिँदै जान्थ्यो भने कहिले दम्स्याइलो हुँदै ओरालिएर मैदान बन्न पुग्थ्यो । पृ.२७

ख) मालिक्नी खेतमा खाजा पुऱ्याउन गएकी थिइन् ।     पृ.२७

सार्थक सपना कथा

क) यो समाचार सुन्न र देख्न पाउँदा कृष्णबहादुर अत्यन्त खुसी भए ।  पृ.१०२

ख) आमाको हातले पकाएर पस्किएर दिएको खाना उनलाई अमृतझैं लाग्यो । पृ.१०५

आड भरोसा कथा

क) गाउँलेहरू उसलाई सौदा किन्न पठाउँथे । पृ.११५

ख) नक्सल, सिलिगुडी, पानीघट्टातिर पनि उसको व्यापार फैलायो ।_ ।     पृ.११५

माथि रेखाङ्कित रूपमा प्रयुक्त नामपदहरू सामान्य तथा विशिष्ट अर्थका छन् । त्यसैले 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूको भाषा कलात्मक बन्न पुगेको छ ।

## सर्वनाम पदको चयन

नामको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ (लम्साल, २०६८ : १०६) । सर्वनामले नामले जस्तो प्रत्यक्ष खास व्यक्ति, वस्तु, वा धारणालाई जनाउदैन । यसले नामको पुनरुक्तिलाई रोक्ने काम गर्दछ । नामको सट्टामा प्रयोग हुने भएकाले यसलाई सट्टेनाम पनि भनिन्छ । सर्वनामले

व्याकरणात्मक कोटि पुरुषको पनि अभिव्यक्ति दिन्छ । 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा प्रयोग भएका सर्वनामका केही दृष्टान्तहरू निम्नानुसार छन् :-

चोर कथा

क) अदालत पुगेपछि ऊ यति लाचार भयो कि बोल्न पनि नसक्ने भयो । पृ.१

ख) उनले विवशतापूर्वक खरदारलाई बोलाएर रिपोर्ट तयार पार्न भने अनि आफू भने सोचाइको गहिराइमा डुबिरहे । पृ.२

प्रयत्न कथा

क) कहाँ जान्थ्यो के खन्थ्यो, कहिले तीन/चार दिनमा घर आउँथ्यो, उनलाई केही थाहा हुँदैनथ्यो । पृ.६

ख) अब उनीहरू दण्डनीति नै नअपनाई नहुने निष्कर्षमा पुगे । पृ.८

श्रद्धा सुमन कथा

क) म पनि उहाँप्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु । पृ.१६

ख) एक पटक उनी निक्कै विरामी भए । पृ.१५

फर्किएर हेर्दा कथा

क) उनी पढ्न गएकी त्यस सहरभित्र पनि यस्तै कुराहरू थिए, जसलाई जसले जसरी लिन सक्यो, त्यसरी नै जीवन अघि बढ्यो । पृ. २५

ख) सधैं ब्याग झुण्ड्याएर क्याम्पस जाने नाममा हिँडेकी केटीको ब्यागभित्र केके छन् भनेर कसले चियो गर्ने ? पृ.२५

उर्लिएको तरङ्ग कथा

क) बाबु रामप्रसाद, आमा पूर्णिमा, ऊ र भाइ गणेश । पृ.२७

ख) म नाथेसँग के छ र माग्नु ? पृ.२८

सार्थक सपना कथा

क) यो समाचार सुन्न र देख्न पाउँदा कृष्णबहादुर अत्यन्त खुसी भए । पृ.१०२

ख) ऊ तुडसुङ बस्ती जान सकेन र बजारझैं सानिमा कहाँ बस्यो ? पृ.१०५

ग) उनीहरू ठिक एघार बजे एयरपोर्टभित्र पुगे । पृ.१०९

आड भरोसा कथा

क) कहाँ कोको छन् भन्ने चै उनलाई यकिन थिएन । पृ.११९

ख) म उसको सहारा ऊ मेरो भरोसा कति राम्रो हुन्थ्यो । पृ.१२२

माथि प्रयोग भएका सर्वनामहरूले 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा प्रयोग भएका सर्वनामले नामहरू दोहोरिँदा हुने भद्दापनलाई हटाई भाषामा मधुरता तथा कथालाई नै छरितो बनाउने कार्य गरेका छन् ।

## विशेषणको चयन

कुनै व्यक्ति, वस्तु, ठाउँ आदिका विशेषता, गुण, दोष, अवस्था, परिणाम, सङ्ख्या आदि जाहेर गर्ने शब्दलाई विशेषण भनिन्छ । यो कुन, कस्तो, कत्रो, कति आदि प्रश्नको जवाफमा आउने गर्दछ । 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा प्रयोग भएका विशेषणको प्रयोग निम्नानुसार भएको पाइन्छ :-

चोर कथा

क) यही पापी पेटका लागि चोरेको हुँ । पृ.२

ख) स्वास्नी थला परेको पूरै वर्ष दिन भयो हजुर, धामी झाँक्री पनि नलाको होइन, जागित्रालाई कालो भाले पनि मन्साको, देवीलाई पनि कालो बोको चढाएको, दोकानबाट एक तास पेटारे गोली पनि ल्याएर खुवाएको केही पत्तो चलेन । पृ.२

प्रयत्न कथा

क) खराब आचरण र असन्तुलित खानपानका कारण उदयको असामयिक निधन भयो । पृ.६

ख) धेरै लामो प्रयास गरेपछि निक्कै टाढा उनको भाइको ससुराली गाउँकी एउटी केटीसँग प्रवीणको विवाहको कुरा छिनियो । पृ.७

श्रद्धा सुमन कथा

क) स्कुलको साहित्यिक कार्यक्रम र बाहिरतिरको साहित्य गोष्ठी कार्यक्रममा रचना सुनाउँदा उनी आफ्नो परिचय त्यही उपनामबाट दिन्थे । पृ.१४

ख) धेरै समयपछि पंकज क्षितिजको मृत्यु भएको खबर जिल्लासम्म पुग्यो । पृ.१६

फर्किएर हेर्दा कथा

क) भव्य महलको तीन तला माथिबाट उनले चिहाइन् । पृ. २४

ख) कहिले धनी साहूसँग विदेशका होटलमा मासुको कवाफ र वियरको चुस्की लिँदै रात बिताएका कैयौँ घटनाहरू ।   पृ.२५

उर्लिएको तरङ्ग कथा

क) दुई महिनाको अघिपछि भएर मालिक्नी र नोकर मरे । पृ.२८

ख) मालिकको जेठो छोरो राजधानीमै जागिर खान्थे ।   पृ.२८

सार्थक सपना कथा

क) धेरै तिरका विद्यार्थीहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने भएपछि नरेशले पढाइलाई अझ बढी समय छुट्याउन थाल्यो ।   पृ.१०२

ख) बालकहरूको विश्वासमा आमाबाबु भन्दा ठूलो कोही हुँदैन र आदरणीय पनि कोही हुँदैन । पृ.१०६

आड भरोसा कथा

क) काइँला पण्डितका छोरा टीकाराम समाजका निकै चल्तापुर्जा व्यक्ति मानिन्थे । पृ.११४

ख) उनी लामो यात्रा पार गरेर एउटा गाउँमा आइन् र एउटा कुनै धनी मानिसको घरमा काम सघाउने शर्तमा बसिन् ।   पृ.११९

माथि रेखाङ्कन गरिएका शब्दहरू विशेषण हुन् । 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा प्रयोग भएका विशेषणहरूले भाषिक मधुरता र आकर्षण थप्ने कार्य गर्नुका साथै नामको अर्थलाई स्पष्ट पार्ने, विस्तार गर्ने, सीमित गर्ने वा विशिष्ट बनाउने काम गरेको छ ।

## क्रियापदको चयन

कुनै काम भएको वा हुने कुरा बुझाउने शब्दलाई क्रिया भन्दछन् । घटना, कार्यव्यापार स्थिति र अवस्था बुझाउने शब्दलाई नै क्रिया भनिन्छ । प्रकार्यका दृष्टिले यो वाक्यमा कार्य, स्थिति, प्रक्रिया, घटना आदि बुझाउने र विधेयका रूपमा आउने तथा काल, भाव, पक्ष, वाच्य, करणका साथै कारकबाहेक वचन, लिङ्ग, पुरुष आदिका आधारमा रूपायित हुने शब्दवर्ग हो (लम्साल, २०६८ :

१०९) । ''फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा प्रयोग गरिएका क्रियापदका केही उदाहरणहरू निम्न छन् :

चोर कथा

क) अदालत पुगेपछि ऊ यति लाचार भयो कि बोल्न पनि नसक्ने भयो । पृ.२

ख) उनले विवशतापूर्वक खरदारलाई बोलाएर रिपोर्ट तयार पार्न भने अनि आफू भने सोचाइको गहिराइमा डुबिरहे । पृ.२

प्रयत्न कथा

क) प्रवीणमा कुनै सुधार आएन । पृ.७

ख) समाजमा लक्ष्मी र सुशीला प्रशंसाको पात्र बने । पृ.८

श्रद्धा सुमन कथा

क) यहीँबाट लक्ष्मी र धनपतिको दाम्पत्य जीवनको सुत्रपात भयो । पृ.१४

ख) म उहाँहरू प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु । पृ.१६

फर्किएर हेर्दा कथा

क) आज त्यो महलभित्र एउटा कुकुरसम्म छिर्न चाहँदैन । पृ. २४

ख) उनी आफ्नो जीवनको गल्तीलाई सम्झँदै थिईन् । पृ.२५

उर्लिएको तरङ्ग कथा

क) उसका घरमा जम्मा चारजना सदस्यहरू थिए । पृ.२७

ख) मालिकको जेठो छोरो राजधानीमै जागिर खान्थे । पृ.२८

सार्थक सपना कथा

क) ऊ खेलकुद र कविता रचनातर्फ पनि विशेष ध्यान दिन्थ्यो । पृ.१०२

ख) हिजो क्वाटरमा भेट्न नपाएकोमा धेरै विरामीहरूले गुनासो पोखे । पृ.१०९

आड भरोसा कथा

क) काइँला पण्डितका छोरा टीकाराम समाजका निकै चल्तापुर्जा व्यक्ति मानिन्थे । पृ.११४

ख) सधैंझैं उनी एकदिन बाहिर निस्किइन् । पृ.११७

ग) उनी लामो यात्रा पार गरेर एउटा गाउँमा आइन् र एउटा कुनै धनी मानिसको घरमा काम सघाउने शर्तमा बसिन् । पृ.११९

माथिका रेखाङ्कित शब्दहरू 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा प्रयोग भएका क्रियापदका केही उदाहरण मात्र हुन् । सरल, संयुक्त, समापिका, असमापिका, सकर्मक, अकर्मक आदि जस्ता क्रियापदहरूले कथाका कथानकलाई पूर्णता प्रदान गरी बोधगम्य बनाएका छन् ।

## क्रियाविशेषणको चयन

क्रियाको विशेषता बताउने वा तिनका अर्थमा केही थप्ने शब्दलाई क्रियाविशेषण भनिन्छ । यसले विशेषण र क्रियाविशेषणको विशेषता पनि प्रकट गर्दछ । किन, कहिले, कहाँ, कसरी, के गरी र कति प्रश्नका उत्तरमा आउने शब्द नै क्रियाविशेषण हो । यो कर्ता, कर्म, पूरक जस्तो अनिवार्य नभएर वाक्यमा ऐच्छिक घटक बनेर आउँछ । 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा प्रयुक्त क्रियाविशेषणका उदाहरणहरू निम्न छन् :

चोर कथा

क) ठानामा लगेर उसलाई सबै पुलिसहरूले पालैपालो कुटेपछि उसलाई इलाका कार्यालयमा चलान गरियो । पृ.१

ख) कोटका गोजीबाट विस्तारै कलम निकाले, निकैबेर कलम खेलाएर उसको अनुहारतिर पुलुक्क हेरे, रिपोर्ट एकाएक सरसर्ती हेरे । पृ.३

प्रयत्न कथा

क) आफ्नो श्रीमान् प्रवीणको क्रियाकलाप देखेर नवविवाहिता दुलही शर्मिला निकै दुःखी भइन् । पृ.७

ख) प्रवीण दिनैपिच्छे मातेर आउँथ्यो । पृ.८

श्रद्धा सुमन कथा

क) कविजी भर्खरै मात्र कविता लेख्न बसेका थिए । पृ.१४

ख) टाढा लगेर औषधि गराउने परिवारको सामर्थ्य थिएन । पृ.१५

फर्किएर हेर्दा कथा

क) उमेर बढ्दै गएपछि उनले त्यो कुरा बुझ्दै गइन् वा बुझाउँदै गइयो । पृ. २४

ख) उनलाई रोगले नराम्रोसँग च्यापेको छ । पृ.२४

उर्लिएको तरङ्ग कथा

क) चन्द्रमाको चन्द्रिका भुइँमा यसरी छताछुल्ल भएर पोखिँदा उनलाई कताकता आनन्दको अनुभूति हुन्छ । पृ.२७

ख) कार्तिकको दिन घाम डाँडामा पस्ने वित्तिकै झमक्कै हुन्छ तर आज शुक्लपक्ष त्रयोदशी, घामको किरण ओइलाउन नपाउँदै चन्द्रमाले आफ्नो उज्यालो धर्तीमा पोखेका सर्वत्र उज्यालो पारेर । पृ.३३

सार्थक सपना कथा

क) नरेश सानैदेखि पढ्न अत्यन्त मेधावी थियो । पृ.१०२

ख) भारतको स्वाधीनता दिवस आउन पनि अझै सात दिन बाँकी थियो र त्यसको तयारी भने धुमधामका साथ हुँदै थियो । प १०७

आड भरोसा कथा

क) भएको जग्गा बेच्दै उसले परिवारको आवश्यकता पूरा गर्दै थियो । पृ.११६

ख) सधैंझैं उनी एकदिन राति बाहिर निस्किइन् । पृ.११७

माथि रेखाङ्कन गरिएका शब्दहरू क्रियाविशेषणका केही उदाहरण मात्र हुन् । यस 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा क्रियाविशेषण पदको यथोचित प्रयोगले गर्दा भाषाले जीवन्तता प्राप्त गरेको छ ।

## नामयोगीको चयन

नाम अथवा नाम जस्तै प्रयोग हुने सर्वनाम, विशेषण आदिका पछाडि जोडिएर आउने शब्दलाई नामयोगी भनिन्छ । विभिन्न अर्थसम्बन्ध जनाउनका लागि नामसँग जोडिएर आउने शब्द नै नामयोगी हो । यो समयको अवगत गराउने, स्थानको बोध गराउने, रीति तथा विभक्ति अर्थसँग सम्बन्धित रहने तथा दिशा र अवधिको परिचय दिने गरी विभिन्न प्रकारले प्रयोग हुन्छ । 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा प्रयुक्त नामयोगीको दृष्टान्तहरू निम्न छन् :-

चोर कथा

क) पालोपालो गरी ऊमाथि लबटा, थप्पड,र लात्तीहरू बर्सिरहेका थिए ।  पृ.१

ख) अस्तिको त्यो काठचोर, जो गाडीसहित पक्राउ परेको थियो ।  पृ.३

प्रयत्न कथा

क) उनलाई यसप्रति कुनै ग्लानी र पश्चताप थिएन ।  पृ.६

ख) धेरै लामो प्रयास गरेपछि निकै टाढा उनको भाइको ससुराली गाउँकी एउटी केटीसँग प्रवीणको विवाहको कुरा छिनियो ।  पृ.६

श्रद्धा सुमन कथा

क) एउटा बाख्राको पाठोसम्म पनि थिएन उनको घरमा ।  पृ.१५

ख) टोलमा चर्चा भयो, उनको परिवारसँग कात्रो किन्ने पैसासम्म रहेनछ भनेर ।  पृ.१५

फर्किएर हेर्दा कथा

क) उनी आजभन्दा चालिस वर्षअघि सहर पसेकी । पृ. २४

ख) कुन नेता र अभिनेताले उनीसँग रात बिताएनन् होला ।  पृ.२६

उर्लिएको तरङ्ग कथा

क) दुई छोराहरू जागिर खाने र पढ्ने सिलसिलामा राजधानीतिरै बस्थे भने दुई छोराछोरीको विवाह भइसकेको थियो । पृ.२८

ख) रामप्रसादको मृत्युपछि पूर्णिमाको जिउमाथि आँखा लगाउने निक्कै थिए । पृ.२८

सार्थक सपना कथा

क) नरेश भने सबै बिरामीहरूप्रति एकै प्रकारको व्यवहार देखाउने गर्दथ्यो ।  पृ.१०४

ख) उसले जानकारी पाए अनुसार अक्टोबर ३५ तारिकदेखि बर्लिनमा क्लास लिनुपर्ने थियो । पृ. १०७

आड भरोसा कथा

क) तीनवटी छोरीपछि जन्मिएको छोरो तेल्याहा हुन्छ भनेर उनले तीन घरबाट तेल जम्मा गरेर छोराको जिउमा हालिदिए । पृ.११४

ख) टीकारामले गाउँको बाँकी रहेको जग्गा बेचेर व्यापार गर्न सहरतिर पस्यो ।  पृ.११७

माथिका रेखाङ्कित शब्दहरू नामयोगी हुन् । 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा प्रशस्त मात्रामा नामयोगीको सार्थक प्रयोग गरिएको पाइन्छ ।

## निपातको चयन

वाक्यमा आफ्नो स्वतन्त्र अर्थ नभएका तर वाक्यमा निकटवर्ती शब्द वा वाक्यको अर्थलाई द्योतन गर्ने अव्यय शब्द नै निपात हुन् । यसको अलग्गै अर्थ हुँदैन तर वाक्यको अर्थ प्रस्ट्याउन, तिख्खर र प्रभावकारी बनाउन यसको प्रयोग हुन्छ । अर्थलाई स्पष्ट पार्न तथा रसिलो बनाउने एकाक्षरी, द्वयक्षरी, त्रयक्षरी तथा चतुर्क्षरी शब्द नै निपात हुन् । 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा प्रयुक्त निपातको प्रयोगले भावाव्यक्तिलाई रोचकता र मिठास दिने दृष्टान्त निम्न छन् :

चोर कथा

क) नानी तिमीले नै हो अदुवा चोरेको ? पृ.१

ख) मारुतीमा गुडेर आएको थियो पक्डाऊ पर्दा पनि । पृ.३

प्रयत्न कथा

क) उनलाई छोराको बिहे गरिदिन पाए छोरो पनि अलिक सप्रिन्थ्यो कि । पृ.७

ख) अब उनीहरूले दण्डनीति नै अपनाइ नहुने निष्कर्षमा पुगे । पृ.६

श्रद्धा सुमन कथा

क) परिवार नै सबै सकिएपछि पढाइ नै के पो बाँकी रह्यो र ? पृ.१४

ख) उनी पनि शोक र रोगले भ्रण्डै सिद्धिएका रे तर कसोकसो भाग्य रहेछ र बाँचे । पृ. १४

फर्किएर हेर्दा कथा

क) सहरको रमभ्रम गाउँबाट गएका मानिसहरूका लागि नयाँ नै हुन्छ । पृ. २४

ख) कुन मन्त्रीले उनका गाला चुमेनन् होला र । पृ.२६

उर्लिएको तरङ्ग कथा

क) हुन त चन्द्रकिरण भुँइमा पोखिँदा कसको पो मन नरमाउला र ? पृ.२८

ख) म लगानी उठाउन पारी गाउँमा जानुपर्ने भयो आउन अलिक ढिलो हुन्छ होला भात सब्जी तयार गरिदिनुहोस् है । पृ.३२

सार्थक सपना कथा

क) आमा पार्वतीबाट भएको असल संस्कारद्वारा नै नरेश अति नै भद्र र मेधावी विद्यार्थीको रूपमा चिनिन्थ्यो । पृ.१०२

ख) कृष्णबहादुरले केके सोधे को नि ? पृ. १०९

आड भरोसा कथा

क) उनको पढाइ त्यति धेरै त होइन, घरमै बाबुसँग गाउँका देवीप्रसादसँग कर्मकाण्ड सिकेर राम्रो कर्मकाण्ड सिकाउँथे । पृ.११४

ख) यस्तै भयो टीकारामको अवस्था पनि । पृ.११६

माथि रेखाङ्कन गरिएका निपातहरूद्वारा कथाकारले यस कथासङ्ग्रहमा समाविष्ट कथाहरूको भाषालाई अझ प्रभावकारी, रोचक, रसिलो, मिठासपूर्ण बनाउनुका साथै कथालाई मौलिक बनाइएको पाइन्छ ।

## संयोजकको चयन

दुई वा दुईभन्दा बढी वाक्य, उपवाक्य तथा पदहरूलाई जोड्ने शब्दलाई संयोजक भनिन्छ । यसले शब्द वा उपवाक्यलाई जोड्ने काम गर्दछ । संयोजकलाई योजक पनि भनिन्छ । प्रकार्यका दृष्टिले यो (संयोजक) वाक्यमा पद, पदावली, उपवाक्य आदिलाई जोड्ने बन्द समूहको अविकारी शब्दवर्ग हो (लम्साल, २०६८ : १११) । 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा प्रयोग भएका संयोजकका केही उदाहरणहरू निम्न छन् :

चोर कथा

क) त्यसमाथि पुलिसले दुई डण्डा र अरु दुई लात कस्यो । पृ.१

ख) उनले विवशतापूर्वक खरदारलाई बोलाएर रिपोर्ट तयार पार्न भने अनि आफू भने सोचाइको गहिराइमा सोचिरहे । पृ.३

प्रयत्न कथा

क) हुन त छोरो पनि थियो तर छोरो भएको र नभएको उनलाई कुनै अर्थ थिएन ।पृ.६

ख) केही समय सुधारगृहमा पनि लगेर राख्ने व्यवस्था मिलाइन् तर प्रवीणमा कुनै सुधार आएन । पृ.७

श्रद्धा सुमन कथा

क) उनी पनि शोक र रोगले भण्डै सिद्धिएका रे तर कसो कसो भाग्य दरो रहेछ र बाँचे । पृ.१४

ख) हातमा रहँदासम्म कुनै पनि वस्तु वा चिजलाई र सामिप्य रहँदासम्म कुनै पनि व्यक्तिलाई त्यति महत्वको ठान्दैन तर जब हातबाट कुनै चिज गुम्छ र व्यक्ति सामिप्यताबाट पर पुग्छ अनि उसको महत्व र गुण झल्कदै जान्छ हाम्रो समाजमा । पृ.१६

फर्किएर हेर्दा कथा

क) जीवन स्वच्छ, निस्फिक्री र आनन्दित थियो । पृ. २५

ख) अब काली र डल्लीहरू पनि उनीसँग खेल्न हिच्किचाउँथे भने उनलाई पनि ती मेरा साथीहरू हुन् भन्न संकोच लाग्थ्यो । पृ.२४

उर्लिएको तरङ्ग कथा

क) बरु खेतीमा लाउने पानी र खाने पानीको आपूर्तिमा सहयोग नै थियो खोलाबाट । पृ.३१

ख) ऊ लाजले रातो भई र पुलुक्क श्यामप्रसादको अनुहारतर्फ हेरी, श्यामप्रसादले पनि उसको अनुहार हेरे । पृ.३३

सार्थक सपना कथा

क) आफ्नो कारण कसैको ज्यान खतरामा पुग्यो भने ऊ अत्यन्तै दुःखी हुन्थ्यो । पृ.१०६

ख) जहाज उड्यो, कृष्ण र पार्वतीले पुनः हात हल्लाए तर नरेश भने देखिएन । पृ. १०७

आड भरोसा कथा

क) टीकारामको बिहे गरेको वर्ष दिन पनि बित्न नपाउँदै उसकी आमाको मृत्यु भयो । पृ.११४

ख) केही दिन आफन्तहरू कहाँतिर डुल्दै हिँडिन् तर धन भए पो सबैले राम्रो गर्थे । पृ.११७

माथि गाढा पारिएका शब्दहरू संयोजक हुन् । यस्ता संयोजकको प्रयोगले एउटै वाक्यमा पनि धेरै कुराहरू अँटाएका छन् । संयोजकको उपयुक्त प्रयोगले कथाको भाषालाई सुन्दर बनाएको छ ।

## द्वित्व शब्दचयन

शब्द रचनाको त्यस पद्धतिलाई दित्व भनिन्छ जसमा एउटा शब्दको पुनरावृत्तिको विधान गरिन्छ (शर्मा,२०४९ : १३९) ।

दुई शब्द वा शब्दांश दोहोरिएर शब्द बन्ने प्रक्रियालाई द्वित्व पक्रिया भनिन्छ । यो पूर्ण, आंशिक र आपरिवर्तित गरी तीन किसिमको हुन्छ । यस्ता शब्दले वीप्सा अर्थात् प्रत्येक वा व्याप्तिको अर्थ जनाउँछन् । यसले कृतिमा श्रुतिमधुरता, लालित्यता आदिजस्ता विशेष गुणहरू थपिदिन्छ । यस 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा प्रयोग भएका द्वित्व शब्दका केही उदारणहरू निम्न छन् :

चोर कथा

क) गोद्गोद् ! सालेलाई खुब अर्काले लगाएको बाली चोर्दो रहेछ । पृ.१

ख) यत्रायत्रा तिघ्रा हुनेलाई चोर्न लाज नहुने, हातखुट्टा भाँच्नुपर्ने । पृ.१

ग) ऊ उठ्न खोज्यो तर कुटाइ खाँदाखाँदा जीर्ण भएकाले उसको शरीर उठ्न सकेन । पृ.१

प्रयत्न कथा

क) तडकभडक र फेसनसोका कारण उनका छोराछारीहरू पनि कुबाटोमा हिँडेका थिए । पृ.६

ख) छोरीहरू सबैले आफूआफू केटो रोज्दै हिँडे । पृ.६

ग) बेलाबेलामा चिया पानी र खाना भने खुवाए । पृ.७

श्रद्धा सुमन कथा

क) चामल किन्यो तरकारी छैन, दाल किन्यो मरमसला सकिन्थ्यो । पृ.१५

ख) धनपति हिँडडुल गरिरहे पनि सानोतिनो जागिर थियो । पृ.१५

फर्किएर हेर्दा कथा

क) गाउँको पढाइको बलले बल्लतल्ल कक्षा १० सम्म उक्लिएकी सेन्ट अप परीक्षामा दुईदुई पटक पछारिएपछि उनको पढाइ बन्द भयो तर छोराछोरीको पढाइप्रति चिन्ता बोकेका अभिभावकहरूले भारततिरबाट सर्टिफिकेट किनेर ल्याइदिएर उनलाई क्याम्पसको गेट पास गराए । पृ. २५

ख) फेरिफेरि लुगा लगाउन पाउनु र फेरी फेरी ब्वाइफ्रेन्डसँग हिँड्न पाउनु नै उनले जीवनको उच्चतम उपलब्धि ठानेकी थिइन् । पृ.२५

उर्लिएको तरङ्ग कथा

क) चन्द्रमाको चन्द्रिका भुँइमा यसरी छताछुल्ल भएर पोखिँदा उनलाई कताकता आनन्दको अनुभूति हुन्छ । पृ.२७

ख) केहीबेरको गफगाफपछि हरिप्रसादले पूर्णिमाको नजिक हुँदै भने, “म तिमीसँग कही माग्न आएको ।” पृ.२८

सार्थक सपना कथा

क) सेन्ट जोसेफको हाइस्कुलमा टाढाटाढादेखिका विद्यार्थीहरू पढ्न आउँथे । पृ.१०२

ख) यसरी त्यो दिनको बेलुकी विभिन्न विषयहरूमा गफगाफ गरी एघार बजेतिर उनीहरू निन्दादेवीको शरणमा गए । पृ. १०६

आड भरोसा कथा

क) सानोसानो कुरामा पनि झगडा पर्न थाल्यो । पृ.११४

ख) परिसरमा कतै चालचुल थिएन । पृ.११८

माथि रेखाङ्कन गरिएका द्वित्व शब्दहरू हुन् । यहाँ गोद्गोद् !, यत्रायत्रा, खाँदाखाँदा, बेलाबेला, आफूआफू, फेरिफेरि, टाढाटाढा आदि शब्दहरू पूर्ण द्वित्व; मरमसला आदि आंशिक र तडकभडक सानातिना, गाफगाफ, बल्लतल्ल आदि आपरिवर्तित द्वित्वका रूपमा आएका छन् । यस्ता शब्दले यस कथासङ्ग्रहका कथाहरूलाई जीवन्तता प्रदान गरेको छ ।

## विस्मयादिबोधक चिन्ह (!) को प्रयोग

हर्ष, विस्मात, घृणा, आश्चर्य, जिज्ञासा, दुःख, निराशा आदि जस्ता मानवीय संवेदनाको भाव व्यक्त गर्दा विस्मयादिबोधक शब्दको प्रयोग गरिन्छ । मानवीय संवेदनालाई भाषिक रूपमा शब्दका सहयोगले प्रकट गर्न नसक्ने अवस्थाको भाषिक अभिव्यक्तिलाई जीवन्तता प्रदान गरी प्रभावकारी बनाउन विस्मयादिबोधक चिन्हको प्रयोग गरिन्छ । ‘फर्किएर हेर्दा’ कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा प्रयोग विस्मयादिबोधकका केही दृष्टान्तहरू निम्न छन् :

चोर कथा

क) गोद्.....गोद् ! सालेलाई खुब अर्काले लगाएको बाली चोर्दो रहेछ । पृ.१

ख) हजुर! निम र चिरैतोको झोल त कति खुवाइयो खुवाइयो केही सीप चलेन । पृ.१

प्रयत्न कथा

क) बिउ नै खराब भएपछि असल विरुवाको आश कसरी गर्नु ! पृ.७

श्रद्धा सुमन कथा

क) कविजी ! ए कविजी !! । चामलको गेडो छैन के पकाउनु हँ । पृ.१५

ख) लक्ष्मीको घरमा यस्तो दरिद्रता ! । पृ.१४

फर्किएर हेर्दा कथा

क) कुपुत्रो जायते क्वाचिदपि कुमाता नभवति भनेभैंm आमाको माया आफ्नो सन्ताबाट कहिले पो मरेको हुन्छ र! पृ. २६

उर्लिएको तरङ्ग कथा

क) त्यत्रो चालीस हजार, पचास हजार हामीले कसरी तिर्न सक्छौं र ! । पृ.२९

ख) आज कयौं केटीहरूलाई केटा माग्नै नआएर बुटिएर बस्नु परिरहेछ उनले सोचिन हे दैव! अब म के गरौं ? पृ.३०

सार्थक सपना कथा

क) कृष्णबहादुरले के के सोचे को नि! । पृ.१०९

आड भरोसा कथा

क) विचारा ! बुढेसकालमा स्वास्नी मरेर दुःख पाएको रहेछ पृ.१२१

ख) आखिर मानिसलाई धन सम्पत्तिले के पो गर्दो रहेछ र! पृ.१२१

माथिका रेखाङ्कित शब्दहरूले सम्बोधन, आश्चर्य भाव, घृणा, आशङ्का अफसोच वा पश्चतापको भाव व्यक्त गरेका छन् । जसले गर्दा कथाहरूमा व्यक्त भाषिक अभिव्यक्तिलाई जीवन्तता प्रदान गरी प्रभावकारी बनाएको छ ।

# विचलन र समानन्तरताका आधारमा ‘फर्किएर हेर्दा’ कथासङ्ग्रहको विश्लेषण

## विचलन

प्रचलित ढाँचालाई उलटपुलट गरेर सौन्दर्य प्रदान गर्ने कार्य नै विचलन हो (भण्डारी तथा नेपाल : ३५) ।

सामान्य भाषामा प्रयुक्त हुने सामान्य भाषिक नियमको अतिक्रमण अर्थात् मानवेतर प्रयोगलाई भनिन्छ (शर्मा, २०४८ : २८) यसमा भाषाको मानक रूपलाई अतिक्रमण गरेर भिन्न रूपले प्रयोग गरिन्छ तर यस्तो भाषिक अतिक्रमण सोद्देश्य र सार्थक हुन्छ । सर्जकले आफ्ना अभिव्यक्तिलाई भाषाका व्याकरिणक नियमको अतिक्रमण गर्दै भावानुकूल भाँचिएको भाषाको प्रयोग गर्न थाल्दछ । यस्तो मानकेत्तर भाषिक प्रयोगलाई नै विचलन भनिन्छ । साहित्यिक कृतिलाई विचलनले आलङ्कारिक बनाउँछ, जुन भाषिक प्रयोगले लक्ष्यार्थ तथा व्यङ्ग्यार्थमा प्रस्तुत गरी त्यसलाई श्रुतिमधुरता, भावमयता, आह्लादताको प्रभावकारी निष्पादन गर्दछ । यस्तो विचलन व्याकरण, शब्दभण्डार, अर्थको स्तरका साथसाथै समग्र शैलीमा समेत प्राप्त गर्न सकिन्छ । कृतिकारले आफ्नो कृतिलाई रोचक, कलात्मक, आह्लादकारी बनाउनका निम्ति सामान्यतयाः भाषामा कोशीय, व्याकरणिक, ध्वनिप्रक्रियात्मक आदि विचलन पाइन्छ । यस आधारमा फर्किएर हेर्दा’ कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ :

### कोशीय विचलन

सामान्य भाषिक प्रयोगमा कतै नआएका शब्दकोशमा नभएका शब्दहरूको प्रयोग गर्नुलाई नै कोशीय विचलन भनिन्छ । कोशमा प्रयुक्त शब्दहरूले मात्र सर्जकको भावाभिव्यक्तिको सामर्थ्यलाई वहन गर्न नसक्ने अवस्थामा रचनाकारले सौन्दर्य सङ्गतिका निम्ति कोशमा प्रयुक्त शब्दहरूको अतिक्रमण गरेर काव्यमा प्रंयोग गर्दछन् । यस्ता शब्दलाई सन्दर्भअनुसारको अर्थ लगाउन सकिन्छ । कोशीय विचलन भएका शब्दहरू प्रयोग भएका पाइँदैनन्।

### व्याकरणिक विचलन

लिङ्ग, वचन, पुरुष, काल, पदक्रम आदिमा देखिने विचलनलाई व्याकरणिक विचलन भनिन्छ । यस्तो विचलन पाठकलाई विशेष प्रभाव पार्न वा कृतिको गाम्भीर्यता बढाउनका निम्ति स्रष्टाद्वारा

आफ्ना कृतिमा गरिएको हुन्छ, साथै रचनाकार र व्याकरणिक बन्धनमा बाँधिएर रहन सक्दैन किनकि उसले आफ्नो अभिव्यक्तिलाई स्वच्छन्द किसिमले साहित्यिक सिर्जनामा व्यक्त गर्न चाहन्छ । 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा प्रयोग भएका व्याकरिणक विचलनका केही उदाहरणहरूलाई निम्नानुसार हेर्न सकिन्छ :

चोर कथा

क) हिजो अस्ति आएका पनि चोरकै केस, यो पनि चोरकै केस तर यी तीनओटा केसहरूमा आकाश जमिनको अन्तर । पृ.३

प्रयत्न कथा

क) छोरीहरूलाई गाउँकै साधारण स्कुलमा पढाएर छोरालाई चाहिँ महँगो अंग्रेजी स्कुलमा हालेका थिए उनले । पृ.६

श्रद्धा सुमन कथा

क) कलेजमा भर्खरै सुरु भएको पढाइ छाड्नुपर्ने बाध्यता भयो उनलाई ।   पृ.१४

फर्किएर हेर्दा कथा

क) लागिहाले पनि जान्छन्, अर्कै गन्तव्यतिर । ? पृ.२४

ख)उनी आजभन्दा करिब चालीस वर्ष अघि सहर पसेकी पृ.२४।

उर्लिएको तरङ्ग कथा

क) एकै परिवारझैं बसेका थिए, यी दुई परिवार । पृ. २७

ख) कोही लोग्ने मानिससँग बोल्यो भने पनि उसको चियोचर्चो र टीकाटिप्पणी हुन्थ्यो समाजमा । पृ. २८

सार्थक सपना कथा

क) मेडिकल साइन्स पढ्नु चानचुने कुरा होइन, प्रतिभा, धनसम्पत्ति र मेहनतका कारणले पनि । पृ. १०३

आड भरोसा कथा

क) सासू टोकुई भनेर धेरैले भने ग्रह कडा भएकी रहिछे, अब यसले टीकाराममलाई पनि खान्छे भने कतिले । पृ.११५

ख) यस्तै थियो टीकारामको भित्री अवस्था । पृ.११५

उपर्युक्त सबै पङ्तिहरूमा व्याकरणिक विचलन अन्तर्गत पदक्रम विचलन भएको छ । पदविन्यासको प्रचलित अनुक्रम कर्ता, कर्म र क्रियाको क्रमिक प्रयोग हो र यस नियमको उल्लङ्घन गर्दै भग्नाक्रम अर्थात् क्रमान्तरणको प्रक्रियाद्वारा शैलीको विशिष्ट स्वरूपलाई प्रस्तुत गरिएको हुन्छ । यहाँ प्रयोग गरिएका क्रम विचलनको स्वरूप सार्थक र सोद्देश्यपूर्ण देखिन्छ ।

## ध्वनिप्रक्रियात्मक विचलन

भाषिक उच्चारका क्रममा देखापर्ने विचलनलाई ध्वनिप्रक्रियात्मक विचलन भनिन्छ । भाषिक शब्दको मानक स्वरूपभन्दा भिन्न कथ्य रूपले स्थानीय रूपसँग नजिक भई उच्चारण हुनु ध्वनिप्रक्रियात्मक विचलन हो । अथात् भाषाको खास एकाइको मानक प्रयोगसँग स्पष्ट रूपमा देखिने अन्तर हो । यसलाई वर्णगत विचलन पनि भनिन्छ । कथाकारले मानक ध्वनिलाई मात्र प्रयोग नगरेर लोकजीवनमा प्रयुक्त कथ्य रूपका शब्दहरूलाई प्रयोग गरी आफ्नो भावाभिव्यक्तिलाई तिख्खर, आकर्षक र प्रभावकारी बनाएका हुन्छन् । 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूका कतिपय पङ्तिहरूमा ध्वनिप्रक्रयात्मक विचलन भएको पाइन्छ । यसका केही दृष्टान्तहरू निम्न छन् :

चोर कथा

क) भीड एक मुख लागेर करायो उठ् एई साले !

ख) तीन दिनदेखि उसका पेटमा खानेकुरा त परै जावोस् पानी पनि राम्रो परेको थिएन । पृ.१

श्रद्धा सुमन कथा

क) लोग्ने मान्छे भएपछि यसो हेर्नुपर्छ नि भा'को नभा'को ।  पृ.१४

उर्लिएको तरङ्ग कथा

क) हैन मलाई पनि सम्पतिको रेखदेख गर्न गाह्रो भयो, छोराहरू राजधानीतिरै बस्ने भइहाले । पृ. २४

ख) एक दिन मालिकले भने "एई तिमेरु नाति हजुरआमा त्यो पारि गाउँमा जाओ र ऋण उठाएर ल्याओ, ऋण आजै त नदेलान् भाखा काटेर आउनू । पृ. ३२

आड भरोसा कथा

क) उनका गालामा लगाइएका रुद्राक्ष र तुलसीका मालाले धर्मका साक्षी बनेका र'छन् । पृ.१०३

उपर्युक्त उदाहरणहरूमा रेखाङ्कन गरिएका शब्दहरूमा ध्वनिप्रक्रियात्मक विचलन भएको पाइन्छ । ध्वनिप्रक्रियात्मक विचलित शब्द त्यसको मानक रूपलाई निम्नानुसार हेर्न सकिन्छ ।

| विचलित शब्द | मानक शब्द |
|---|---|
| एई | ओई, |
| भा'को | भएको |
| नभा'को | नभएको |
| हैन | होइन |
| तिमेरु | तिमीहरू |
| र'छन् | रहेछन् |

## अर्थतात्त्विक विचलन

अर्थको सन्दर्भमा देखापर्ने विचलनलाई अर्थतात्त्विक विचलन भनिन्छ । अर्थतात्त्विक विचलनबाट लक्षणात्मक, व्यञ्जनात्मक र प्रतीकात्मक अर्थ आउने गर्दछ । साहित्यमा कोशीय अर्थात् मानक अर्थको अतिक्रमण नै अर्थतात्त्विक विचलन हो । शब्दले दिने निश्चित खास अर्थ अर्थात् सोझो अर्थ अभिधा अर्थ हो, जुन मानक अर्थ हुन्छ । कथाकृतिमा भावाभिव्यक्तिका क्रममा देखिने विचलन वैयक्तिक गुण विशेष तथा साहित्यिक धारा विशेष गरी विविध प्रकारका हुन्छन्, जुन सार्थक र उद्देश्यपूर्ण हुन्छ । 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूका कतिपय पङ्तिहरूमा अर्थतात्त्विक विचलनयुक्त भाषिक प्रयोग गरिएको पाइन्छ । जसका केही उदाहरणहरूलाई यहाँ प्रस्तुत गरिएको छ :

प्रयत्न कथा

क) सानैदेखि होस्टेलको कडा अनुशासनमा बसेको उसलाई दुई/चार दिन घर जान पाउँदा ऊ फुकेको बँधुवा गाईझैं हुन्थ्यो । पृ.६

ख) आमाबाबुको आचरण ठिक नभएपछि सन्तान कसरी सुध्रिन्छ र! बीउ नै खराब भएपछि असल विरुवाको आश कसरी गर्नु ? पृ.७

श्रद्धा सुमन कथा

क) उनी पनि शोक र रोगले झण्डै सिद्धिएका रे तर कसोकसो भाग्य दरो रहेछ र बाँचे । पृ.१४

फर्किएर हेर्दा कथा

क) कुन नेता र अभिनेताहरूले उनीसँग रात बिताएनन् होला र ?

उर्लिएको तरङ्ग कथा

क) उनको सोचाइ कहिले घर उत्तरतर्फ देखिने अग्लो डाँडोभैंmं अग्लिँदै जान्थ्यो भने कहिले दम्स्याइलो हुँदै ओरालिएर मैदान बन्न पुग्थ्यो । पृ. २७

ख) दिन र रात हुँदै समय साटिइरहेको थियो । पृ. २७

सार्थक सपना कथा

क) एडमिसन र आंशिक फिमा केही रकम छुट भए तापनि त्यहाँ चाहिने उपकरण आंशिक फि र एडमिसनमा लाग्ने केही रकमले कृष्णबहादुर र पार्वतीको ढाड नै सेकाएको थियो । पृ. १०३

आड भरोसा कथा

क) उनले मस्तिष्कमा बोकेका उनका आफन्तहरूको नामलाई काँकडभिट्टामा भजाउन खोजे तर ती नामहरू त्यहाँ बिकेनन् । पृ.१२०

यी 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूका प्रयुक्त अर्थतात्त्विक विचलन उदाहरणहरूलाई निम्नानुसार विश्लेषण गरिएको छ :

- प्रयत्न कथामा कडा अनुशासनबाट बाहिर आउनुलाई फुकेको बधुँवा गाईसँग सादृश्य गरिएको तथा आमाबाबुको आचरणलाई खराब बिउको संज्ञा दिनु,
- श्रद्धा सुमन कथामा भाग्यलाई मूर्त रूपमा प्रयोग गर्नु,
- फर्किएर हेर्दा कथामा रात बिताउनुलाई लाक्षणिक रूपमा खराब चरित्र भन्ने अर्थमा प्रयोग गर्नु,
- उर्लिएको तरङ्ग कथामा अमूर्त सोचाइलाई मूर्तभैंmं अग्लिने र मैदानमा मिल्ने अर्थमा प्रयोग गर्नु तथा समयलाई साट्ने वस्तुको रूपमा प्रयोग गर्नु,
- सार्थक सपना कथामा ढाड सेकाउनुलाई लक्ष्यार्थमा प्रयोग गर्नु,
- आड भरोसा कथामा नामलाई पैसामा बिक्ने वस्तुका रूपमा प्रयोग गर्नु ।

यी 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमाा प्रयुक्त अर्थतात्त्विक विचलनका केही उदाहरण मात्र हुन् । यस्तो विचलन कथाहरूमा प्रशस्त पाइन्छ, जसले गर्दा कथाको भाषा आलङ्कारिक तथा लाक्षणिक बनाएको छ ।

## समानान्तरता

समानान्तरताले समान तत्त्वहरूको पुनरावृत्तिलाई जनाउँछ। यसलाई भाषाका विभिन्न एकाइ र तहभित्र प्रकटित भएको देख्न सकिन्छ । विचलनले अनियमितता वा प्रचलित मानकलाई उल्लङ्घन गरेर अभिव्यक्तिमा आकर्षण पैदा गर्छ भने समानान्तरताले भाषाको प्रयोगमा अझ नियमितता सृजना गरेर आकर्षण बढाउँछ। त्यसैले यो विचलनको ठिक विपरीत ध्रुव हो। साहित्यिक कृतिमा समानान्तरताको भाषिक लक्षण पुनरावृत्तिको नियमितताको रूपमा देखापर्दछ । छन्दको प्रयोगमा ध्वनिको समानान्तरता वा अनुप्रास अलङ्कारको प्रयोगमा समान उच्चारणको पुनरावृत्ति पाइन्छ । त्यसैले पुनरावृत्ति भाषिक एकाइहरूमा र अर्थको स्तरमा देख्न सकिन्छ । तसर्थ समानान्तरता आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन् (शर्मा, २०४८ : २८)।

यसरी समानान्तरता भाषा प्रयोगमा देखिने नियमित पुनरावृत्ति भएको हुनाले बाह्य संरचनामा वर्ण, शब्द, वाक्यजस्ता भाषिक एकाइमा र आन्तरिक रूपमा अर्थगत तहमा देखापर्दछ । समानान्तरताको प्रयोग छन्द, अलङ्कार र तुकबन्दीमा बढी प्रयोग हुने हुनाले भाषिक अभिव्यक्ति कलात्मक र आकर्षक बन्दछ।

### वाह्य समानान्तरता

एक वा एकभन्दा बढी ध्वनि, शब्द, रूप, पदावली, वाक्य आदिको नियमित पुनरावृति गरी सौन्दर्य सृजना गर्ने युक्तिलाई बाह्य समानान्तरता भनिन्छ (शर्मा, २०५९ : ३७)

यो भाषामा पुनरावृत्ति मूलतः वर्ण, शब्द, रूप, पद,पदावली र वाक्य तहमा हुने गर्दछ । कृतिकारद्वारा आफ्नो भाषिक अभिव्यक्तिलाई आकर्षक तुल्याउन शब्द वैचित्र्य वा शब्दालङ्कारका रूपमा बाह्य समानान्तरताको प्रयोग गरिएको हुन्छ । 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा पनि बाह्य समानान्तरताको प्रयोग भएको पाइन्छ। जसका केही उदाहरणहरू निम्न छन् :

चोर कथा

क) विचरो ऊ यता न उता जताततै लड्थ्यो। पृ.१

ख) ठानामा लगेर उसलाई सबै पुलिसहरूले पालैपालो कुटेपछि उसलाई इलाका कार्यालयमा चलान गरियो? पृ. १

प्रयत्न कथा

क) विवाह र विवाह पश्चातका पारस्परिक कार्यहरू क्रमश हुँदै गए तर आफ्नो श्रीमान् प्रवीणको क्रियाकलाप देखेर नवविवाहिता दुलही निक्कै दुःखी भइन् । पृ.७

ख) सुरु-सुरुमा सासू बुहारीले अलग-अलग रूपमा प्रवीणलाई सम्झाए । पृ. ८

श्रद्धा सुमन कथा

क) कविजी! ए कविजी! चामलको गेडो छैन के पकाउनु हँ? पृ.१४

फर्किएर हेर्दा कथा

क) बाल सखाहरूसँग धुलो खेलेको वनमा नाचेको र कुदेको दृश्य उनको दिमागमा आज पर्यन्त हटेको छैन । ? पृ.२४

उर्लिएको तरङ्ग कथा

क) कहिले हलुवा कहिले चाउ-चाउ कहिले भुटेको चिउरा कहिले के कहिले के । पृ. ३१

ख) सबै खेततिर लागेका थिए कसैको धान काट्ने, कसैको खलो बनाउने, कसैको बिटा लगाउने, कसैको आलुबारी, तोरीबारी बनाउने काम थियो । पृ. ३२

सार्थक सपना कथा

क) आफ्नो पेन्सनबाट आएको रकम र व्यापारबाट कमाएको रकमलाई पनि आफ्नो सामान्य घर खर्चमा लगाएर अरु रकम उनले छोराको पढाइमा नै लगाएका थिए । पृ. १०२

आड भरोसा कथा

क) छोराबुहारीको आफ्नै संसार छ, बुढाको बेग्लै संसार । पृ.१२१

माथिका उदाहरणहरूमा प्रस्तुत गरिएका वाक्यहरूमा स्वनिम, शब्द, पद, पदावली आदिको पुनरावत्तिबाट बाह्य समानान्तरताको सिर्जना भएको छ । पुनरावृत्ति भएको छ । यी बाह्य समानान्तरताका केही उदाहरण मात्र हुन् । यस कथामा प्रशस्त मात्रामा बाह्य समानान्तरता पाइन्छ ।

## आन्तरिक समानान्तरता

भावार्थ वा वाच्यार्थको पुनरावृत्ति गरी कृतिको वा रचनाभित्र सौन्दर्य सृजना गर्ने युक्तिलाई आन्तरिक समानान्तरता भनिन्छ (भण्डारी तथा नेपाल, २०६७ : ३७) । यो अग्रभूमि निर्माण गर्ने महत्त्वपूर्ण उपकरण भएको हुनाले यसले वाक्यमा निहित आक्षरिक सौन्दर्यको उद्घाटन गर्दछ ।

अलङ्कार, विम्व, प्रतीक, रस आदिका माध्यमबाट काव्यकृतिको भाषामा आन्तरिक समानान्तरता उद्घाटित हुने हुनाले यसले वाक्यात्मक तहको अर्थगत पक्षलाई प्रकट गर्दछ । सर्जकले आफ्नो कृतिमा आन्तरिक समानान्तरताको प्रकटीकरण गरी कृतिको भाषालाई आकर्षक, प्रभावकारी र कलात्मक तुल्याएका हुन्छन् । 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा आन्तरिक समानान्तरताको सृजना गरी अग्रभूमि निर्माण गरिएको पाइन्छ । यस काव्यमा रहेको आन्तरिक समानान्तरताको केही उदाहरणहरूलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका सङ्ख्या १३

| क्र.स. | उदाहरण | आन्तरिक समानान्तरताको स्पष्टीकरण | कथा र पृष्ठ |
|---|---|---|---|
| क. | आज यो चोर जसले आफ्नो पेटका लागि चोऱ्यो, खान नपाएर चोऱ्यो, पाँच केजी अदुवा चोऱ्यो तर दसीसहित पक्डा परेकाले गाउँलेदेखि पुलिससम्मको चुटाइले थिल्थिलियो । | आफ्नो पेटका लागि र खान नपाएर एउटै अर्थ (चोर्नुको कारण) का रूपमा आएका छन् । | चोर : ३ |
| ख. | होस्टलमै बस्दा पनि कोठामा बिजुलीका बल्बहरू फुटाउने, गमलाहरू तोड्ने, भित्तामा जे पायो त्यही लेख्ने काममा केटाहरू उकास्थ्यो र आफू पनि लाग्थ्यो । | यी रेखाङ्कित पदावली बिगार गर्ने एउटै अर्थमा प्रयोग भएका छन् अर्थात् आशयको पुनरुक्ति भएको छ । | प्रयत्न कथा : ६ |
| ग. | मानिसको हातमा रहँदासम्म कुनै पनि वस्तु वा चिजलाई र सामिप्य रहँदासम्म कुनै पनि व्यक्तिलाई त्यति महत्व ठान्दैन तर जब कुनै चिज गुम्छ र व्यक्ति सामिप्यताबाट पर पुग्छ उसको महत्व र गुण झल्कँदै जान्छ हाम्रो समाजमा । यस्तै भएको थियो लक्ष्मीको परिवारमा पनि । | यहाँ हातमा रहनु र सामिप्यता रहनु एउटै अर्थमा प्रयोग भएका छन् । | श्रद्धा सुमन : २६ |
| घ. | समय हो, बग्दै जान्छ, बित्तै जान्छ । छोडिदै | रेखाङ्कित पदावलीहरू समय | फर्किएर |

| | | | |
|---|---|---|---|
| | जान्छ। | व्यतीत हुने एउटै अर्थमा आएका छन्। | हेर्दा :१५ |
| ङ. | दिन र रात हुँदै समय साटिरहेको थियो। हप्ता, महिना र वर्ष गर्दै समय हिँडिरहेको थियो। | यहाँ पहिलो भनाइ पुष्टिका लागि दोस्रो भनाइ आएको छ। | उर्लिएको तरङ्ग : २७ |
| च. | यसै क्रमभित्र दिन, हप्ता, महिना हुँदै वर्ष वर्ष बिते। घाम, झरी, बादल, वर्षा, जाडो हुस्सु, शीत, हुँदै समय बितिरहेको थियो। | दुवै वाक्य समय बितेको एउटै अर्थमा प्रयोग भएका छन्। | सार्थक सपना : १०६ |
| छ. | उनको मनमा कताकता त्यो मानिसप्रति माया पलाएर आयो, दया लागेर आयो। | यहाँ माया पलाउनु र दया लागेर आउनु एउटै अर्थका लागि प्रयोग भएको छ। | आड भरोसा : १२१ |

यसरी 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूमा आन्तरिक समानान्तरताको सृजना गरी भाषालाई आकर्षक, प्रभावकारी र कलात्मक तुल्याएका हुन्छन्।

## अध्याय : छ

## निष्कर्ष तथा उपसंहार

'फर्किएर हेर्दा' कथासङ्ग्रह झापाली स्रष्टा कथाकार विनोद खनालद्वारा लेखिएको सामाजिक यथार्थवादी, मनोवैज्ञानिक, प्रयोगवादी कथाहरू समाविष्ट एक उत्कृष्ट कथासङ्ग्रह हो । वि.सं. २०१८ मा हालको रोङ गाउँपालिका-१ मा जन्मनु भई हाल मेचीनगर नगरपालिका झापामा स्थायी रूपमा बसोबास गर्दै आउनुभएका कथाकार खनालको चौतारी कथासङ्ग्रह २०७२ सालमै प्रकाशित भइसकेको छ । २२ वटा कथाहरू र पाँच लघुकथाहरू समावेश गरिएको उनको 'फर्किएर हेर्दा' कथासङ्ग्रहको  शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा चोर, प्रयत्न, श्रद्धा सुमन, फर्किएर हेर्दा, उर्लिएको तरङ्ग , सार्थक सपना र आड भरोसा गरी ७ वटा कथाहरूको कथानक र पात्रका आधारमा शैलीवैज्ञानिक अध्ययन विश्लेषण र शैलीविज्ञानका प्रमुख मान्यताहरू चयन, विचलन र समानान्तरताका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्र 'फर्किएर हेर्दा' कथासङ्ग्रहको कथाहरूको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा पहिलो अध्यायमा शोधको परिचय अन्तर्गत विषयप्रवेश, समस्याकथन, शोधकार्यको उद्देश्य, अध्ययनको औचित्य र महत्व अध्ययनको सीमाङ्कन तथा अध्ययनको रूपरेखा प्रस्तुत गरिएको छ । यस शोधपत्रको दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखालाई प्रस्तुत गरिएको छ । तेस्रो अध्याय शोधकार्यको विधि र प्रक्रिया उल्लेख गरिएको छ । यो शोधकार्य गर्दा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ भने अनुसन्धानका निम्ति प्राथमिक स्रोतका रूपमा 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट निर्धारित कथाहरूलाई लिइएको छ । अन्य विभिन्न पत्रपत्रिकामा प्रकाशित समीक्षात्मक लेख र विभिन्न शोधपत्रहरूलाई द्वितीय स्रोतका रूपमा लिइएको छ ।

शोधको चौथो अध्यायमा कथानक र  पात्रका आधारमा आधारमा 'फर्किएर हेर्दा' कथासङ्ग्रहमा समाविष्ट चोर, प्रयत्न, श्रद्धा सुमन, फर्किएर हेर्दा, उर्लिएको तरङ्ग, सार्थक सपना र आड भरोसा कथाहरूको शैलीवैज्ञानिक विश्लेषण गरिएको छ । शैलीवैज्ञानिक अध्ययनको क्रममा उपर्युक्त कथाहरूको कथानकको तथ्याङ्कलाई बुँदागत रूपमा प्रस्तुत गर्दै फेटागको कथानक विश्लेषण सिद्धान्त अनुसार विश्लेषण गर्ने प्रयास गरिएको छ । उक्त कथाहरूमा भएका पात्रहरूलाई शैलीवैज्ञानिक तालिकाद्वारा प्रष्ट पारिएको छ । यसै अध्यायमा भाषाको आधारमा शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ । सो क्रममा चयनका आधारमा तत्सम, तद्भव र आगन्तुक तीन ओटै स्रोतबाट आएका शब्दहरूको चयन गरिएको छ । शब्दवर्गको आधारमा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, विस्मयादिबोधक, निपात र संयोजकको चयन गरिएको छ । उपर्युक्त

कथाहरूमा प्रयुक्त विचलन अन्तर्गत व्याकरणिक, ध्वनिप्रक्रियात्मक र अर्थतात्विक विचलनको अध्ययन विश्लेषण गरिएको छ भने समानान्तरता अन्तर्गत आन्तरिक र बाह्य समानान्तरताको पनि अध्ययन विश्लेषण गरिएको छ ।

## अध्ययनको उपयोगिता

कुनै पनि साहित्यिक कृतिको वस्तुगत र भाषिक अध्ययनका लागि शैलीवैज्ञानिक अध्ययनको आवश्यकता पर्दछ । यसले साहित्यिक कृतिको भाषिक पक्षको भाषावैज्ञानिक अध्ययन विश्लेषण गर्दछ । शैलीविज्ञानले साहित्यिक भाषाको माध्यमबाट कृतिको वस्तुगत मूल्याङ्कन गर्दछ । यो साहित्यिक कृतिको संरचना, बुनोट, बनोट आदिको विश्लेषणसँग सम्बन्धित भएकाले भाषाका माध्यमबाट कृतिमा अन्तर्निहित कला सौन्दर्य तथा साहित्यिकताको समेत उद्घाटन गर्ने काम शैलीविज्ञानले गर्दछ । शैलीविज्ञानले साहित्यकारका शैलीगत विशिष्टताको भाषातात्त्विक विश्लेषणसमेत गर्दछ । शैलीवैज्ञानिक ढङ्गले कृतिको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरेको खण्डमा बाह्य प्रभावका आधारमा मात्र रचनाको मूल्याङ्कन नगरी आन्तरिक तहसम्म पुगेर कृतिभित्रका कुराहरूलाई विश्लेषण गर्न सकिने हुनाले संगठित, व्यवस्थित र वस्तुगत अध्ययन विश्लेषणका लागि शैलीवैज्ञानिक अध्ययनको महत्त्व रहेको देखिन्छ ।

'फर्किएर हेर्दा' कथासङ्ग्रहको कथाहरू मध्ये चोर, प्रयत्न, श्रद्धा सुमन फर्किएर हेर्दा, उर्लिएको तरङ्ग, सार्थक सपना र आड भरोसा शीर्षक कथाहरूलाई वैज्ञानिक, वस्तुगत र व्यवस्थित अध्ययन, विश्लेषण गरिएकाले यो शोधकार्य विभिन्न पक्षहरूका लागि उपयोगी देखिन्छ । यो शोधकार्य कुनै पनि साहित्यिक रचनाको शैलीवैज्ञानिक अध्ययन गर्न चाहने अध्येताका लागि उपयोगी हुन्छ । यस शोधकार्यबाट कथाकारलाई आफ्नो कृति सम्बन्धी पृष्ठपोषण प्राप्त हुनुका साथै कथाहरूको भाषिक पक्षको बारेमा आँकलन गर्न उपयोगी हुन्छ ।

## भावी अनुसन्धान पक्ष

प्रस्तुत शोधकार्यले शैलीविज्ञानसँग सम्बन्धित विषयका अनुसन्धान गर्न चाहने भावी अनुरसन्धान कर्तालाई महत्वपूर्ण सहयोग पुग्दछ । अतः भावी अनुसन्धानकर्तालाई अनुसन्धानका लागि निम्नलिखित अनुसन्धानका शीर्षकहरू उपयोगी बन्न सक्छन् ।

क) 'चौतारी' कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन,

ख) 'दश कथा' कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन,

ग)'हाउडी पुराण' निबन्धसंग्रहको शैलीवैज्ञानिक अध्ययन,

# सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज (२०६२), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : रत्न पुस्तक भण्डार।

.....................................(२०६६), *समसामयिक नेपाली व्याकरण,* (पाँचौ संस्करण) काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ओझा, रामनाथ (२०६६), *सामान्य भाषा विज्ञान,* काठमाडौं : बाङ्मय प्रकाशन गृह ।

खनाल विनोद (२०७४), *फर्किएर हेर्दा,* झापा : विज्ञान खनाल ।

ढकाल, शान्तिप्रसाद (२०६७), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौं :शुभकामना बुक्स एन्ड स्टेशनरी ।

ढुङ्गाना, तुलसीप्रसाद (२०६५), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौं : सुजता प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५९), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

थापा, नरेन्द्र प्रकाश (२०६९), *अन्तर्व्यथा आजको कथासङ्ग्रहमा समाविष्ट कथाहरुको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा ।

पोखरेल, बालकृष्ण(२०४०), *बृहत नेपाली शब्दकोश,* काठमाडौं : ने.रा.प्र.प्र.।

बन्धु, खेम कोइराला र रामप्रसाद गौतम (२०६५), *अनुसन्धान विधि,* काठमाडौं : दीक्षान्त

भट्टराई, नारायण (२०७२),*'बाटुली' पत्रकाव्यको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा ।

भट्टराई, नुरज (२०७५) *फर्किएर हेर्दा कथासङ्ग्रहभित्र छिर्दा,* जनआन्दोलन साप्ताहिक, वर्ष २०, अङ्क १६ ।

भट्टराई, रामप्रसाद (२०६५), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : शुभकामना प्रकाशन

भण्डारी, अम्बिका, (२०७५) *फर्किएर हेर्दा मैले जे देखें* लोकतन्त्र दैनिक, वर्ष ४, अङ्क १११ ।

भण्डारी, पारसमणि (२०६३), *स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण,* काठमाडौं : हिरा बुक्स इन्टरप्राईजेज ।

.......................... र शक्तिराज नेपाल (२०६७) *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

राजवंशी, गीताकुमारी (२०७३), *सङ्कल्पमा समाविष्ट कथाहरुको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा ।

लम्साल, रामचन्द्र (२०६८), *नेपाली भाषा र व्याकरण* (तेस्रो संस्करण), काठमाडौं : सनलाइट पब्लिकेशन ।

शर्मा, मोहनराज (२०५३), *शब्दरचना र वर्णविन्यास,* काठमाडौं : नवीन प्रकाशन ।

....................(२०५९), *शैलीविज्ञान,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा पतिष्ठान ।

.................... र खगेन्द्रप्रसाद लुइटेल (२०६३), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (दोस्रो संस्करण), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

# व्यक्तिगत विवरण



नाम : चम्पादेवी खनाल

जन्ममिति : वि.सं. २०२१/०९/१०

पिता : स्व. जयनारायण खनाल

माता : स्व. अयोध्यादेवी खनाल

स्थायी ठेगाना : कनकाई नगरपालिका वडा नं. ३, सुरुङ्गा

सम्पर्क नं. : ९८४२६५६३५६

राष्ट्रियता : नेपाली

धर्म : हिन्दु

पेशा : शिक्षण

मातृभाषा : नेपाली

पति : स्व. लक्ष्मण सुवेदी

शिक्षा

| क्र.स. | तह | अध्ययन गरेको संस्था | बोर्ड | साल |
|---|---|---|---|---|
| १. | प्रवेशिका | श्री कनकाई माध्यमिक विद्यालय, सुरुङ्गा | एस.एल.सी बोर्ड नेपाल | २०३७ |
| २. | आई.एड. | श्री धनकुटा बहुमुखी क्याम्पस, धनकुटा | त्रि.वि. | २०४७ |
| ३. | बी. एड. | श्री महेन्द्ररत्न बहुमुखी क्याम्पस, ताहाचल | त्रि.वि. | २०५२ |
| ४. | एम.एड. | श्री कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा | त्रि.वि. | अध्ययनरत |